नेपालमा

कमैया प्रथा भित्र बाँधा मजदुर

समर्पण



प्रकाश काफ्ले प्रति श्रद्धान्जली सहित,
(२००९ पुस ११ - २०४९ श्रावण १६)

नेपालमा

कमैया प्रथा भित्र बांधा मजदुर

अनौपचारीक क्षेत्र सेवा केन्द्र (इन्सेक)
काठमाण्डौं, नेपाल, पो. बं. नं २७२६
फोन नं: २७०७७०, २७२२६७

पहिलो संस्करण: २०४९, कार्तिक
२००० प्रति

सर्वाधिकार : इन्सेकमा सुरक्षित

मूल्य रु : २०/-

टाइप सेटीङ्ग

जनार्दन घिमिरे
किरण माली
निदेश कोईराला
सन्तोष प्याकुरेल

आवरण

ठाकुर ढकाल

मुद्रक

अल्फा अफ्सेट प्रेस,
कुपण्डोल, काठमाण्डौ
नेपाल

Digitized By: Bimal Chandra Sharma

प्राक्कथन

करिव ११ महिनाको प्रयास पछि वर्दिया, कैलाली र कन्चनपुर जिल्लाहरुमा "वांधा मजदुरलाई चिन्हित" गर्नको लागि गरिएको अध्ययन प्रतिवेदन तयार भएको छ ।

इन्सेकका अगुवा तथा निर्देशक प्रकाश काफ्लेको प्रत्यक्ष अगुवाइ र संलग्नतामा यो अध्ययन प्रारम्भ गरिएको थियो । प्रतिवेदनलाई अन्तिम रुप दिनु भन्दा केहि समय अघि मात्र हवाई दुर्घटनामा परी वहांको देहावशान भएकोले हामीले प्रतिवेदनलाई परिमार्जित गर्ने काममा वहांको योगदान र नेतृत्व पाउन सकेनौं ।

नेपाल अधिराज्यको प्रजातान्त्रिक सम्विधानमा वांधा राख्न नपाउने कुरा उल्लेख भएको तथा संयुक्त राष्ट्र संघको घोषणपत्रको धारा ४ अनि विभिन्न सन्धी तथा सम्विदाहरुले कुनै पनि स्वरुपमा देखिने "वांधा" हरुको विमुक्ति हुनु पर्ने उल्लेख भएको छ । यसै सन्दर्भमा नेपालमा विशेष गरी सुदुर पश्चिमान्चलको "थारु" जनजातिको वसोवास भएका जिल्लाहरुमा "कमैया" को रुपमा वांधा रहेका चर्चाहरु विभिन्न संघ संस्था एवम् पत्र पत्रिकाका माध्यमवाट प्रचारमा आएका हुन् । तर ती "कमैया" हरुलाई कसरी वर्गिकरण गर्ने र कस्लाई "वांधा" नै भन्नु पर्ने भन्ने वारे यकिन गर्न नसकिएको स्थिति रहेको सन्दर्भमा पनि "वांधा" हरु वारे वैज्ञानिक वा प्रामाणिक रुपमा यकिन गर्न सकिएन भने उनीहरुको विमुक्ति पनि अलमलिएर रहने स्वभाविक हुन जान्छ । यस्तो स्थिति रहनु भनेको मानव अधिकारको स्पष्ट उंलघन हुनु हो । यिनै तथ्यवाट प्रेरित भएर इन्सेकले यो अध्ययन गरेको छ ।

निश्चय पनि अध्ययन पछि विभिन्न तथ्य र तथ्याङ्कहरु हामीले प्राप्त गरेका छौं । हाम्रो अध्ययनको मूख्य उद्धेश्य नै नेपालमा विभिन्न स्वरुपमा "वांधा" हरु अझै विद्यमान छन्, र तिनको विमुक्तिको लागि प्रयत्नहरु गर्न सरकारी र गैर सरकारी संघ संस्थाहरु अगाडी आउन प्रेरित हुन् भन्ने रहेको हो । हामीले, मात्र तीन जिल्लामा अध्ययन गरेर नेपाल भरीको "वांधा" हरु वारे यकिन वृतान्त त दिन सकिदैन नै, यति मात्रै हैन हामीले गरेको अध्ययनवाट आएका तथ्याङ्कहरु पनि शतप्रतिशत सही छन् भन्न पनि हामी सक्दैनौ, तर हाम्रो देशको सन्दर्भमा पनि "वांधा" छन् वा छैनन् र तिनको स्थिति कस्तो छ भन्ने जानकारी लिन भने यस प्रतिवेदनले केही मात्रामै भए पनि सघाउने छ । संक्षेपमा भन्ने हो भने हामीले हाम्रो अध्ययनको परिणामलाई "वांधा" हरुको मुक्तिको लागि जनचासो जगाउने काममा एउटा खुड्किलो वा प्रारम्भिक कामको रुपमा लिएका छौं ।

हामीलाई विश्वास छ यो प्रतिवेदनले "बाँधा" हरुका वीचमा र अन्य जनजाति अनि कृषि क्षेत्रमा कामगर्ने मजदूरहरुको हितको लागि काम गर्ने संघ-संस्थालाई भने

अध्ययन वा कामको थालनीको लागि एउटा आधार भने दिएको छ । आशा छ यसतर्फ सम्बन्धित क्षेत्रहरु अग्रसर हुने छन् ।

अन्त्यमा यो अध्ययनको लागि जिल्लाहरुमा जानु भएका श्रीप्रसाद मूर्ख, श्री नविन चन्द्र शर्मा र श्री प्रमोद काफ्ले, जसको नेतृत्वमा दर्जनौको संख्यामा स्थानीय वासिन्दाले अध्ययनको लागि सघाए, हरु सबैलाई धन्यवाद दिन चाहन्छु । तीन जिल्लाको बेग्ला बेग्लै प्रतिवेदनलाई एकीकृत गरी प्रस्तुत गर्ने काममा महत्वपूर्ण योगदान गर्नुहुने श्री पवन कुमार ओझा एवम् हजारौंको संख्यामा भरिएर आएका फर्महरुलाई कम्प्युटर प्रशोधन गर्ने एभरेष्ट कम्प्युटर सर्भिसका कार्यकर्ताहरु र ती सम्पूर्ण तथ्याङ्कहरुको विश्लेषण गरी सहयोग गर्नु हुने तथ्याङ्कविद श्री राम रिसाल, इन्सेकका प्रोग्राम मनिटर शिवहरी दाहाल लगायत अन्य सहयोगी कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छौं तथा तयार पारिएको प्रतिवेदनलाई पुस्तकको रुपमा प्रकाशित गर्ने क्रममा सम्पादन कार्य गरी सहयोग गर्न हुने संजय थापा र यस कामको लागि आर्थिक श्रोत जुटाइदिने डेनिश संस्था "डेनिडा" प्रति आभार व्यक्त गर्न चाहन्छौं ।

पुनः एकचोटी प्रतिवेदनका पाठकलाई आफ्नो अमूल्य सुझाव दिई हामीलाई आगामी दिनहरुमा अगाडि बढ्न प्रेरणा प्रदान गरिदिन हुन विनम्र अनुरोध गर्न चाहन्छु ।

धन्यवाद !

सुशील प्याकुरेल
संयोजक, इन्सेक


नेपाल
१
२
३
सर्वेक्षण गरिएका जिल्लाहरू
१. कन्चनपुर
२. कैलाली
३. बर्दीया

विषय-सूची

पेज न.

प्राक्कथन

नेपालको नक्सा

१. अध्ययनको परिचय १

१.१ आवश्यकता १
१.२ लक्ष्य २
१.३ परिकल्पना ३
१.४ अध्ययन क्षेत्र ४
१.५ अनुसन्धान पद्धति ४
१.६ अध्ययनको क्रममा देखापरेका कठिनाई ५
१.७ अध्ययन कार्यको विश्वसनीयता ७

२. नेपालको सामान्य परिचय ८

२.१ भौगोलिक स्थिति ८
२.२ ऐतिहासिक झलक ९
२.३ आर्थिक अवस्था ९
२.४ प्राकृतिक श्रोत र साधन १०
२.५ जनसंख्या र सामाजिक संरचना ११
२.६ कानूनी प्रणाली १२
२.७ परराष्ट्र नीति १३

३. नेपालको भूमि प्रथामा नि:शुल्क श्रम १४

३.१ कमैया र भूमि १४
३.२ भूमि व्यवस्थाको स्वरुप १४
३.३ भूमि सुधार २०

४	नेपालमा रोजगारका अवसरहरु	२२
४.१	रोजगारका अवसर	२२
४.२	रोजगारका अवसरहरुको कमी	२३
५.	अध्ययन क्षेत्र परिचय	२४
५.१	वर्दिया	२४
५.२	कैलाली	२७
५.३	कंचनपुर	२९
५.४	थारु जनजीवनको सामान्य परिचय	३१
६.	कमैया प्रथाको उत्पत्तिका कारणहरु	३७
६.१	कमैयाको परिभाषा	३७
६.२	दास प्रथाको अन्त्य	३७
६.३	कमैया र जवर्जस्ती श्रम	३८
६.४	कमैया हुन पर्ने बाध्यता	३८
६.५	कमैया प्रथाको मान्यताका कारणहरु	३९
६.६	कमैया प्रथाको शुरुवातका संभावित कारणहरु	४१
७.	कमैया राख्ने तरीका	४२
७.१	कमैया पूर्णत: श्रमिक हो	४२
७.२	कमैया राख्ने प्रकृया	४२
७.३	स्थापित शर्तहरु	४३
७.४	कमैया र सामाजिक मर्यादा	४३
७.५	कमैयाले गर्नु पर्ने काम	४४
७.६	कमैयाका प्रकार	४४
७.७	कमैयाको स्तर	४५
७.८	कमैया र मालिक वीचको सम्बन्ध	४५
७.९	कमैया र मालिकका अधिकार र कर्तव्य	४५
८.	कमैयाको कामको समय, पारिश्रमिक र सुविधा	४६
८.१	कामको समय	४६
८.२	पारिश्रमिक: विघा	४६
८.३	कमैया र बुकरही	४९
८.४	मस्यौरा	४९

९. कमैया र सौंकी ५१

९.१ सौंकी लिन पर्ने कारण ५१
९.२ सौंकीको हिसाव ५१
९.३ सौंकीमा व्याज ५२
९.४ सौंकी र कमैया ५२
९.५ सौंकी बढ्ने कारण ५२
९.६ सौंकी र बाँधा ५३

१०. तथ्यांकले देखाए अनुसार कमैयाको स्थिति ५४

१०.१ अन्तवार्ता गरिएका कमैयाको संख्या ५४
१०.२ कमैयाको उमेर ५४
१०.३ कमैयाको समयावधि ५५
१०.४ कमैयाको रुपमा प्रवेश गर्ने उमेर ५७
१०.५ कमैयाको सम्पति ५८
१०.६ साक्षरताको स्थिति ५९
१०.७ कमैयाको परिवार ६१
१०.८ कमैया र मालिक वीच सम्वन्ध, व्यवहार ६८
१०.९ मस्यौरा र विघा ७०
१०.१० कमैयालाइ आवश्यक पर्ने खर्च ७२
१०.११ कमैया र सौंकी ७३
१०.१२ कमैया र खाद्यान्न ७६
१०.१३ कमैयाको स्वास्थ र परिवार नियोजन ७७
१०.१४ कमैयाले जानेको शीप ७८
१०.१५ कमैयाबाट मुक्त हुने चाहना ७९

११. कमैयाको स्थितिको विश्लेषण ८०

११.१ अत्यधिक काम र कामको समय ८०
११.२ पारिश्रमिक तथा सुविधा ८०
११.३ सम्झौता गर्ने क्षमता ८२
११.४ नियन्त्रणको मात्रा र स्वतन्त्रताको स्थिति ८३
११.५ वल प्रयोगको स्थिति ८३
११.६ कमैयाको खरिद विक्री ८४
११.७ वांधा र कमैया ८५
११.८ कमैया र मानव अधिकार ८५

१२. निष्कर्ष तथा सुझाव ८७

सहायक ग्रन्थ सामाग्रीहरु ९०

अनुसूची ९१

१. कमैया वसी जिवीकोपार्जन गर्ने जातिहरु ९१
२. कमैया वसेका व्यक्तिहरुको दर्दनाक इतिहास ९३
३. तमशुक १०६
४. कमैया प्रथा बारे विभिन्न व्यक्तिहरुको टिप्पणी १०७
५. मूक्तिको चाहना १०७
६ अध्ययन गरिएका गा. वि. स. हरुको नाम १०८

शव्दावली (थारु शव्दहरु) ११०

कमैया सम्बन्धी केही तथ्यहरु

१. अध्ययनको परिचय

१.१ आवश्यकता

नेपालमा दास प्रथा अठ्सट्ठी वर्ष अघि उन्मूलन भएपछि मानिसले मानिसको शोषण गर्ने प्रथाको अन्त्य भएको सबैले थाहा पाएको कुरा हो । सन् १९४८ मा नेपाल सरकारको वैधानिक कानूनले दास प्रथाको उन्मूलनको पहिलो आधिकारिकता दियो । तत्पश्चात बनेका हरेक संविधानले मानिसले मानिसलाई कुनै किसिमको शोषण गर्ने, मानव मात्रको कलंकको रुपमा दास बनाउने र मानिसको बेचविखन गर्ने जस्ता कुरामा पूर्ण प्रतिवन्ध लगाएका छन् र सो अनुसार नै देशमा अरु कानून बनेका छन् र सिद्धान्ततः समाज पनि चलिरहेको छ । यस्तो संवैधानिक र सैद्धान्तिक आदर्शको स्थिति हुँदाहुँदै पनि देशमा मानिसको शोषण गर्ने क्रम विविध प्रकृया र पद्धतीद्वारा जारी नै रहेको छ । यस्ता विभिन्न माध्यम मध्य पश्चिमी नेपालको तराईमा प्रचलित कमैया प्रथा, शोषणको प्रभावकारी माध्यमको रुपमा सर्वत्र चर्चित एवं आलोचित रहेको पाइन्छ । यद्यपि यस प्रथालाई समाजले मान्यता प्रदान गरेको र यो प्रथा नभएमा त्यस भेकको जनजीवन तथा आर्थिक कृयाकलापमा व्यापक प्रतिकुल प्रभाव पर्ने छ भन्ने तर्क पनि कतिपयको छ, तैपनि यस प्रथाको आडमा शोषणले बलियो जरो गाडेर बसेको छ भन्ने कुरा चैं पक्कै हो ।

एकातर्फ विभिन्न सभा, सेमीनार र गोष्ठीमा, कमैया प्रथा वांधा मजदुरको पूर्ण स्वरुप हो भनेर तर्क उठाउदै आएको पाइन्छ भने कमैया प्रथाको अनिवार्य आवश्यकता बारे पनि त्यस भेगका प्रवुद्ध, धनवान एवं बुजुर्गहरुले वकालत गरी आएको र त्यसको पक्षमा आवाज उठाएको पनि पाइन्छ । त्यसैले यतिवेला कमैया प्रथा शोषण या वांधा मजदुरको प्रतिक हो कि होइन भन्ने प्रश्न जवर्जस्त रुपमा उठेको छ र राष्ट्रको सामु चुनौतिको रुपमा, विचारणीय कुरा भएर सबैको सामु उभिएको छ ।

नेपालको शहरी क्षेत्रहरुमा विकास या सभ्यताको स्तर केही उठेको जस्तो देखिए पनि गाउको जनजीवन, पुरातन, रुढीग्रस्त, गरीवी, अशिक्षा जस्ता मानवियताका शत्रुहरुको चंगुलमा नै रहेको छ । नेपालको जनजीवनको प्रायः सम्पूर्ण हिस्सा (९१% भन्दा माथि) कृषिमा आधारित रहेको छ र कृषि कार्य आजसम्म पारम्परिक र अविकसित

तरिकाले गरिन्छ । यसका निमित्त आवश्यक पर्ने उन्नत विउ, उन्नत मल, उन्नत प्रविधी, जानकारी, दक्ष जनशक्ति तथा पानीको परिपूर्ति नहुन्जेलसम्म यसमा सुधारको अपेक्षा गर्न सकिदैन । हरेक मानिसमा आधुनिक र विकसित मानसिकता र आवश्यकताको वस्तु परिपूर्ति नहुन्जेल सुधार हुने संभावना पनि देखिदैन । पुरातन पद्धती नै शोषण तर्फ उन्मूख हुने या प्रवृत्त गराउने पद्धति हो । कमैया प्रथा यस्तै पुरातन पद्धती हो जसले अति कम पारिश्रमिकमा, जग्गावालाको इच्छा र शर्त अनुसार उनीहरुको पूर्ण नियन्त्रणमा श्रम आपूर्ति गर्दछ ।

सरसर्ती हेर्दा नै कमैया प्रथामा वांधा मजदुरका गुणहरु देखिन्छन् तर पनि यस बारे कसैले प्रमाणका साथ ठोकुवा गरेर यसै भन्न सकेको पाइदैन । यस बारे विभिन्न गैर सरकारी संस्थाहरुद्वारा आंशिक अध्ययनहरु भएका छन्, विभिन्न मञ्चमा कार्य-पत्रहरु प्रस्तुत भएका छन् र धेरै समाज-सेवीहरुले खास खास तथ्य र घटनाक्रमहरु प्रस्तुत गरेका छन् । पंचायती व्यवस्थाको समयमा श्री ५ को सरकारले गराएको एक अध्ययनबाट कमैया प्रथा वांधा मजदुर प्रथाको रुपमा देखिएको छ । उक्त अध्ययन पश्चिम नेपालका ७, ८ जिल्लामा गरिएको भए पनि त्यसमा कतिपय कुराहरु प्रष्ट छैनन् ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र मानव अधिकारका निमित्त काम गर्ने संस्था भएको र कमैया प्रथा अन्तर्गत मानव शोषण भएको छ भन्ने कुरामा पर्याप्त विश्वास गर्नु पर्ने कारणहरु विद्यमान देखेर र यस बारे अध्ययन गर्नु पर्ने आवश्यकता देखेर कमैया प्रथामा वांधा मजदुरहरुको पहिचान गर्ने परियोजना शुरु गरिएको थियो ।

१.२ लक्ष्य

अनौपचारिक क्षेत्र सेवा केन्द्रले अध्ययनको थालनी गर्नु पूर्व निश्चित लक्ष्य बनाएको थियो । मानव अधिकारको निमित्त कार्य गर्ने यस संस्थाले नागरिक तथा राजनैतिक अधिकारलाई मात्र कार्यक्षेत्र नबनाई शोषित, पीडित वर्गको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको निम्ति पनि कार्य क्षेत्र बनाई सो अनुरुप कमैया प्रथा अन्तर्गत वांधाको स्थितिमा काम गर्ने शोषित पीडित मानिसको मानव अधिकार के कुन रुपमा कुन हदसम्म उल्लंघन भएको छ भन्ने कुरामा काम गर्नु यसले आफ्नो प्राथमिक क्षेत्र बनायो । नेपालको सम्पूर्ण क्षेत्रमा कृषि कार्यको निम्ति मानिसहरुले हरुवा, चरुवा राख्ने प्रथा चल्दै आएको छ । तर कमैया प्रथा यी सवैभन्दा फरक भएकोले र पश्चिमका जिल्लाहरुमा कमैया प्रथाको बढी प्रचलन भएकोले अनौपचारिक क्षेत्र सेवा केन्द्रले पश्चिमी क्षेत्र छानेको हो । त्यसमा पनि सबै भन्दा बढी कमैया प्रथा भएका जिल्लाहरु दाङ, बर्दीया, कैलाली र कञ्चनपूर हुन् भन्ने पनि पहिले गरिएका अध्ययनहरुले देखाएका छन् । कमैया प्रथा पश्चिमी नेपालका धेरै जिल्लाहरुमा

प्रचलित छ । यस प्रथाको प्रमुख श्रोत मानिने दाङ देउखुरी जिल्लाका बारेमा धेरै अध्ययन भएका छन् । खास गरी दाङमा नर्वेजियन चर्चएडले कार्य गरी रहेको छ । कुन कुन जिल्लामा यो प्रथा छ र कुन स्वरुप र परिमाणमा छ भन्न एकै चोटी नसकिने भएकोले केही जिल्लाहरुमा अध्ययन गरेर यस प्रथा अन्तर्गत वांधा मजदुरका तत्व विद्यमान भए नभएको पहिल्याउनु, वांधा मजदूर प्रमाणित भै सकेपछि, संविधानले दिएको निर्देशन अनुरुप वांधा मजदूरको निम्ति कानून बनाउन सम्बन्धित क्षेत्रलाई अनुरोध गर्नु, पहिचान भएका वांधाहरुको उद्धार कार्यक्रम अनुगमनको रुपमा लैजाने भन्ने सोचाईको आधारमा तयार गरिएको योजनाको अंगको रुपमा संचालन गरिएको यस अध्ययनको उद्देश्य वांधा मजदुरहरुको स्वरुप, आकार र परिमाण र गम्भीरताको पहिचान गर्नु रहेको छ । पूर्ण योजनाको लक्ष्य निम्न रहेको छ :

(क) कमैया प्रथाभित्र बाँधा मजदुरको स्थिति छ छैन भनेर पहिचान गर्ने,

(ख) शोषित पीडित कमैया वा बाँधाको रुपमा रहेका कमैयाको हकहित संरक्षणका निमित्त कानून निर्माण गर्न पहलकदमी लिने,

(ग) कमैया तथा मालिकहरुमा सचेतन बृद्धि तथा सम्बन्धित निकायको ध्यान आकर्षण गर्ने र

(घ) कमैयाको उद्धार गर्ने ।

१.३ परिकल्पना

अनौपचारिक क्षेत्र सेवा केन्द्रले कमैया प्रथा भित्र बाँधा मजदुरको स्थिति पहिल्याउन निम्न आधार लिएको छ :-

(क) अत्यधिक काम र कामको समय

(ख) पारिश्रमिक तथा सुबिधा

(ग) करार गर्ने क्षमता

(घ) नियन्त्रणको मात्रा र स्वतन्त्रताको स्थिति

(ङ) बल प्रयोगको स्थिति

(च) कमैयाको खरिद विक्री

१.४ अध्ययन क्षेत्र

कमैया प्रथा व्यापक क्षेत्रमा प्रचलन हुने हुँदा र सबै क्षेत्रको अध्ययन संभव नहुने र एकै चोटी गर्ने लक्ष्य पनि नभएकोले एउटा युक्तियुक्त अध्ययन क्षेत्र निर्धारण गर्न आवश्यक भयो । यस्तो क्षेत्र निर्धारण गर्दा सजिलै अध्ययन गर्न सकियोस्, अध्ययनले कमैयाको घनत्व भएको मूल क्षेत्रलाई ढाकोस तथा अध्ययन नतीजा समुच्चा कमैया प्रथाको वास्तविक स्वरुप देखाउन सक्षम होस् भन्ने दृष्टिकोणलाई प्राथमिकता दिइएको थियो । एउटा जिल्लाको अध्ययनले कमैयाका विविध जात जातिहरु समेटिन सक्तैनन् भन्ने धारणा पनि बन्यो । अधिकांश कमैयाहरु तराई मुलका थारु जातिहरु नै हुन्छन् भन्ने निष्कर्ष कमैया सम्बन्धी विभिन्न अध्ययनबाट जानकारी हुन आएकोले र नयाँ मुलुक भनिने क्षेत्रमा नै थारुहरुको बसोवास धेरै देखिएकोले "न धेरै सानो क्षेत्र न धेरै ठूलो क्षेत्र" भन्ने आधारमा पश्चिम तराईका बर्दिया, कैलाली र कंचनपुर जिल्ला अध्ययनका लागि छानिएका हुन् । यी जिल्लामा नै कमैयाको वास्तविक स्वरुप र घनत्व बढि छ भन्ने अनुमान लगाई यस क्षेत्रको अध्ययनको नतीजाले एक अधिकारिक स्वरुप दिने छ भन्ने सोचाई राखिएको छ ।

१.५ अनुसन्धान पद्धति

अध्ययनको उद्देश्य क्षेत्र र प्रकृतिको दृष्टिबाट फिल्डमा गै कमैयासंग सम्पर्क राखी उनीहरुबाट विवरण लिनु नै उत्तम अध्ययन पद्धति भनेर निश्चित गरियो । कमैया राख्ने किसान पनि यस प्रथाका अभिन्न अंग भएकोले उनीहरुको विचार, धारणा प्रतिविम्वित भएमा अध्ययनमा पूर्णता आउछ भन्ने दृष्टिकोण लिइएको थियो । यसका निमित्त कमैया र मालिकका निमित्त छुट्टा छुट्टै प्रश्नावलीको नमूना तयार गरिएका थिए । प्रत्येक जिल्लाको निमित्त एक-एक जना फिल्ड अनुसन्धान अधिकृतको प्रवन्ध गरिएका थिए । प्रत्येक अधिकृतले आफूलाई खटाएको जिल्लामा आवश्यक मात्रामा अन्तर्वार्ताकार छानी उनीहरुलाई २ दिने तालीम दिई प्रश्नावलीको उत्तर लिने काम गराए । यस्ता अन्तरवार्ताकारमा त्यहींको भाषा बुझ्ने, बोल्ने र स्थानिय समस्या एवं व्यवहारसंग परिचित स्थानिय व्यक्तिहरु (कतिपय शिक्षक, सामाजिक कार्यकर्ता) लाई राखिएकोले प्रश्न गर्न र उत्तर लिन सजिलो परेको थियो । बर्दिया जिल्लामा ९१८५ जना, कैलाली जिल्लामा ६९६४ जना र कंचनपुर जिल्लामा १५७९ जना कमैयाको अन्तरवार्ता लिइ तथ्य संकलन गर्ने कार्य गरिएको छ । अनुसन्धान अधिकृतले त्यस्ता अन्तर्वार्ताकारलाई वरावर निर्देशन दिने गरी सच्याउने काम पनि गरे साथै कामको मूल्यांकन पनि गरे । यस वाहेक अनुसन्धान अधिकृतहरुले जिल्लाका स्थानीय प्रतिष्ठित वुद्धिजीवी, समाज-सेवी, शिक्षक, मजदुर, राजनैतिक पार्टी तथा सामाजिक कार्यकर्ता, प्रशासकहरु तथा गाउका भलाद्मीहरु समेतसंग छलफल गरी समस्याको तहसम्म पुग्ने र समाधानका उपायहरु पनि संकलन गरे साथै कमैया पत्ता लगाउने

काममा पनि सुझाव तथा सहयोग लिए । अनुसन्धान अधिकृतले दिएको अवलोकन प्रतिवेदन, संकलित तथ्यहरुको विश्लेषण र आवश्यक अन्य सामग्रीहरुको अध्ययन र संकलन गरी यो पुस्तक तयार गरिएको छ । अनुसन्धान अधिकृतहरुले पेश गरेका आ-आफ्ना प्रतिवेदन मुख्यतया निम्न विषयमा आफुले क्षेत्रमा पाएका र संकलित तथ्यमा आधारित छन् :

(क) कमैयाहरु कुन कुन गा.वि.स.मा कति छन् ।

(ख) कमैया भइ जीवन निर्वाह गर्नु पर्ने के के कारण हुन् ।

(ग) कमैयाहरुलाई ज्याला दिने तरिका, कामको अवधि र उनीहरु माथि के कस्ता दवाव र शोषण हुन्छ तिनको वर्गीकरण कस्तो छ ।

(घ) कमैयाहरुले भोग्नु पर्ने मुख्य मुख्य कठिनाईहरु के के हुन् ।

(ङ) कमैया वंशानुगत रुपमा कति पुस्ता देखि कार्य गर्दैछन् ।

(च) कमैयाले कति सम्म ऋण लिएका हुन् ।

(छ) कमैयाको चेतना स्तर कस्तो किसिमको रहेको छ ।

(ज) कमैया बाँधा मजदुर सरहको स्थितिमा छन् वा छैनन् ।

(झ) कमैयाहरुको विकास गर्न र अस्वस्थ्य कमैया प्रथा हटाउन के के उपायहरु गर्नु पर्ने हुन्छ ।

१.६ अध्ययन क्रममा देखापरेका कठिनाई

कमैया पत्ता लगाई प्रश्नको उत्तर लिनु सजिलो कार्य थिएन । कमैया पत्ता लगाउनका निमित्त स्थानिय शिक्षक वुद्धिजिवीहरु, भद्र भलाद्मीहरु, सामाजिक कार्यकर्ता तथा पार्टीका नेता तथा कार्यकर्ता एवं मजदुरहरुले प्रशस्त सहयोग पु-याए । कमैयाहरु अबुझ, अनपढ, खुलेर बोल्न डराउने र मालिकहरुको असहयोग भएकोले कार्य गर्न निकै कठिनाई उत्पन्न ग-यो । मोटामोटी रुपमा अध्ययन क्रममा निम्न अडचनहरु देखा परे :

(क) सवै व्यक्तिहरु नचिनिने हुँदा, को कमैया हुन्, को होइनन्, पहिल्याउन र संख्या तोक्न असजिलो भयो ।

(ख) जग्गा धनीहरुले आफु कहाँ भएका कमैयाहरुसंग भेटघाट गर्न, कुरा गर्न, अन्तर्वार्ता लिनमा विभिन्न तरीकाले अवरोध पैदा गर्ने र शंका उपशंका

उत्पन्न गराइ अन्तरर्वार्ता लिन आउनेलाई झर्को लगाउने, अलमल्याउने, कुरा गर्न नदिने गर्न निम्न काम गरी सही जवाफ लिनमा वाधा पुग्यो ।

(१) जग्गा धनीले कमैया नचिन्हाइ दिने १, २ जना मात्र देखाएर अरुलाई लुकाउने, छल्ने,

(२) जग्गा धनीहरु अन्तर्वार्ता क्रममा उपस्थित भै कमैयालाई बोल्न धक पारी दिने, वीच वीचमा कुरो काट्ने, अलमल्याउने, जवाफ परिवर्तन गर्न दवाव दिने,

(३) जग्गा धनीहरुबाट कमैयाले दिएका जवाफहरु पढ्न खोज्ने, गोपनियता भंग गर्न खोज्ने, कमैयाहरुलाई, "के के सोधे, के भनिस" भनेर दुःख दिने ।

(४) कमैया बताउन सक्तैनन् हामी बताइ दिन्छौ भनी कमैयाको ठाउँमा आफैले बताउने र कमैयालाई सांचो कुरा नभन्न दवाव दिने ।

(५) अन्तर्वार्ता लिन आउने संग भेटघाट गर्न आवश्यक छैन, जे गर्नु पर्ने सरकारले गर्दछ र यस्ता फाराम भर्ने धेरै आए गए केहि हुने वाला छैन भनी भेटघाट हुन नदिइ भडकाउने ।

(६) फाराम भरेर फर्किएको थाहा पाएपछि कमैयालाई आतंकित पार्ने ।

(ग) कमैयाहरुमा मालिकको कुरा भनेमा भोलि केहि गरी हाल्छ कि भन्ने डर व्याप्त भएकोले सही जवाफ दिन अनकनाउने, नभन्ने ।

(घ) दिउसो कामबाटै फुर्सद नहुने हुँदा जाडोमा धेरै अवेर राती मात्र कमैयासंग फुर्सत मिलाइ प्रश्नोत्तर गर्दा समय नपुग्ने ।

(ङ) यस्ता प्रश्नको जवाफ दिएर केहि हुने होइन भनेर कतिपय कमैयाले वेवास्ता गरी जवाफ दिन नमान्ने ।

(च) जवाफ प्रष्ट संग बताउन नसक्ने ।

(छ) जति सोधेको छ त्यसको ठीकसंग चाहिएको मात्र उत्तर दिन नसकी घुमाएर लामो कुरा गर्ने,

(ज) प्रश्न पत्रहरुमा सबै कुरा भर्न नभ्याउने,

(झ) एक गाउँबाट अर्को गाउँमा जान बरावर हिंड्नु पर्ने हुँदा समयमा पुग्न नसकिने जसले गर्दा समय नपुग्ने, धेरै पटक जान नसकिने,

(ञ) मालिकहरुलाई जवाफको निमित्त बोलाउदा नआउने, घरमा जादा भेट नदिने, भेटिए पनि जवाफ नदिने ।

यी वाहेक अन्य धेरै कठिनाईको सामना गर्नु परेको र चाहे जस्तो तथ्य संकलन हुन नसक्ने अवस्था हुँदा हुँदै पनि घर घरमा पुगी दु:ख सहेर, यतिसम्म कि रातको १२ बजेसम्म काम गरी टुकी वालेर सही कमैया पत्ता लगाइ अन्तर्वार्ता लिइएको छ । धेरै कमैयाहरुले आफ्नो वेदना कहन तछाड मछाड गर्ने, एकान्तमा र एक्लै भेटेर आफ्नो कुरा बताउन आउने गरेको हुनाले पनि तथ्यहरु सत्यताको नजिक छन् भन्ने ठान्नु पर्छ ।

१.७ अध्ययन कार्यको विश्वसनीयता

अध्ययन कार्य आफैमा जटील, केही हदसम्म जोखिम-युक्त पनि थियो । यत्रो ठूलो संख्याको थोरै समयमा तथ्य संकलन गर्नु पर्ने र असजिलो र अप्ठ्यारा मानिसको विषयमा जानकारी लिनु पर्ने कार्य आफैमा चुनौतियुक्त रहेको प्रष्ट छ । अत: यो प्रतिवेदनले कमैयाको सम्पूर्ण र आधिकारिक सूचना दिने छ भन्ने दावी गर्न सकिँदैन । विषय वस्तुको जानकारी राख्ने कसैले पनि यस कुरालाई समर्थन गर्ने छ । तर पनि कमैयाको वारेमा यस प्रतिवेदनले निश्चित हदसम्म जानकारी दिन्छ र निश्चित चित्र दिन्छ भन्ने कुरोमा भने विश्वास लिन सकिन्छ ।

२. नेपालको सामान्य परिचय

२.१ भौगोलिक स्थिति

दक्षिण एशियाको उत्तरमा अवस्थित विशाल हिमालय पर्वत श्रृंखलाको काखमा रहेको नेपालको ८३% भुभाग ६१० मीटर देखि ८८३९ मीटर अग्ला पहाडले ढाकेको छ । यस मध्येको ३३% भूभाग अति विकट, सगरमाथा लगायत ४८७७ मीटर भन्दा अग्लो उच्च शीखरहरु सहितको हिउले ढाकेको क्षेत्र पर्दछ । बाँकी ५०% भूभाग पनि ज्यादै कठिन, पूर्व पश्चिम श्रृखला भएको महाभारत पहाडहरुद्वारा भरिएको छ । यस क्षेत्रको कुल १२% जग्गा मात्र खेती योग्य छ । तराइको कुल १७% भूभागको ४०% मा खेती हुन्छ । नेपालका पहाडहरु - हिमालय, महाभारत र शिवालिक चुरे श्रृंखला जस्ता क्रमश: उत्तर देखि दक्षिण तर्फ अवस्थित छन् र सबै समानान्तर तवरबाट पूर्व-पश्चीम फैलिएका छन् । पहाडको जनसंख्या ५६.४% र तराईमा ४३.६% छ । पहाडको तुलनामा तराई सुविधाजनक, सुगम तथा उब्जनीको दृष्टिबाट मलिलो भएकोले तराई तर्फ बसाइ सर्ने प्रवृत्तिको कारणले त्यहाँ जमीनको अनुपातमा जनसंख्या बढी हुनु स्वाभाविकै हो । नेपालका प्रमुख उब्जनीमा धान, मकै, गहु, तोरी, उखु, चिया, सनपाट, भटमास, लगायत विभिन्न छन् ।

नेपाल सानो देश भए पनि भू वनौटको विषमताले गर्दा विश्वका विभिन्न हिस्सामा पाइने उष्ण वन्धीय हावापानी देखि लिएर अति चिसो हावापानी (tropical, mesothermal, micro-thermal, taiga and tundra) सम्म यहाँ पाइन्छ । नेपालमा हिन्द महासागारबाट बहने मनसुनी हावाले गर्मी महिनामा जेठदेखि भाद्रसम्म पानी पार्दछ । नेपालको खेतीको मूल आधार यही बर्षा हो । नेपालको उच्चतम तापक्रम ४३ डिग्री सेन्टीगेड हो भने न्यूनतम - १४ डिग्री सेन्टीग्रेड (नाम्चे वजारमा) हो । नेपालको सबै प्रमुख नदीहरु उत्तरबाट दक्षिण तर्फ बग्दछन् । तिनमा कोशी, गण्डकी, कर्णाली नदी समूह प्रमुख छन् । नदीहरु हिमाल प्रदेशबाट आउने हुँदा सधै भरी तिनमा पानी रहिरहन्छ ।

२.२ ऐतिहासिक झलक

पृथ्वी नारायण शाहले नेपालको एकीकरणको अभियान थाल्नु अघि नेपाल बाइसे चौविसे जस्ता स-साना राज्यमा विभाजित थियो । सबै राज्यमा भुरे टाकुरे राजा रजौटाको शासन थियो । एकीकरण पश्चात नेपालमा शाहवंश, राज्यको प्रमुख हुदै आएको छ । वर्तमान राजा एघारौं पुस्ताका राजा हुन् । पृथ्वी नारायण शाहको छोराको पालादेखि नै नेपालमा सत्ताका निमित्त अनेकौं षडयन्त्र भए । त्यसैले यहाँ विकासको प्रयास भएन । केवल सत्ता हत्याउने र त्यसलाई कसरी सुदृढ पार्ने भन्ने नै शासन गर्नेहरुको लक्ष्य रह्यो । राणा जंग बहादुरले सत्ता षडयन्त्रको लडाइमा कमजोर भएका राजालाई आफ्नो वसमा पारेर, कोतको नर संहार गरेर राणा वंशको जहानिया शासनको थालनी गरे । पारिवारिक राणा शासनमा शासकले जनताको हितका कुरा गर्नु परेन । देशको राजस्व आफ्नो र आफ्नो परिवारको हितमा नीजी सम्पत्ति सरह मनलागी तवरबाट खर्च गर्नाले नेपालीहरु अविकसित, अशिक्षित, रुढीग्रस्त, अज्ञानता जस्ता विकृतीको जालोमा बेरिइरहे । जंग बहादुरले सत्ता कब्जा गरेको लगत्तै शुरु भएको "राणा तन्त्र" विरोधी संघर्ष, संगठित, असंगठित रुपमा चलिरहयो । लखन थापाको विद्रोह देखि १९९७ साल सम्मको संघर्षलाई दवाउन सफल भएको राणा शासन अन्तमा, ढलेरै छाड्यो । राणाशाही समाप्त भएर नेपालमा प्रजातन्त्रको स्थापना भयो । राजा स्वयंले गणतान्त्रिक संविधानको कुरा गरे पनि यथार्थमा राजाको वैधानिक नायकत्वमा पश्चिमी संसदीय प्रजातान्त्रिक पद्धती शुरु गर्ने भन्नेमा सिद्धान्ततः सहमती भयो । सोही अनुसार अन्तरीम शासन विधान २००७ अनुसार शासन चलाइयो । नेपाल अधिराज्यको संविधान २०१५ अनुसार भएको पहिलो आम चुनावबाट दुई तिहाई वहुमत ल्याएर नेपाली कांग्रेसले बनाएको सरकारलाई सत्ताच्यूत गरी १९६० (२०१७ साल) मा व्यक्तिवाद र निर्दलियताको आधारको पारम्परिक पंचायत व्यवस्थाको शुरुवात भयो । सो व्यवस्थाले ३० वर्षसम्म निरंकुश रुपमा शासन गऱ्यो । निरन्तर संघर्षको उच्चतम रुप, जन विद्रोहको कारण २०४६ सालमा नेपालमा प्रजातान्त्रिक व्यवस्थाको पुनः स्थापना भयो ।

२.३ आर्थिक अवस्था

नेपालको अर्थतन्त्र कृषि माथि आधारित छ । कूल राष्ट्रिय आयमा कृषिको शेयर र जनशक्तिको खपत तथा निर्भरताले कृषिको प्राधान्यता सिद्ध गर्दछन् । देशको कूल राष्ट्रिय आयमा कृषिको हिस्सा घट्दै गए पनि त्यसको भूमिका अझै पनि प्रमुख छ । कूल राष्ट्रिय आयमा, कृषिको हिस्सा १९७४/७५ मा ७०% थियो भने १९८५/८६ मा ६२% रहेको छ । वर्तमानमा कृषिले निर्यातको ७५% स्थान ओगटेको छ भने ८० प्रतिशत भन्दा बढी जनशक्ति यसैले खपत गराउँदछ । कृषि माथि निर्भरताको स्थिति

यस्तो हुंदा हुंदै पनि कृषिमा सुधार हुन सकेको छैन । कृषिको पद्धती पुरातन नै रहेको छ । कृषि प्रणालीलाई आधुनिक गर्न सकिएको छैन । कृषिका निमित्त आवश्यक सामग्री उन्नत विउ, मल, पानी र ज्ञानको पर्याप्त कमी छ । खेतीबाट उत्पादन बढाउन नसकेकोले जीवनस्तर उठ्न सकेको छैन ।

मुलुकमा औद्योगिकरणको लागि गरिएको प्रयास अपर्याप्त छ । त्यसैले उद्योगको क्षेत्रमा जुन हदमा विकास हुन पर्ने हो हुन सकेको छैन । सन् १९८१ मा यसले १% जनशक्ति खपत गरेको थियो भने कूल राष्ट्रिय आयमा ५% मात्र योगदान ग-यो । सन् १९६४/६५ मा उत्पादन उद्योगको संख्या १२५७ भएकोमा सन् १९८१/८२ मा आएर ४९०३ पुगेको छ । मजदूरको संख्या १९६४/६५ मा १८७०१ रहेकोमा १९८६/८७ मा १५२५७९ पुगेको छ । गएको ४, ५ वर्षमा कार्पेट उद्योगले निर्यातको ठूलो हिस्सा ढाकेको छ र झण्डै ३ लाख जति मजदूरलाई काम दिएको छ ।

तर श्रम शक्ति परिचालनमा कुशलता नभएको, उत्पादक शक्तिको विकासमा खडा भएका बाधा अडचनलाई हटाउन नसकिएको र राष्ट्रिय औद्योगिक विकासमा सरकारले आवश्यक ध्यान नदिनाले भैरहेका उद्योगहरु पनि संकटमा परेका छन् । नेपालमा पर्यटन उद्योगको प्रशस्त संभावना छ तर यसले अपेक्षित प्रगती गर्न सकेको छैन । पर्यटनपछि गार्मेन्ट र छाला उद्योगको स्थान आउँछ । वर्तमान सरकारले उद्योग वाणिज्यमा खुलापन र नीजीकरणको नीति लागु गरेको छ । यस नीतिले उद्योग वाणिज्यमा सकारात्मक परिणाम आउने र चाडो विकास हुने सरकारको दावी छ । नेपालको औद्योगिक प्रगतीमा वाधक तत्वहरुको चर्चा गर्दै Asian Regional Team for Employment Promotion (ARTEP) ले भनेको छ - There are naturally many handicaps to industrial development in Nepal. The constraints it faces with regard to market are severe. For many industrial products, the internal market is not only small, because of widespread poverty and the low degree of urbanization but also very fragmented. The open boarder with India makes it difficult to cut off the competing Indian imports particularly for terai market. Dependence for many basic raw materials and intermediate products in India, which itself suffers many shortage and transportation bottlenecks, and for equipment which is often of low quality and relatively expensive, adds to the costs and problems of industry in Nepal.

२.४ प्राकृतिक श्रोत र साधन

नेपाल विभिन्न खनीज पदार्थहरुबाट भरिपूर्ण छ तर यसको उत्खनन भने गरिएकै छैन भने पनि हुन्छ । नेपालमा तेलको प्रचुरता छ भन्ने पत्ता लागेको छ । जलश्रोतमा त नेपाल संसारको धनी देश मध्ये पहिलो स्थानमा आउछ । नेपालको वन सम्पदा पनि उल्लेखनिय छ । तर यो सम्पदा अब विस्तारै घट्दै गएको छ ।

अनियन्त्रित ढङ्गले जंगल फडानी गर्ने कार्यले जंगलको प्रशस्त नोक्सान भएको छ र यसले पर्यावरणमा समेत असन्तुलन पैदा गर्न लागेको छ ।

२.५ जनसंख्या र सामाजिक संरचना

भर्खर सन् १९९१ को जनगणना अनुसार नेपालको जनसंख्या १,८४,६२,०८१ पुगेको छ । नेपालको जनसंख्याको बनौट मंगोल र आर्यन जातिहरुको घेराभित्र रहेको छ र यसमा विविधता पाइन्छ । नेपालको भूधरातल कै आधारमा जनजीवन पनि फरक फरक छ । उत्तरको हिमालयन श्रृंखलाका उपत्यका गांउहरुमा मंगोल मूलका शेर्पा, भोटेहरु बस्तछन् । त्यो भन्दा तल्लो भेगमा तामाङ्ग, राइ, लिम्बू, मगर, बाहुन, क्षेत्री, नेवार आदि जस्ता जातिहरुको वसोवास छ । तराइमा पहाडबाट झरेका जातिहरु, तराइका बासिन्दाहरु - थारु, दनुवार, यादव, वातर, मुसहर लगायतका अनेकौ जातिका मानिसहरु वसोवास गर्दछन् । नेपालमा वसोवास गर्ने जातिलाई मोटामोटी दुई भाग गर्न सकिन्छ - आर्य मूल र मंगोल मूल । आर्य मूलका मानिसले कुल जनसंख्याको ८०% र मंगोल मूलका मानिसले २०% ओगटेका छन् ।

नेपालमा ७५ विभिन्न जाति जनजाति छन् । नेपालमा ५२ भन्दा बढी भाषाहरु बोलिन्छन् । सवभन्दा पछिल्लो तथ्याङ्क अनुसार प्रमुख भाषाहरु र ती भाषा बोल्ने जातहरुको वर्गीकरण यस प्रकार देखिएका छ - नेपाली ५३%, मैथिली ११%, भोजपूरी ६%, तामाङ ४%, थारु ४%, नेवारी ३% मगर २% गुरुङ्ग १%, किराँत १% ।

नेपाललाई संविधानले हिन्दु अधिराज्य घोषित गरेको छ । पछिल्लो जनगणना अनुसार ८६% नेपालीहरु हिन्दु धर्म मान्ने छन् । बुद्ध धर्म मान्नेहरु ८%, मुसलमानहरु ३% र जैन, क्रिस्चीयन र अन्य धर्म मान्नेहरु २% देखिएका छन् । नेपालीहरु आ-आफ्नो इच्छानुसारको धर्म मान्न स्वतन्त्र छन् । गएको जन गणनामा ०.१% ले आफूलाई कुनै धर्म नमान्ने घोषणा गरेका छन् । नेपालीहरु धर्म सहिष्णु छन् । हिन्दुहरु बुद्ध धर्म अनुसारका कैयौ धार्मिक कृत्य गर्दछन्, गुम्वा जान्छन् र बुद्ध धर्मावलम्वी हिन्दू मन्दीर जान्छन र धार्मिक कृत्य गर्दछन् ।

नेपालमा विभिन्न संस्कृति साथ साथै हुर्के बढेका छन् । हिन्दू संस्कृतिको व्यापक प्रभाव भए पनि नेवार, राइ लिम्बू, तामाङ, शेर्पा, भोटे, मगर, मुसलमान र तराइ वासीहरुको आ-आफ्नै संस्कृति छ । आ-आफ्नो संस्कृति, परम्परा अनुसार सबै जातिहरु आ-आफ्ना व्यवहार गर्दछन् । कुल धर्म, परम्परा अनुसार, जन्म, मृत्यु, व्रतवन्ध, विवाह जस्ता संस्कार गर्दछन् ।

सामाजिक संरचनामा, वाहुन, क्षेत्री, नेवार जस्ता केही जातिहरुको उद्योग, व्यापार, प्रशासनमा प्रभूत्व देखिन्छ । जातीय, वर्गीय र सामाजिक उत्पीडन कोढको रुपमा कायम छ । शहर र गाउ वीचको असमानता दिनहुँ बढ्दो छ ।

नेपालको साक्षरता ४०% प्रतिशत छ । यसमा ५५% पुरुष र २५% महिला पर्दछन् । सालाखाला आयु ५४ वर्ष छ ।

२.६ कानूनी प्रणाली

नेपाल एक सार्वभौमसत्ता सम्पन्न मुलुक हो र यसको आफ्नै इतिहास छ । नेपालले ज्ञात इतिहास भित्र औपनिवेशिक शासनमा बस्नु परेको छैन । नेपालको शासन प्रणाली हिन्दू धर्म शास्त्रमा आधारित हुदै आफ्नै आवश्यकता अनुसार विकसित भएको छ । पहिलो लिखित संविधान, राणा कालको अन्तिम भाग वि.सं. २००४ सालमा, नेपाल सरकारको वैधानिक कानून बन्यो । सन् १९५१ मा प्रजातन्त्रको स्थापना पश्चात अन्तरीम शासन विधान २००७ (१९५१) बन्यो जसले संसदीय शासन प्रणालीको सुत्रपात ग-यो । यही शासन प्रणालीलाई संस्थागत स्वरुप दिदै नेपाल अधिराज्यको संविधान २०१५ बन्यो । २०१७ सालमा संसदीय व्यवस्था उल्टाइ निर्दलिय पंचायत व्यवस्थाको सुत्रपात गरेपछि सो व्यवस्थालाई संचालन र वैधता दिने काम नेपालको संविधान २०१९ ले ग-यो । वि.स. २०४६ सालको जन आन्दोलनले संसदीय प्रजातन्त्रको पुनः स्थापना गरेपछि सो अनुसारको संवैधानिक आधार दिने काम नेपाल अधिराज्यको संविधान २०४७ ले गरेको छ । यही नयाँ संविधान अनुसार हालको शासन प्रणाली संचालन भएको छ ।

नेपालका निमित्त उपयुक्त कानूनहरुको निर्माण भएको छ र यसले उपयुक्त कानूनी प्रणालीको स्थापना गरेको छ । नेपालको कानूनी व्यवस्था, संसदीय शासन व्यवस्था, वहु-राजनैतिक प्रणाली, जनतामा सार्वभौमसत्ता, संवैधानिक राजतन्त्र, कानूनको शासन, शक्ति पृथक्कीकरण र विकेन्द्रकरणको सिद्धान्तमा आधारित छ ।

नेपालमा शक्ति पृथक्कीकरणको सिद्धान्त अनुसार कार्यपालिका, विधायिका र न्यायपालिका आ-आफ्नो ठाउमा सर्वोच्च छन् । स्वतन्त्र र सक्षम न्यायपालिकाले विधायिकी र कार्यपालिकाका कामको मूल्याङ्कन गर्दछ । संसद द्विसदनात्मक छ । संसदमा वहुमत प्राप्त पार्टीले सरकार बनाउदछ ।

नेपाल एकात्मक देश हो ता पनि यहाँको शासन प्रवन्ध केन्द्रीय र स्थानिय गरी दुई भागमा विभाजित छ । स्थानिय प्रशासन पनि निर्वाचित प्रतिनिधिद्वारा संचालित हुन्छ । स्थानिय प्रशासनका दुई तह छन् - नगर वा गाउ स्तर र जिल्ला स्तंर । गाउँ

र नगरमा गाउ विकास समिति र नगर विकास समिति गठन गरिएको हुन्छ । यसका प्रतिनिधिहरु तत् तत् क्षेत्रका जनताले प्रत्यक्ष निर्वाचनद्वारा छान्दछन् । जिल्ला भित्रका सबै गाउँ र नगर विकास समितिका सदस्यहरु मिलेर जिल्ला विकास समितिका सदस्यहरुको निर्वाचन गर्दछन् । यसरी जिल्ला विकास समितिको गठन अप्रत्यक्ष निर्वाचनद्वारा हुन्छ ।

गाउ वा नगर र जिल्ला विकास समिति स्वशासित संस्था हुन्छन् । यिनीहरुको आफ्नै वजेट, आफ्नै कर्मचारी र आफ्नै प्रशासन हुन्छ । विकेन्द्रीकरण ऐनले यिनीहरुकै प्रशासनिक, आर्थिक, विकास सम्बन्धी काम र अधिकार निर्धारण गर्दछ । यी निकायहरुको छुट्टा छुट्टै ऐन छन् ।

देशमा ७५ जिल्ला छन् , जसलाई १४ अंचल र ५ विकास क्षेत्रमा विभाजन गरिएको छ । हरेक जिल्लामा शान्ती सुव्यवस्था र सामान्य प्रशासन संचालन गर्न र केन्द्रीय सरकारका विभिन्न मन्त्रालयका जिल्ला स्तरीय कार्यालय बीच समन्वय राखी काम सुचारु रुपले संचालन गर्न गराउन एक प्रमुख जिल्ला अधिकारी रहेको हुन्छ ।

२.७ परराष्ट्र नीति

नेपालले स्वतन्त्र र असलग्न परराष्ट्र नीति अपनाएको छ । नेपाल असंलग्न आन्दोलनको संस्थापक सदस्य राष्ट्र हो । नेपाल संयुक्त राष्ट्र र यसका विभिन्न सहयोगी संस्थाहरुको सदस्य रहेको छ र ती संस्थाहरुमा आफूले सकृय सहयोग र भूमिका निर्वाह गरी आएको छ । नेपालले दुई पटक सुरक्षा परिषदको सदस्य भएर विश्व समुदायको सेवा गरेको छ ।

नेपालले संसारमा भएका विकृतीहरुको निन्दा गरेको छ । विश्वमा शान्ति स्थापनामा सकृय सहयोग गरेको छ । यस क्रममा संयुक्त राष्ट्र संघले बनाएको शान्ति सेनामा समेत भाग लिई विभिन्न देशमा शान्ति कायम राख्ने काममा आफ्नो सेना पठाएको छ ।

३. नेपालको भूमि प्रथामा निःशुल्क श्रम

३.१ कमैया र भूमि

"कमैया" ले जीवनभर कृषि कार्य गर्नु पर्ने भए पनि, जमीनबाटै उसको जीविका चल्ने भए पनि उसले जमीनमा या कुनै किसिमका स्थाई सम्पत्तिमा हक कायम गर्न पाउदैन । उसको हैसियत केवल "काम" संग मात्र सम्बन्धित हुन्छ । उसको यस स्थितिले नेपालको भूमि व्यवस्था संग कुनै सरोकार राखेको देखिदैन तापनि उसको सम्पूर्ण जीवन भूमिमा नै केन्द्रीत भएर चल्ने भएको हुँदा भूमि व्यवस्थाको सामान्य जानकारी प्रासंगिक हुन जान्छ ।

३.२ भूमि व्यवस्थाको स्वरुप

नेपालमा विभिन्न किसिमका भूमि व्यवस्था प्रचलनमा थिए । यो विबिधता भूमि व्यवस्था नेपालको एकीकरण भन्दा अगाडि विभिन्न स-साना राज्यमा विद्यमान विबिध प्रचलनको कारणवाट उत्पन्न भएको हो । पृथ्वी नारायण शाहले एकीकरण गर्दा कतिपय राज्यलाई जित्नु प-यो र कतिपय राज्य उनीसंग मिल्न पनि आए । उनले विजय पश्चात आफ्नो पद्धती लाद्नु भन्दा जनजीवनको रीतिथिति नखलबलियोस र जनतालाई कुनै असुविधा नहोस् भनी तत् तत् राज्यमा चलिआएको भूमि व्यवस्था लगायत कतिपय स्थानीय परम्परा र व्यवहारलाई यथावत नै राखि दिए । यसले नेपालको भूमि व्यवस्थामा विबिधता पैदा गरिदिएको हो । रैकर, विर्ता, रकम, जागीर, गुठी, किपट, उखडा, महाजनी राज्य रजौटा प्रथा जस्ता भूमि व्यवस्थाका रुपहरु एकीकरण अघिदेखि अहिलेसम्म जारी नै रहेका छन् ।

३.२.१ रैकर

रैकर राज्यको भूमि व्यवस्थाको मुख्य स्वरुप हो । सामान्यत राज्य भित्रका सबै जग्गा राज्यको हुन्छ र राज्यलाई निश्चित रकम करको रुपमा बुझाएपछि जग्गाको स्वामीत्व सम्बन्धित व्यक्तिको हुन्छ । उसले भोग चलन र हक हस्तान्तरण लगायतका जग्गा उपरका सबै अधिकार उपभोग गर्न पाउदछ । सरकारले सार्वजनिक हितका निमित्त जग्गा लिनु पर्दा उचित मुआव्जा दिएर कानून अनुरुप लिन सक्दछ ।

पहिले यस्तो जग्गाको प्रशासन संचालन गर्न मधेश तर्फ जिमिदार बन्दोवस्त गरिन्थ्यो । पहाड तर्फ जिम्मावाल, तालुकदार हुन्थे । यो प्रथालाई जिमिदारी प्रथा भनिन्थ्यो । यस्ता जिम्मावाल, तालुकदार, जिमिदारले जग्गाको पोत जनताबाट बुझेर केही कमीसन कटाई सरकारमा बुझाउने, जग्गाको नामसारी दर्ता, दाखिल-खारिज गर्ने, लगत तयार गर्ने लगायतका भूमि प्रशासनका निकै अधिकार प्राप्त गरेका थिए । यस अधिकारको प्रयोग गर्दै जिमिदार, तालुकदारले आफ्ना मातहतका जनताबाट विना मूल्यमा अनिवार्य श्रम लिने गर्दथे । झारा, वेठ, वेगार इत्यादि यस्ता श्रमका स्वरुप हुन् । उनीहरुले श्रम मात्र होइन अन्य सेवा तथा सामानहरु पनि जिमिदार, तालुकदारलाई बुझाउनु पर्दथ्यो । यिनीहरुले जनतालाई प्रशस्तै शोषण गरेका थिए । यो खराव व्यवस्था राणा अवधि भरी निष्कंटक रह्यो । सन् १९५१ मा प्रजातन्त्र स्थापना भएपछि यो प्रथाको उन्मूलन गर्ने माँग उठेर आयो । वि.सं. २०१९मा कृषि सम्बन्धी (नया व्यवस्था) ऐनले झापा चितौन र पाल्पा जिल्लामा जिमिदारी, जिम्मावाल, तालुकदारी प्रथा समाप्त गऱ्यो । तत्पश्चात भूमि सम्बन्धी ऐन २०२१ ले अधिराज्य भरि नै यो प्रथा उन्मूलन ग-यो । जिमिदार, जिम्मावालका सम्पूर्ण अधिकार, सुविधा, विशेषाधिकार समाप्त भए पनि मालपोत उठाउने, जग्गा, नामसारी, दाखिल-खारिज, दर्ता गर्ने काम भूमि प्रशासन ऐन २०२४ लागु नहुन्जेल कायमै रहे । अहिले देशमा त्यस रुपको जिमिदारी प्रथा उन्मूलन भएको छ, तर पहाड तर्फ नापी नभएका जिल्लामा भने जिम्मावाल, तालुकदारले मालपोत उठाउने व्यवस्था अझै कायमै देखिन्छ ।

३.२.२ विर्ता

रैकर जग्गाको स्वामीत्व व्यक्तिलाई दिइएको जग्गालाई विर्ता भनिन्छ । विर्ता शब्द संस्कृत शब्दको वृत्ती शब्दबाट अपभ्रंस भै बनेको हो । तर कतिले विर्ता, वीरता (वहादुरी) बाट बनेको भन्दछन् । सरकारले कसैलाई पुरस्कार स्वरुप यति जग्गा तिमीले पायौ भनी राज्यका तर्फबाट दिएको जग्गालाई नै विर्ता भनिन्थ्यो । विर्ता जग्गा पाउनेलाई विर्तावार भनिन्छ । विर्तावारले मालपोत (कर) तिर्नु पर्दैनथ्यो । विर्तावारका अनेकौं सुविधा, अधिकार र विशेषाधिकारहरु थिए । विर्तावारहरुले आफै कुत निर्धारण गरी मोहीवाट असुल गर्दथे । तिनीहरुले आफ्नो क्षेत्र भित्र न्याय, निसाफ गर्ने, अपराध गर्नेलाई सजाय गर्ने, जरिवाना गर्ने, नेल ठोक्ने, ठिंगुरा हाल्ने, जस्ता प्रशासनिक सीमा क्षेत्रका कामहरु पनि गर्न पाउँदथे । यसका साथै झारा, वेठ, वेगार इत्यादि अनेकौं पद्धतिबाट अनिवार्य रुपमा र वाध्य गराइ विना पारिश्रमिक श्रम तथा विभिन्न वस्तु एवं सेवा असूल गर्ने गर्दथे । यस्तो व्यापक अधिकार अन्तर्गत विर्तावारले मानिसको पर्याप्त शोषण गर्दथे । शोषण उत्पीडनको यो पराकाष्ठाको विरोध प्रजातन्त्र पश्चात शुरु भयो र नेपालको पहिलो प्रजातान्त्रिक सरकारले २०१६

सालमा विर्ता उन्मूलन ऐन बनाएर विर्ता प्रथा नै उन्मूलन ग-यो । सबै विर्ता जग्गाहरु रैकरमा परिणत भए ।

३.२.३ राजा रजौटा

नेपालको एकीकरण अभियानमा थामिएका राज्यहरुका राजा रजौटाहरुको आफ्नै अदालत, माल अड्डा, आफ्नै राजस्व लगायत आफ्नै प्रशासन हुन्थ्यो । नेपालमा यस्ता राज्य पन्ध्र भन्दा बढी थिए । यस्ता राज्य तीन किसिमका थिए - ठेक्का, सिर्तो र सर्वाङ्ग माफी । ठेक्का अन्तर्गत राज्यले निर्धारित ठेक्काका अतिरिक्त उठाएको मालपोत सरकालाई बुझाउनु पर्थ्यो । सिर्तो अन्तर्गत निर्धारित रकम वार्षिक रुपमा सरकारलाई बुझाउनु पर्थ्यो । सर्वाङ्ग माफी पाउने राज्यले केही बुझाउनु पर्दैनथ्यो । यस्ता राज्यहरुको आम्दानीको श्रोत मालपोत उठाउने, दण्ड-सजाय गर्ने र जनताबाट विना पारिश्रमिक श्रम लिने नै प्रमुख थियो । विना परिश्रमिक श्रम लिने, सेवा लिने वा सामान वा वस्तु लिने जस्ता काम कुरामा शोषणको कुनै सीमाना थिएन । वि.स. २०१७ सालमा राज्य रजौटा उन्मूलन ऐनद्वारा केहि राज्यलाई सम्मानको लागि मात्र यथावत कायम राखी भत्ता सम्मको व्यवस्था गरी उनीहरुको सबै अधिकार सुविधा तथा विशेषाधिकार समाप्त गरियो । त्यहाका जग्गाको प्रशासन, व्यवस्था रैकर जग्गाको सरह हुन गएको छ ।

३.२.४ जागीर

शुरु शुरुमा सरकारी कर्मचारीलाई सेवा वापत, तलव दिन नगदको कमी भएको र जग्गा प्रशस्तै भएकोले जागीरदारलाई तलवको सट्टा खान्गीको निमित्त जग्गा दिने चलन थियो । निजामती जंगी कर्मचारिले जागीरको रुपमा पाएको जग्गा आफैले वा मोही लगाइ आयस्ता लिई भोग गर्न पाउथ्यो । जागीरको रुपमा जग्गा दिंदा जगेडा जग्गाबाट दिइन्थ्यो । जगेडा जग्गा भन्नाले कसैलाई नदिएको वा कसैको अधिनमा नभएको सिधै राज्यको अधिनमा नगदी जिन्सी असूल गर्ने जग्गाहरु पर्दथे । यस्ता जागीरदारले मोहीको पर्याप्त शोषण गर्दथे । यस प्रथामा पनि विना पारिश्रमिक श्रम लिने चलन पर्याप्त भएको देखिन्छ । जागीर प्रथाको पूर्ण समाप्ती २००७ साल पछि नै भयो ।

३.२.५ रकम

जागीर जस्तै जग्गाको अर्को प्रथा रकम हो । जागीरको जग्गा जागीर छउन्जेल सम्म तलव वापत आयस्ता खान दिने हो । जागीरदार मरेमा वा जागीर समाप्त भएमा जग्गाको आयस्ता समाप्त हुन्थ्यो । रकम भन्नाले निश्चित काम गरे वापत निश्चित

जग्गा भोग गरी खाने हो । जागीर अस्थाई हुन्थ्यो तर रकम भने स्थायी हुन्थ्यो । रकम चलुन्जेल जग्गा भोग गर्न पाइन्थ्यो । ठेकिएको रकमी मरे भाइ छोराले रकम चलाउन पाउथे । विभिन्न किसिमका रकम प्रचलनमा थिए - नोल गोल रकम, इटावाला अवाले रकम, डोके रकम, खानी, घांसी, सिलौटे रकम, कागते हुलाकी रकम जस्ता विभिन्न कार्य वा श्रमका निमित्त, सेवा वा वस्तु आपूर्तिका निमित्त रकम राखिन्थ्यो । यस्तो रकम चलाउन्जेलसम्म त्यसको पारिश्रमिक स्वरुप निश्चित जग्गा भोग चलन वा मोही राखी आयस्ता खान पाउने व्यवस्था नै रकम हो । रकम, जागीर अन्तर्गतका सबै जग्गा रैकर भए । रकम जग्गाको उन्मूलन २००९ सालमा गरियो तै पनि सबै एकै चोटी उन्मूलन भएका थिएनन् । २०२० सालमा आएको मुलुकी ऐनले यसको पूर्णतः उन्मूलन ग-यो ।

३.२.६ गुठी

जग्गाको अर्को प्रथा गुठी हो । कुनै मठ वा कुनै देवी देवताको पर्व पूजा वा जात्रा चलाउन वा कुनै धार्मिक वा परोपकारी कामको लागि मन्दीर, देवस्थल, धर्मशाला, पाटीपौवा, इनार पोखरी, तलाउ, धारा, वाटो, घाट, पुल पाठशाला, घर इमारत बनाउन, चलाउन वा त्यसको संरक्षण गर्न कुनै दाताले आफ्नो चल, अचल सम्पत्ति वा अरु कुनै आयस्ता आउने रकमहरुमा आफ्नो हक छोडी गुठी कायम गरेको सम्पत्तिलाई गुठी भनिन्छ । यस्तो सम्पत्ति राख्दा जग्गा नै राखिने भएको हुंदा "गुठी" भन्नाले "जग्गा" नै संझनु पर्ने सामान्य दृष्टिकोण छ । नेपालमा गुठी र जग्गा एक अर्कासंग प्रत्यक्ष सम्बन्ध राख्ने पर्यायका शब्द भएका छन् । गुठी तीन प्रकारका हुन्छन् - निजी गुठी, छुट गुठी र राज गुठी । निजी गुठी व्यक्ति विशेषले राखेकोलाई भनिन्छ भने राज गुठी राज परिवारले राखेकोलाई भनिन्छ । छुट गुठी चै सरकारले चलाओस भनि जनताद्वारा राखिएको गुठी हो । नेपालको धार्मिक, सांस्कृतिक रीतिथिति, चलन वा व्यवस्थाले गर्दा गुठीलाई यथावत कयम राखिएको छ । दाताले निजी गुठीको प्रयोग रैकर सरह गर्न पाउने हुन्छ । राज गुठीमा दर्ता वालाहरु गुठी र वास्तविक किसानको बीचमा बसी फाइदा लिने गर्दथे । यस्तो विचौलाले खेती गर्ने मोहीलाई पर्याप्त शोषण गरेका थिए । छुट गुठी र राजगुठीका जग्गाको प्रशासनका निमित्त छुट्टै गुठी संस्थान ऐन २०३३ बनाई गुठी संस्थानको स्थापना भएको छ । गुठी जग्गाहरु जोत्ने वास्तविक किसानका नाउमा निश्चित रकम दाखिल गराइ रैकरमा परिणत गर्ने कानूनी व्यवस्था भएको छ । यसरी गुठी जग्गालाई रैकरमा परिणत गर्दा आएको रकमबाट कोष बनाइ गुठी संचालन हुने र जग्गाहरु रैकर भै नेपालको भूमि व्यवस्थामा एक रुपता आउने देखिन्छ । साथै रैकरमा परिणत गर्ने यस व्यवस्थाले मोही माथिको शोषण पनि समाप्त गरेको छ ।

३.२.७ किपट

किपट भनेको एक किसिमको विर्ता जस्तै हो । नेपालको एकीकरण अभियानमा पृथ्वी नारायण शाहले वि.स. १८२५ पछि धनकुटा देखि इलाम सम्मको भू-भागलाइ नेपालमा मिलाए । यस क्षेत्रका लिम्वूहरुसंग कुराकानीगरी मैत्रीपूर्ण तरीकाले एकीकरण भएको हुदा लिम्वूवानको रीतिथिति यथावत चल्ने र चलाउने दृष्कोणले लिम्वूवान भित्रका जग्गाको अधिकार त्यंहीकै लिम्वूहरुलाई किपटको रुपमा दिइयो । त्यसैले किपट भन्नासाथ लिम्वूवान वा धनकुटादेखि इलामसम्मको क्षेत्र भन्ने बुझिन्छ । किपट प्रथाको उन्मूलन २०२१ सालमा भूमि सम्बन्धी ऐनले गऱ्यो । तत्पश्चात सबै किपट जग्गाहरु रैकरमा परिणत भएका छन् । लिम्वू सुब्वालाई विर्तावारलाई भए जस्तै अधिकार, सुविधा एवं विशेषाधिकारहरु प्राप्त थिए । लिम्वुसुवालाइ पंचखत वाहेकका अरु मुद्दा हेरी निर्णय तथा दण्ड सजाय गर्न र जरिवाना असुल गर्न पाउने अधिकार थियो । किपट जग्गाको रकम (पोत) तिर्नु पर्दैनथ्यो । किपट भित्रका मानिसहरु उपर यिनीहरुको हैकम, आदेश चल्ने भएकोले त्यहाँका मानिसले सुब्वाको लागि विना परिश्रमिक काम/श्रम, सेवा वस्तु दिनु पर्दथ्यो । यस प्रथामा पनि जमिन्दारी प्रथामा जस्तै पर्याप्त शोषण भएको कुरालाई नकार्न सकिदैन ।

३.२.८ उखडा

उखडा नेपालमा प्रचलन भएको अर्को जग्गा प्रथा हो । यो प्रथा मध्य तराइका लुम्बिनी अंचलका कपिलवस्तु, रुपन्देही तथा नवलपरासीका तीन जिल्लामा सीमित छ र यसै क्षेत्रका जग्गालाई उखडा जग्गा भनिन्छ । यो व्यवस्था ठेक्का जिमिदारी जस्तो हो । त्यहाँका जिमिदारले जिमिदारी भित्रका जग्गा कमाउने किसानको व्यवस्था गरी जग्गा कमाउन दिन्थे । जिमिदारले आफ्नो जिमिदारीको पहिले मालपोत बुझाउथ्यो र पछि किसानबाट असूल गर्थ्यो । मालपोत नबुझाउने किसानबाट जग्गा झिकी अरुलाई पजनी गर्न पाउथ्यो । जिमिदारलाई अनेकौं अधिकार तथा सुविधाहरु प्राप्त थिए । सो अन्तर्गत जिमिदारले किसानलाई आफूलाई मन लागे अनुसारका काम कुरा गराउने, किसानलाई मार्का पर्ने गरी निर्णय गर्ने, जग्गा झिक्ने गराउने गर्नाले उखडा कमाउनेहरुले अनेकौ शोषणको सामना गर्नु पर्दथ्यो । यो शोषणमूलक व्यवस्थाका कारणले जिमिदार र रैती किसानका विचमा अनेकौ झै-झगडा समस्या उठे । उरवडा जग्गा प्रथा समाप्त गरी रैकर सरह गर्न आवश्यक भएकाले वि.सं.२०२१ सालमा उखडा सम्बन्धमा छुट्टै ऐन बनाइ उखडा प्रथाको उन्मूलन गरियो । उखडा जग्गाहरु रैकरमा परिणत भएका छन् ।

३.२.९ महाजनी प्रथा

कंचनपुर-कैलाली जिल्लामा घना जंगल, नराम्रो हावापानी र मलेरियाको प्रचण्ड प्रकोप हुने कारण जग्गाको विकास हुन सकेको थिएन । त्यहां हाल आवादीको दरखास्त पर्नासाथ जग्गा पाइन्थ्यो । मालले चलन पूर्जि दिएको जति जग्गामा आवादी नभए पनि मालपोत लाग्दथ्यो । खोलो पैह्रो र जंगलको कारण आवाद हुन नसकेकोमा मात्र मिन्हा पाइन्थ्यो । यही असुविधाले गर्दा त्यस क्षेत्रमा महाजनी प्रथाको शुरुवात भएको हो । जग्गा आवाद गर्न सरकारले धर्मभकारीवाट केही अनाज दिए पनि म्यादमा त्यो सरकारी रकम कडाइका साथ उपर गर्दथ्यो । अतः यहाका किसानले महाजनसंग नगद ऋण लिएमा भाकामा तिर्न कडाइ नहुने र चर्को व्याज भए पनि नगद पाइने हुदा आवश्यक सामग्री किनमेल गर्न र अन्य व्यवहार चलाउन सुविधा हुने भएकोले महाजनी प्रथा विकसित हुने मौका पायो ।

महाजनहरु आफूले दिएको ऋणमा साँवा सरह व्याज हिसाव गरी किसानको धानको मूल्य आफैले तोकी विदेश निकासी गर्ने गर्दथे । यसबाट किसानलाई ठूलो अन्याय र शोषण हुन्थ्यो । कैलाली कन्चनपुरको जग्गा आवाद गरी राजस्वमा वृद्धि गर्नु परेकोले त्यसबेला सरकारले विदेशीलाई त्यहां आइ खेती गर्न अनुमती दिएको थियो र उनीहरुले खेती गर्न ल्याएका विउ गोरु र मानिसलाई घाट जंघार गर्दा कुनै महसूल नलिने उर्दी पनि भएको थियो । यी जिल्लामा पर्ति, खस्ती हालावादी गरेमा नापी नभएसम्म पोत तिर्न र दर्ता समेत गर्न नपर्ने सुविधा थियो । तर नदीकाट, वालु, वुर्जाको मिन्हा पनि जांच नापी विना ती जिल्लाले नपाउने गरिएको थियो ।

महाजनी प्रथाले किसानको अत्यधिक शोषण गरेकोले भूमि व्यवस्थामा सुधार कार्यक्रम अन्तर्गत यो प्रथा उन्मूलन गर्ने काम भयो । भूमि सुधार लागु भएपछि महाजनका वहीका पुराना ऋणको कानूनी मान्यता समाप्त भयो र किसानहरु महाजनको ऋणबाट मुक्त गरिए । विधिवत महाजनी प्रथा समाप्त भयो तापनि विदेशी महाजनले आजसम्म पनि ऋण लगानी गरी बढी व्याज लिने गरी आएका छन् । सरकारले संस्थागत रुपमा किसानलाई सजिलोसंग कम व्याजमा कर्जा नदिलाएसम्म किसानहरु महाजनका शोषणका शिकार भै रहने छन् । यस महाजनी प्रथाले पनि कमैया प्रथालाई विकसित गर्न ठूलो भूमिका खेलेको छ भन्ने तर्कलाई पुष्टि गर्ने पर्याप्त आधार भेटिएका छन् ।

३.२.१० नयाँ मुलुक

नेपालको तराईका अधिकांश भागमा मलेरियाको प्रकोपले गर्दा मानिस वसोवास गर्न डराउथे । त्यसैले आबादी लायक जग्गाहरु सबै जंगलले ढाकेको थियो । राणाका

परिवार, तिनका नातेदार तथा अन्यले मधेशमा पाएका विर्ता जग्गाहरु आवाद गर्ने र खेती गर्ने मानिस पाउदैनथे । सो वाहेक सरकारलाई जग्गा आवाद नभए मालपोतबाट पर्याप्त राजस्व प्राप्त हुदैनथ्यो । राजस्व उठोस भन्ने दृष्टिकोणले मधेशमा जग्गाहरु आवाद गर्न, जंगल फडानी गरी आवाद गुल्जार गर्न प्रोत्साहन गर्न सरकारले अनेकौं सुबिधाहरु दिने गर्दथ्यो । सामान्यतः पुरै तराइको यस्तो अवस्था थियो तापनि सुदुर पश्चिमी तराइका वर्दिया, कैलाली र कंचनपुर जिल्ला त अति विकट नै थिए । ति जिल्लालाई "कालापानी" भनेर नै सम्वोधन गरिन्थ्यो । यी जिल्लाहरुमा जग्गा आवाद गर्नका लागि सरकारले खर्च पनि दिने गरेको थियो । कतिपय अवस्थामा जग्गा आवाद गर्नेहरुको नाममै जग्गा दर्ता गरिन्थ्यो । त्यस्तो हुँदा हुँदै पनि मानिसहरु तराइमा वसोवास गर्न रुचाउँदैनथे । मलेरियाको उन्मूलन भएपछि भने तराइमा वसोवास गर्ने मानिसहरुको धुइरो लाग्न थाल्यो । नया नया मानिसहरुले त्यहाका वासिन्दाहरुको जग्गा किने । त्यस यता तराइका सोझा जाति, थारुहरुलाई चर्को व्याजमा ऋण दिएर जालझेल गरेर जग्गा हत्याउने र उनीहरुलाई कम जग्गा भएका वा भूमिहीन स्थितिमा पुग्न वाध्य बनाइएका अनेकौं उदाहरण छन्। यसै कारणले थारुहरुको जग्गा अरुले जालझेलबाट हत्याउन नपाउन भनेर यिनीहरुले किनबेच गर्दा अड्डामा पैसा बुझाउने व्यवस्था समेत सरकारले गरेको थियो ।

३.३ भूमि सुधार

नेपालमा, सामाजिक, आर्थिक संरचना लगायत जनजीवनका हरेक पक्ष कृषिसंग सम्बद्ध मात्रै होइन प्रभावित पनि छन् । हुनत वि.स. २०२१ साल भन्दा अगाडि देखि नै नेपालको भूमि व्यवस्था अन्तर्गत प्रचलनमा रहेका विभिन्न प्रथाहरुलाई कानूनतः उन्मूलन गर्न शुरु गरिएको थियो तर पनि जग्गा व्यवस्थामा जिमिदारी, तालुकदारी, किपट जस्तो प्रथाहरुले ल्याएका विकृतीहरु नहटुन्जेल एकनासको भूमि व्यवस्था कायम हुने सम्भावना थिएन । नेपालको भूमी व्यवस्थामा महत्वपूर्ण परिवर्तन २०२१ सालको भूमि सम्बन्धी ऐनले शुरु ग-यो । उक्त ऐनले जग्गाको हदवन्दी तोक्यो । पहाड, मधेश र काठमाण्डौ उपत्यकाका निमित्त छुट्टा छुट्टै हदवन्दी निर्धारण गरियो । हदवन्दी भन्दा बढी जग्गाहरु सरकारले कब्जा गरी जग्गा नहुने सुकुम्वासीलाई वितरण गरी जग्गा धनी बनाउने लक्ष्य राखियो । कृषकहरुलाई कृषि कार्यका निमित्त लिएको ऋणमा व्याज तिरेको १०% भन्दा बढीको रकम साँवामा कट्टा गरी ऋण सधान गर्ने व्यवस्था गरियो । हरेक गाउँमा निश्चित आधारमा वचत कोष खडा गरी सो कोषबाट कृषकलाई आवश्यक पर्ने कृषि ऋणको व्यवस्था गर्ने गरियो । मोहीलाई मोहियानी हक प्रदान गरी सो हक जग्गा धनीद्वारा खास खास अवस्थामा वाहेक समाप्त नगरिने गरियो । यसले मोहीलाई निश्चितता र सुरक्षा प्रदान मात्रै गरेन, मोहीको हक समेत निर्धारण भयो । मोहीको हक

सामान्यत कूल जग्गाको २५% निर्धारण गरियो । यसबाट मोहीले आफूले जोतेको जग्गाको २५% मा स्वामित्व प्राप्त गर्ने भयो ।

भूमि सम्बन्धी उक्त ऐनले नेपालको आर्थिक संरचनामा समेत क्रान्तिकारी परिवर्तन ल्यायो । मानिसले सम्पत्ति भनेको जग्गा हो भनेर थुपार्ने प्रवृत्तीमा रोक लाग्यो र लगानीले आफ्नो स्वरुप परिवर्तन ग-यो । मानिसहरु आफूसंग भएको रकमको लगानी जग्गा भन्दा अर्कै कुरामा गर्ने मनस्थितिमा भए र स्वभावत: यो मनस्थिति उद्योग व्यापार व्यवसाय तर्फ आकर्षित हुन वाध्य भयो ।

हाल नेपालमा ५०% भन्दा बढि परिवारसंग आधा हेक्टरभन्दा घटी जग्गा छ । यी ५०% परिवारले देशको कूल खेती हुने जग्गाको ६.६% जमीन मात्र ओगट्दछन् । यो तथ्याङ्क १९८१ को हो । त्यसभन्दा २० बर्ष अघि अर्थात १९६१ को तथ्याङ्क अनुसार माथि उल्लेखित ५०% परिवारले कूल खेती योग्य जमीनको ११.८% जमीन ओगटेको थियो । यस्ता परिवारको संख्या १९६१ मा ८.५ लाख थियो भने १९८१ मा आएर यो संख्या ११ लाख पुगेको थियो । सन् १९८१ को जनगणना सम्बन्धी तथ्याङ्कले नेपालको खेती योग्य जग्गाको वितरण निम्न बमोजिम देखाउछ :

जग्गाको साइज (हेक्टरमा)	परिवारको संख्या	प्रतिशत	कुल जम्मा हेक्टरमा	प्रतिशत	सालाखाला हेक्टर/प्रतिशत
.५ भन्दा घटी हेक्टर	११०७९०२	५०.५%	१६१९८७	६.६%	०.१५
.५-१.० हेक्टर	३५५४२०	१६.२%	२६४५२२	१०.८%	.७५
१.०-३.० हेक्टर	५३३९६४	२४.४%	८६८२०१	३५.३%	१.६२
३.० देखि माथि हेक्टर	१९४६२३	८.९%	११६०६२८	४७.३%	५.९६
कुल	२१९३९०९	१००%	२४६६३३८	१००%	१.१२

नेपालमा १०% भन्दा बढी परिवार सुकुम्वासी छन् भन्ने योजना आयोगको रिपोर्टमा छ भने ARTEP को रिपोर्टमा २३% जति सुकुम्वासी छन् भन्ने छ ।

खेती, नेपालीको मुख्य आधार हो तर जनसंख्या वृद्धिदरको तुलनामा उत्पादन वृद्धि भने हुन सकेको छैन । जनसंख्या र उत्पादन वृद्धिमा सन्तुलन कायम हुन सकेको छैन । (१९७०/७१ देखि १९८४/८५ मा प्रति वर्ष २.७% का दरले जनसंख्या वृद्धि भएको थियो भने कृषि उत्पादनमा १.५% मात्र बृद्धि भएको थियो)

४. नेपालमा रोजगारका अवसरहरु

४.१ रोजगारका अवसर

नेपालमा सबभन्दा बढी जनशक्ति खपत गर्ने क्षेत्र नै कृषि हो । अधिकांश मानिसहरु आफ्नो जग्गामा स्वयं खेती गर्ने गर्दछन् । जसको जग्गा छैन या थोरै, जीविकाका निमित्त नपुग्ने, छ तिनीहरु मजदुरी गर्दछन् । गाउमा धेरै जग्गा हुने कहाँ दैनिक ज्याला मजदूरीमा काम गर्ने चलन छ । यस्तो रोजगार स्थानिय माग र आपूर्तीद्वारा प्रभावित हुन्छ । त्यसैले यसमा निश्चितता भन्ने हुदैन । यस वाहेक बाह्य कारणले पनि कृषि रोजगारीको निरन्तरतामा प्रभाव पारेको देखिन्छ । कृषि मजदूरहरुसंग उत्पादनका साधनहरुको अभाव रहनु, कृषिको अत्यधिक ठूलो हिस्सा मनसुनमा आधारित भएकोले बर्षा नहुँदा खेती योग्य जमीनको मात्रा घट्नु जस्ता कुराले पनि मजदुरीको स्थितिमा अन्तर ल्याउने गर्दछ । तापनि जतिसुकै प्रतिकूलता भए पनि अहिलेसम्म रोजगारको क्षेत्रमा कृषिको एकाधिपत्य जारी छ ।

नेपालमा औद्योगिकरणका आफ्नै समस्या हुंदा यस क्षेत्रले दिने रोजगार अपेक्षित रुपमा बढ्न सकेको छैन । नेपालमा १९८१ को जनगणनाको आधारमा किटान गरिएका ६८,५०,८८६ (दश वर्षदेखि माथिको काम गर्न सक्षम) जनशक्तिको रोजगारिको स्थिति निम्न वमोजिम देखिएको छ।

	१९८१	१९७१
कृषि, जङ्गल तथा माछा मार्ने	९१.१५%	९४.३५%
उत्पादन	.५०%	१.०७%
विजुली, ग्यास र पानी	.०४%	.०४%
निर्माण	.०२%	.०२%
वाणिज्य	१.६०%	१.३२%
यातायात र संचार	.११%	.२१%
वित्त तथा व्यवसाय सेवा	.१४%	.०६%
निजी तथा सामुदायिक सेवा	४.५८%	२.८४%
अन्य	१.८६%	-

उपरोक्त तथ्याङ्कले कृषि सर्वाधिक ठूलो रोजगारीको क्षेत्र हो भन्ने प्रष्ट पार्दछ । गैर कृषि क्षेत्रबाट रोजगारी दिने मध्येमा, वाणिज्य, वित्त तथा व्यवसाय सेवा र निजी तथा समुदाय सेवामा वाहेक अरुमा १९७१ भन्दा १९८१ मा रोजगारी घटेको देखिन्छ । कृषि क्षेत्रमा अनुपात घटे पनि त्यसको वर्चस्वपूर्ण स्थिति यथावत छ ।

४.२ रोजगारका अवसरहरुको कमी

नेपालमा उद्योग धन्दाको बढोत्तरी प्रायस शहरहरुमा, केही औद्यागिक क्षेत्रहरुमा मात्रै भएको छ । सबै क्षेत्रमा उद्योग धन्दाको समानुपातिक वितरण र विकास हुन नसकेको कारण गाउँमा बस्नेहरुले कृषि भन्दा अन्यत्र रोजगार पाउने अवसर सजिलैसंग उपलव्ध गर्न सक्तैनन् । सरकारको विकास कार्यक्रममा कहीं कहीं रोजगारका अवसर प्राप्त हुन्छन् । तर त्यस्ता अवसरहरु स्थायी नहुने, रोजगार पाउन विभिन्न शर्त, शीप-प्रबिधिहरु, कानून-नियमहरुको जटिल प्रकृयाबाट गुज्रन पर्ने हुदा गरीव, अपढ र सोझा ग्रामिणहरु त्यस्तो रोजगार तर्फ आकर्षित हुदैनन् । त्यसवाहेक त्यस्ता अस्थायी रोजगारले उनीहरुको समस्या पनि समाधान हुन सक्दैन । उनीहरुलाई गाउँघरमा आफैले जाने बुझेको वातावरणमा जाने बुझेको काम पाउन र गर्न सजिलो र राम्रो लाग्नु स्वाभाविकै हो । फेरि मर्दापर्दा आवश्यक सहयोग गाउँ मै प्राप्त हुन्छ । खाचो टार्न ऐंचो पैंचो र कर्जा पनि चिनेकै ठाउँमा प्राप्त हुन्छ । परिवार छोडेर परदेशमा काम गर्नु अघि धेरै कुरा बुझन र अनेकौ कठिनाइको सामना गर्नु पर्ने हुन्छ । यस्ता अनेकौं कारणले गर्दा कम ज्याला वा पारिश्रमिक पाए पनि र जतिसुकै शोषण कै स्थिति भए पनि गाउँ मै काम गर्नु पर्ने वाध्यता भित्र किसानहरुको जीवन रुमल्लिएको हुन्छ ।

५. अध्ययन क्षेत्र परिचय

अध्ययनका निमित्त छानिएका जिल्लाहरु - वर्दिया, कैलाली र कंचनपुर, पश्चिम नेपालका तराईका अविकसित र पछौटे जिल्लाहरु हुन् । यिनमा वर्दिया र कैलाली जिल्ला मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा, कन्चनपुर जिल्ला सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा पर्दछन् । यी तीन वटै जिल्लाहरु नेपाल राज्यको एकीकरण अभियानको क्रममा सन् १७९० मा एकिकृत नेपालको भू-भाग बने । नेपाल अधिराज्य र इष्ट इण्डीया कम्पनीको बीच सन् १८१४-१८१६ मा भएको लडाई पश्चात भएको सुगौलि सन्धीद्वारा ब्रिटिश इण्डीयाको अधिनमा गयो । नेपालसंगको सो लडाईमा अवधका नवावले आर्थिक सहायता समेत दिइ अंग्रेज सरकारलाई मद्दत गरेकाले सरकारले अवधका नवावलाई त्यो क्षेत्र बकस दियो । सन् १८५५ मा अवधलाई कम्पनी सरकारको राज्यमा मिलाए पश्चात उक्त क्षेत्र कम्पनी सरकारको प्रत्यक्ष शासन भित्र रह्यो । सन् १८५७ मा भारतमा अंग्रेज सरकारको विरुद्ध ठूलो सैनिक विद्रोह भयो । यो आन्दोलनलाई दवाउन तत्कालीन नेपाल सरकारले अंग्रेजलाई मद्दत गऱ्यो । उक्त मद्धतबाट खुसी भएर अंग्रेज सरकारले नेपाललाई रापती देखि महाकाली सम्मको भूभाग फिर्ता दियो । सोही फिर्ता दिएको भूभाग भित्र यी जिल्ला पर्दछन् । नेपालमा यी जिल्लाहरु तुलनात्मक रुपमा पछि आवाद भएकाले "नयाँ मुलुक" पनि भनिन्छन् र पहिले यो क्षेत्रलाई औलोको कारण "कालापानी" भनेर संवोधन गरिन्थ्यो ।

यी तीनवटै जिल्लाको क्षेत्रफल करीव ६०१३ वर्ग किलो मिटर छ ।

५.१ वर्दिया

५.१.१ भौगोलिक स्थिति

वर्दिया, भेरी अंचलको दक्षिण सीमानामा अवस्थित जिल्ला हो । यसको सदरमुकाम गुलरिया हो । यो जिल्लाको उत्तरी भाग खेती नहुने जंगलले ढाकेको र चुरे पहाडको १३२६ मीटर सम्मका अग्ला डाँडाले भरिएको छ । बाँकी भाग तराई छ । तराईलाई दुई भागमा विभाजित गर्न सकिन्छ: वलौटै-भावर र पाँगो माटोको मैदान । भावर प्रदेश खेती गर्न अयोग्य छ र यो जंगलले भरिएको छ । पाँगो माटोको मलिलो मैदानी

सतहमा राम्रो उब्जा हुन्छ । पहाडबाट बसाई सरेर आउनेहरुले जंगल फाडेर बसोवास गरेकोले जंगल घट्दै गएको छ । यो जिल्लामा नेपालका ठूला नदी मध्येको एक कर्णाली, गेरुवा, ववइ र मान नदी वग्दछन् र सवै नदीहरु उत्तरबाट दक्षिण तिर बगेका छन् । मनसुनी हावापानी पाइन्छ । उच्चतम तापक्रम ४३ डिग्री सेन्टिग्रेटको आसपास सम्म हुन्छ । यस जिल्लामा २१०० मिलिमिटर सम्म वर्षा भएको रेकर्ड पाइएको छ । यहाको जंगलमा साल, असना, कर्मा कुम्मी, हर्रोवर्रो, सिन्दुरे टाटरी, सतिसाल, सिमल आदि रुख पाइन्छन् ।

५.१.२ जनसंख्या

मानिसहरु पहिले यस जिल्लामा बसोवास गर्न मन पराउदैनथे । औलो उन्मूलन भएपछि पहाडबाट मधेश तर्फ बसाई सरेर आउने प्रवृत्ति वर्दिया जिल्लामा पनि व्यापक रुपमा बढायो र यस्तो जनसंख्या उल्लेख्य रुपमा रहेको छ । वर्दिया जिल्लामा विभिन्न जात जातिको वसोवास छ ता पनि जिल्लाका अधिकांश बासिन्दा थारु जाति नै छन् । थारु जाति मध्ये दगौरिया, कठरिया र ठकेर जातिको वाहुल्यता रहेको छ । थारुहरुको आफ्नै भाषा छ । यसका अतिरिक्त वाहुन, क्षेत्री, नेवार, मगर, गुरुङ्ग, ठकुरी, वाजीहरुको वसोवास छ । वाजीहरु भारतीय सीमाना नजीकको नेपाली इलाकामा बस्दछन् र यिनीहरु अवधी भाषा बोल्दछन् । वसोवासका हिसावले पुराना वासिन्दा थारु, भारत तीरबाट आएका वाजी, मुसलमान र पहाडबाट बसाई सरेर आउने पहाडी मुलका मानिस गरी तिन किसिमका मानिसको सम्मीश्रण वर्दियामा देख्न पाइन्छ ।

विक्रम सम्वत २०४८ को जनगणना अनुसार वर्दियाको जनसंख्या २८९,८४० छ । जम्मा ४००९२ घर छन् र परिवार संख्या ४११९४ छ । प्रति परिवार सरदर ७.०४ व्यक्ति रहेको पाइन्छ । उक्त जनसंख्या मध्ये पुरुषको संख्या १४७४५४ र महिलाको संख्या १४२३८६ छ ।

जिल्लामा थारु, नेपाली, अवधी र अन्य स्थानीय भाषाहरु बोलिन्छन् ।

५.१.३ अर्थव्यवस्था

वर्दिया जिल्लाको अर्थ व्यवस्थामा कृषिको प्रधान्य रहेको छ । ९७% भन्दा बढी मानिस कृषिमा लागेका छन् । मुख्य बालीमा धान रहेको छ । त्यसपछिको बाली मकै हो । वर्दियामा तेश्रो स्थान तोरीको छ । गहुँ, कोदो, आलु, उखु, सनपाट र सुर्ती अन्य उब्जनी हुन् । वि.स. २०२१ सालको नापीको आधारबाट खडा भएको लगत अनुसार जग्गाको निम्न परिणाम देखिएको थियो । यद्यपी जंगल फडानीको कारण हाल सो

परिणाम फरक पर्न सक्त छ । सो वखतको नापीबाट अतिरिक्त पर्ति ३,६३८ विघा खेती योग्य जमीन रहेको देखिएको थियो ।

	धनहर (खेत)	भीट (पाखो)	जम्मा (विगाहा)
अव्वल	२३,३५९	२२,९२३	४६,२८२
दोयम	१२,६७९	१,१०१	१३,७८०
सीम	७,१५९	-	७,१५९
जम्मा	४३,१९७	२४,०२४	६७,२२१

नापीबाट ७,३१७ जग्गा धनी र ११,१९३ किसान मोही देखिएकोमा सोहि सालमा भूमिसुधार लागु भएपछि जग्गा धनीको संख्या बढेर ८,६२९ पुगेको देखिन्छ । भूमिसुधारको तत्कालिन रेकर्डबाट त्यसबेला जग्गाको आधारमा जग्गा धनीको आंकडा निम्न देखिएको छ :

२८ विघा भन्दा बढी जग्गा हुने	४८९
१५ विघा देखि माथि २८ विघा सम्म जग्गा हुने	७५२
१० विघा देखि माथि १५ विघा सम्म जग्गा हुने	५०२
४ विघा देखि माथि १० विघा सम्म हुने	१,२८५
४ विघा भन्दा कम हुने	५,६०१
जम्मा	८,६२९

यस जिल्लामा हदवन्दी भन्दा बेसि २८,४१० विघा जग्गा प्राप्त भएको थियो ।

कर्णाली, गेरुवा, लगायत सबै जसो नदीबाट जिल्लाको करिव ७०% जग्गामा सिंचाइ हुने गर्दछ । सिंचाइ वाह्रै महिना हुन्छ तर कच्ची नहर भएकोले मर्मत र सम्भारमा प्रशस्त परिश्रम लाग्दछ । भूमिगत जलश्रोतको पनि उपयोग गरिएको छ ।

५.१.४ उद्योग

उद्योगको दृष्टिबाट यो जिल्ला निक्कै पिछडिएको छ । वर्दियामा केहि घरेलु चीजवीजहरु उत्पादन हुन्छन् । थारुहरुले घर घरमा बनाउने वस्तुहरुमा, नाङ्गलो, सीपी जडिएको ढक्की, पंखा (वैना) हरु पर्दछन् । यहाँ केही चामल मिलहरु पनि छन् । विडी बनाउने, रक्सी बनाउने, स-मील, तेल पेल्ने मील र इटा भट्टा लगायत

नयाँ साना उद्योगहरु खुलेका छन् । यस्ता उद्योगहरु प्रायः सदरमुकाम गुलरिया र पहाडसंगको व्यापारको केन्द्र राजापुरमा केन्द्रीत छन् ।

वर्दिया जिल्ला यातायातको दृष्टिले दुर्गम नै मान्नु पर्दछ । हाल महेन्द्र राजमार्ग र गुलरिया-नेपालगंज सडक निर्माणाधीन अवस्थामा छन् । उत्तरमा चुरेको जंगल र अन्य सुरक्षित जंगल, दक्षिणमा भारतीय सुरक्षित जंगल, पूर्वमा मान खोला र पश्चिममा कर्णाली नदीद्वारा घेरिएको बर्दिया विकट अनुभव हुन्छ । जिल्लामा प्रचलनमा रहेका अन्य सडकमा मुर्तिहा-गुलरिया सडक, कटरनिया राजापुर सडक भारत जाने सडक हुन् । गुलरिया-सुर्खेत सडक र गुलरिया राजापुर सडक अन्य प्रमुख सडक मानिन्छन् ।

५.१.५ सदरमुकाम

वर्दियाको सदरमुकाम गुलरिया हो । यहाँ जिल्ला स्तरीय सबै कार्यालयहरु र जिल्ला प्रशासन कार्यालय छन् । वर्दियामा २६ वटा गाउ विकास समिति छन् ।

५.२ कैलाली

५.२.१ सदरमुकाम

कैलाली सेती अंचलको दक्षिणमा रहेको प्रसिद्ध जिल्ला हो । यसको सदरमुकाम धनगढी हो । यस जिल्लामा ३६ वटा गाउ विकास समिति र एक नगरपालीका छन् । त्यसमध्ये दुई गा.वि.स. चुरे श्रृखलाको पहाडी भागमा पर्दछन् । धनगढीमा अंचल तथा जिल्ला स्तरीय कार्यालय छन् र यहीं नै प्रमुख जिल्ला अधिकारी बस्दछन् ।

५.२.२ भौगोलिक स्थिति

कैलाली जिल्ला समुद्र सतहभदा ५८७ फिट देखि ६,४२० फिट सम्मको उचाईमा रहेको छ । जिल्लालाई भौगोलिक दृष्टिले चुरे क्षेत्र, भावर क्षेत्र र तराइ क्षेत्रमा विभाजन गर्न सकिन्छ । चुरे क्षेत्र अधिकांश जंगलले ढाकेको छ र यस भित्र सुंगरखाल र पण्डौन नामका दुई गा.वि.स. पर्दछन् । भावर क्षेत्र, चुरे पहाडको फेदमा तराइ क्षेत्र भन्दा उत्तर तर्फ अवस्थित छ । यो क्षेत्रको वनावट वालुवा, कंकड, फोस्रो माटोको सम्मीश्रणबाट भएको छ । उत्तरबाट दक्षिण तर्फ विस्तारै भिरालो पर्दै गएको यो भागको उचाइ ७५० फिट देखि १००० फिटको बीचमा पर्दछ । तराइ क्षेत्र ७५० फिट भन्दा होचो र नरम माटाको सम्मिश्रणबाट बनेको हुंदा कृषिका लागि

निक्कै महत्वपूर्ण छ । चुरेबाट निस्कने खोला, नदीहरु भावर क्षेत्रभरि जमीन मुनीबाट बहेर यस क्षेत्रमा जमीनको सतह माथि देखिन्छन् ।

यस जिल्लामा बग्ने प्रमुख नदीहरुमा कर्णाली, पथरैया, कहा, सुर्मा, कनरा, कटैनी, धुराहा, खुटिया, सुकुटेर मोहना आदि पर्दछन् । कैलाली जिल्लामा उष्ण हावापानी छ । यस जिल्लामा उच्चतम तापक्रम करिब ४० डिग्री सेन्टिग्रेट र न्यूनतम ८ डिग्री सेन्टिग्रेट सम्म रहन्छ । फागुन महीना देखि गर्मी बढ्दै जान्छ र वैशाख महीना देखि लु चल्न थाल्दछ । वर्षा नहुन्जेलसम्म यो कायम रहन्छ । वर्षाको रेकर्ड त्यति पत्यारिलो पाइदैन । तै पनि १६०० मिली मीटर पानी परेको सम्म रेकर्ड पाइएको छ । जिल्लामा मिश्रित, पतझड, मनसुनी वन र उष्ण प्रदेशको सदावहार वन पाइन्छ । जंगलमा पाइने रुखमा चाँप, दार, उत्तीस, सल्ला, साल, खयर, सिसौ, सिमल, सतिसाल आदि छन् ।

५.२.३ जनसंख्या

विक्रम सम्वत् २०४८ को जनगणना अनुसार जिल्लाको कुल जन संख्या ४,२०,०३५ छ जसमध्ये पुरुषको संख्या २११२८९ छ र महिलाको संख्या २०८७४६ रहेको छ । यो जनसंख्या औसतन ६.८९ व्यक्ति भएका ६१००१ परिवारमा अटाएको छ र ५९७३८ घरमा बस्दछ ।

५.२.४ कृषि

कैलालीमा ९७% भन्दा बढी मानिस कृषिमा आधारित छन् । करीव २.५% मानिस व्यापार, उद्योग व्यवसायमा लागेका छन् । यहाँ वि.स. २०२१ सालमा भूमिसुधार कार्यक्रम लागु भएको हो । अन्यत्र जस्तै सबै जग्गालाई धनहर र भीट गरी मुख्य २ शीर्षकमा विभाजन गरी जग्गालाई अवल, दोयम, सीम र चाहार गरी चार श्रेणीमा बर्गीकरण गरिएको छ ।

कर्णाली मोहना, पथरैया, कनरा, सुर्मी, घुराहा खुटीया आदि नदीनालाबाट कुलो खनी सिंचाइको व्यवस्था गरिएको छ । जिल्लाको पूर्वी क्षेत्र मलवारा तप्पामा कर्णाली नदीबाट रानी कुलोद्वारा पानी ल्याइ बाह्रै महिना सिंचाइको प्रवन्ध गरिएको छ । सिंचाइ योजना लागु भै सिंचाइको पनि व्यवस्था भएको छ । जिल्लाको करीव ४० प्रतिशत भाग वाह्रै महिना, ४० प्रतिशत भाग वर्षाद लागेपछि सिंचाइ हुने र बाँकी २० प्रतिशत खेती गर्न आकाशे झरीमा निर्भर रहनु पर्दछ ।

५.२.५ औद्योगिक स्थिति

उद्योग व्यापार :कैलाली मूलत कृषि प्रधान जिल्ला हुदा हुदै पनि यस क्षेत्रका अरु जिल्लाभन्दा उद्योग तथा व्यापारमा अगाडि छ । धान कुट्ने, तोरी पेल्ने मील, समील, इटा उद्योग, रेजिन एण्ड टर्पेन्टाइन उद्योग, सालसिडबाट तेल निकाल्ने उद्योग लगायत कैयौं आधुनिक उद्योगहरु धनगढी, सती, भजनी आदिमा खुलेका छन् । सानाना घरेलु उद्योग पनि प्रशस्त खुलेका छन् । यहाँका बासिन्दाहरुले खाट, खटीया, टोकरी, ठेकी, आरी, नाङलो, डोको, ढक्की, पंखा, सुकुल, छप्ती, माछा मार्ने जाल, हलो, गाडाको पांग्रा आदि बनाउदछन् ।

पहाडबाट मानिसहरु यहाँ सामान किन्न आउछन् । यसरी आउँदा पहाडमा पाइने चीजवीज ल्याउछन र मधेशको चीजवीज पहाड लैजान्छन् । यहाँ भारतका लखनउ, लखिमपुर, पिलिभित, वलरामपूर आदि ठाउबाट साहु महाजन आई पसल थाप्ने गर्दछन् । यिनीहरुले वस्तु विनिमयको आधारमा धान, चामल, तोरी, तोरीको तेल, मकै गहुँ पीना, जडीबुटी, छाला, सुठो भारत तर्फ लैजान्छन् । जिल्लाका विभिन्न भागमा बैंकका शाखाहरु खुलेकाले उद्योग व्यापारलाई सघाउ पुगेको छ ।

यस जिल्लाबाट महेन्द्र राजमार्ग जान्छ । धनगढी-डडेलधुरा राजमार्ग निर्माण कै चरणमा छ । धनगढीबाट सतीसम्म जाने बाटो बनेको छ । सदरमुकाम धनगढीमा विमानस्थल पनि छ । धनगढीमा विद्युत उपलव्ध छ । संचारको आधुनिक साधन टेलिफोन सेवा उपलव्ध छ ।

५.२.६ विकास

कैलाली अपेक्षाकृत विकसित मानिएको भए पनि यहाँको साक्षरता ३१% भन्दा बढी छैन । स्वास्थ्य क्षेत्र पनि पिछडिएको छ । स्कूल, तुलनात्मक रुपमा प्रशस्त खुलेका छन् । स्वास्थ्यकर खानेपानी उपलव्ध हुन सकेको छैन । इनार, ट्युववेल, पोखरी र खोलानालाबाट खानेपानीको आपूर्ति गरिन्छ ।

५.३ कंचनपुर

५.३.१ सदर मुकाम

नयाँ मुलुक अन्तर्गत पर्ने कंचनपुर जिल्ला महाकाली अंचलमा पर्दछ र यो पश्चिम तथा दक्षिणको भारतसित जोडिएको छ । यसको सदरमुकाम महेन्द्रनगर हो । यो महाकाली अंचलको पनि सदरमुकाम हो । यस जिल्लाको क्षेत्रफल १६६५ वर्ग

किलोमिटर छ । यस जिल्लामा एक नगरपालिका र २० वटा गाउँ विकास समिति छन् । महेन्द्रनगरमा जिल्ला एवं अंचल स्तरीय कार्यालय छन् र प्रमुख जिल्ला अधिकारी यहीँ बस्दछन् । यस जिल्लाका अन्य प्रमुख स्थानमा वेलौरी, वावास्थान प्रमुख छन् ।

५.३.२ भौगोलिक स्थिति

यो जिल्लाको भू वनौट पनि कैलाली र वर्दियाकै जस्तो छ । जिल्लाको दक्षिणी भाग ७५० फिट भन्दा कम उचाइको समतल तराइ भाग मलिलो उब्जाउ माटोले बनेको छ । यो भन्दा उत्तर तर्फ ७५० फिट देखि १००० फिटसम्मको फोश्रो माटो, कंकड वालुवा आदिले बनेको भावर क्षेत्र पर्दछ । भावर क्षेत्रमा खोलानाला सतह माथि देखिदैनन र जमिन पनि उब्जाउ छैन । यस क्षेत्रमा बाक्लो जंगल छ । यो भन्दा उत्तरमा चुरे पहाडी क्षेत्र पर्दछ जसको उचाइ अधिकतम ५०१३ फिट सम्म छ । चुरेलाई उद्गम बनाइ दक्षिण तर्फ बहने खोलानाला दोंदो, वनसरा, स्याली, चौथर, वहमनी आदिले तराइ क्षेत्रका जमीनलाई सिंचाइको लागि पानी दिन्छन् । यी खोलानालाका अलावा महाकाली नदी र मोहना नदीले पनि कन्चनपुर जिल्लालाई सिंचित गर्दछन् ।

यस जिल्लामा महेन्द्र राजमार्गमा पर्ने दैजो गाउ विकास समितिमा एउटा सुन्दर ताल छ । यसका अलावा सुडा गाउ विकास समितिमा वण्डा नामको ताल पनि छ ।

चुरे पहाडी श्रृखला छोडी समस्त क्षेत्रमा उष्ण हावा पानी छ । भावर र तराई क्षेत्रमा प्रशस्त गर्मी हुन्छ । फागुन देखि लु चल्न थाल्दछ र वर्षात नलागुन्जेलसम्म चली रहन्छ । यहाको तापक्रम कैलाली कै जस्तो छ र वर्षा पनि उस्तै हुन्छ । यहाँ पनि कैलाली कै जस्तो वन जंगल पाइन्छ ।

५.३.३ जनसंख्या

कंचनपुर जिल्लाको जनसंख्या वि.सं. २०४८ को जनगणना अनुसार २५८५०८ छ जसमध्ये पुरुषको संख्या १३१२७६ र महिलाको संख्या १२७२३२ छ । यो जनसंख्या सरदर ६.४१ व्यक्तिको ४०२९८ परिवार भित्र ३८७५० घरमा अटाएको छ ।

५.३.४ कृषि

अरु जिल्ला जस्तै यहाँ पनि ९७% भन्दा बढी मानिस कृषिमा नै निर्भर छन् । जमीनको स्वामित्वको नमूना कस्तो छ भन्नेमा खास तथ्य उपलव्ध छैन, तै पनि

२०३० साल तिरको जग्गा धनी तथ्याङ्क अनुसार त्यसवेला ४ बिगाहा भन्दा घटि जग्गा हुने ३,०२१ परिवार, ४-१० विघा सम्म हुने ६९२ परिवार, १०-१५ विघा सम्म हुने २८२ परिवार, १५ देखि माथि हुने ३१९ परिवार देखिन्छन् ।

प्रमुख वालीमा धान, गहुं, मकै, मुसुरो र तोरी मानिन्छन् । यहाँ वर्षे, हिउँदे दुबै वाली लगाइन्छ । सिंचाइका लागि महाकाली सिंचाइ योजना लागु छ । यो बाहेक अन्य खोलाबाट पनि सिंचाइका लागि पानी उपलव्ध हुन सक्तछ तर सिंचाइको व्यवस्था कम देखिन्छ ।

५.३.५ उद्योग

यहां स्थापित उद्योगहरुमा धान, तेल र पीठो मीलहरु, इटा भट्टा, स-मील, विडी तथा मिठाइ कारखाना लगायत आधुनिक घरेलु उद्योगहरु पनि पर्दछन् । गाउका मानिसलाई आवश्यक पर्ने दैनिक उपभोगका सामानहरु गाउलेहरुले यथासम्भव आफै बनाउछन् ।

जिल्लाको प्रमुख व्यापारिक केन्द्र महेन्द्रनगर नै हो । यहाँबाट डोटी, वाजुरा, वझाङ र अछाम जिल्लाहरुमा मालसामान पठाइन्छ ।

५.३.६ विकासको स्थिति

महेन्द्र राजमार्गको ४४ किलोमीटर बाटो यसै जिल्लामा पर्दछ । यहाँ बाट डडेलधुरा जान सकिन्छ । महेन्द्रनगरको नजीकमा पर्ने मझगाउमा विमानस्थल छ । महेन्द्र नगर र यसका आसपासमा विजुली उपलव्ध छ । आधुनिक टेलिफोन सेवा पनि यहां उपलव्ध छ।

शिक्षा, स्वास्थ्यको क्षेत्रमा यो जिल्लाले तुलनात्मक रुपमा प्रगती गर्न सकेको छैन ।

५.४ थारु जनजीवनको सामान्य परिचय

५.४.१ कमैया र थारु

उल्लेखित तिनै जिल्लामा थारु जनसंख्याको वाहुल्यता छ । साथै कमैया प्रथामा ज्यादै नराम्ररी जकडिएको जाति पनि थारु नै हो । यद्यपि कमैया प्रथा अन्तर्गत जीविका गर्ने अरु जातिको संख्यालाई सानो या कम भन्न मिल्दैन तापनि कमैया भन्ने शब्द थारुहरुकै पर्यायवाची भएर रहेको छ । यसकारण कमैयाको प्रसंगमा थारु जातिको

जनजीवनका विविध पक्ष एवं संस्कृतिको जानकारी आवश्यक हुन सक्दछ । कमैया प्रथाको संवन्ध संस्कृतिमा कति परेको रहेछ भन्ने हेर्न, मुल्याङ्कन गर्न यसबाट सजिलो हुन सक्नेछ ।

तिनै जिल्लामा अन्तर्वार्ता गरिएका कमैयाको संख्यामा थारुको प्रतिशत ९३.२ थियो भने अन्तर्वार्ता गरिएको कमैयाको जम्मा संख्या १७७२८ छ । सर्भेक्षणका क्रममा वर्दियामा ९३.६५ र कैलालीमा ९५.३५ र कंचनपुरमा ९०.७५ थारु जातका कमैयासंग सम्पर्क गरिएको थियो ।

५.४.२ थारुको उत्पत्ति र जन जीवन

नेपालमा मोटामोटी २४ जातिका थारुहरु पाइन्छन् । त्यसमध्ये कैलालीमा राना, परिहार, वोकटान, दङ्गौरा, मलवारिया, कठवारिया जातका थारु बसोवास गर्दछन् । यसमा राना र दङ्गौरा थारुको बाहुल्यता छ । कंचनपुर जिल्लामा खुना, दङ्गौरा र राना थारुहरुको वाहुल्यता छ । वर्दियामा दगौरिया, कठरिया र ढकेर गरि ३ जातका थारुहरु वसोवास गर्दछन् ।

नेपालको तराइ भू-भागमा प्राचीन कालदेखि बसोवास गर्ने विभिन्न जातिमध्ये थारु एक प्रमुख जाति हो । यिनीहरुको संख्या पनि तुलनात्मक रुपमा ठूलो छ र यिनीहरु मेचीदेखि महाकालीसम्म फैलिएका छन । यिनीहरु तराइका आदिवासी मध्ये प्रमुख पर्दछन् र यिनीहरुको राष्ट्रियता र राष्ट्रप्रतिको आस्था तुलना गर्न नसकिने छ । थारु जातिको उत्पतिबारे विभिन्न दृष्टिकोण रहेका छन् । किम्बदन्तीका रुपमा धेरै कुरा सुनिए पनि डोर बहादुर विष्टले थारुहरु शाक्य वंशज हुन् भनेर यिनीहरुलाई यही क्षेत्रकै आदिबासीको रुपमा किटान गरेका छन् । श्री वावुराम आचार्य र जनकलाल शर्माले पनि यिनीहरुको उदगम नेपाल भित्रै छ भनेर तर्क दिएको पाइन्छ । रमानन्द प्रसाद सिंहले पनि थारुहरुको उत्पत्ति नेपालमा भएको हो र उनीहरु शाक्य वंशिय हुन भनेर किटान गर्नु भएको छ ।

राना थारुहरु आफूलाई राजपूत भन्दछन् । भारतमा मुगलवाट राजपुत पराजित हुदै गए पछि उनीहरुका पत्नीहरु नोकरलाइ लिएर उत्तर भारत हुदै यस भेगमा आए । उनीहरुका पति लडाइमा मारिएकाले उनीहरु नोकरसंग सम्वन्ध वनाइ वस्न वाद्य भए । राजपूत महिलाहरुले नोकरबाट जन्माएका सन्तान नै राना थारु हुन भन्ने जनश्रुती छ । यी घरका आइमाइले, लोग्नेलाई भान्सामा जान नदिने, भात दिंदा भान्साबाट वाहिर ल्याएर दिने गर्दछन् र यसैलाई उक्त कुराको प्रमाणको रुपमा लिने गरेको पाइन्छ ।

दङ्गौरा थारुको मूल थलो दाङ्ग उपत्यका हो । दाङ्गबाट वसाई सर्दै विभिन्न जिल्लामा गएका थारुलाइ दङ्गौरा भनिन्छ । यी थरका थारुको संख्या अरुको भन्दा बढी नै पाइन्छ ।

थारु जाति भित्र धेरै संप्रदायहरु समेटिएको हुँदा थारु संस्कृति संप्रदाय विशेष अनुरुप फरक पाइन्छ । कंचनपुरमा राना र दंङ्गौरा थारुको संस्कृतिमा ठूलो फरक भेटिन्छ । उनीहरुको भाषा, विहेवारी, लवाई, खवाई, चाडपर्व, देवीदेवता पूजा-आजा आदिमा गहिरो भिन्नता छ ।

आमरुपमा थारुहरुको आकृति मंगोलहरुको जस्तै हुन्छ । यिनीहरु तुलनात्मक रुपमा कालो वर्णका, राइ लिम्वु भन्दा केही उचाई र त्यस्तै आँखा भएका, कम दाह्री जुंगा पलाउने वाटुलो चेहराका हुन्छन । थारुहरुको आफ्नै भाषा हुन्छ । तर पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएकोले यिनीहरुको भाषा अन्य स्थानीय भाषावाट प्रभावित भएको छ । सप्तरी तीर मैथली, वारातिर भोजपुरी र कैलालीतिर अवधी संग मिश्रित छ । यिनीहरुको आफ्नो लिपी छैन, देवनागरी लिपी नै प्रयोग हुन्छ ।

थारुहरु माछा मासु रक्सी खान्छन् । भात यिनीहरुको मुख्य खाना हो । मासुमा कुखुरा, परेवा, सुंगुर इत्यादि मुख्य छन् ।

थारुहरु प्राय: एक तल्ले फुसका घरमा बस्तछन् । उनीहरुको भान्सा घर, गोठ घर, सुत्ने घर अलग अलग हुन्छ । हाल आएर धनीहरु दुइ तले तथा पक्की घर पनि बनाइ बस्न थालेका छन् ।

यिनीहरुको आफ्नै भेषभूषा हुन्छ । लोग्ने मानिसले घुडासम्म छोप्ने ठूलो धोती र अठन्नी, चवन्नी आदि सिक्का जडान गरी टाँकको रुपमा प्रयोग गरेको इष्टकोट लगाउदछन् । धोतीमा बाहिरबाटै देखिने गरी मोटो धागाको कालो कन्दनी लगाएका हुन्छन् । त्यसमा पनि रङ्गी विरङ्गी धागोका फुर्काहरु र कम्पनी, अठन्नी, चौवन्नी जडेका हुन्छन् । हातमा तथा घांटीमा पनि त्यस्तै किसिमको मोटो धागोको वाजु तथा माला पहिरन्छन् । दङ्गौरा थारुले जति ठूलो धोती भए पनि लगौटी बनाएर अगाडी पछाडी फुर्का निकाल्दछन् । थारुहरुले टोपी लगाउदछन् । टोपी बुट्टा भरेको हुन्छ । खुट्टामा काठको पोला (जुत्ता) लगाउदछन् । आजकाल थारु केटाहरुले वुसर्ट, पाइन्ट, पाइजामा जस्ता आधुनिक कपडा लगाउन थालेका छन् ।

आइमाइहरु कपाल नवाटी ठाडो चूल्ठो पार्दछन् । टाउको पछ्यौराले ढाकेका हुन्छन् । थारु आइमाईहरु गहना मन पराउदछन् । यिनीहरुका अधिकांश गहना चाँदीका हुन्छन् । नाकमा सुनको फुली, नथुनी, काठको टरकी र चादीको वीर लगाउदछन् ।

घाँटीमा रङ्गी विरङ्गी मुगाको माला र कण्ठ श्री लगाउदछन् । निधारमा चाँदीको सिक्रीले बनाएको मगौरी लगाउदछन् । चोली सानो र छोटो हुन्छ, पेटको पूरा भाग देखिन्छ । तुना पछाडि बाँधेको हुन्छ । चोलीमा विसौं किसिमका टाला कपडा र ऐनाका टुक्राहरु जोडि बुट्टा निकालेको हुन्छ । घर बाहिर निस्कदा कालो (पछ्यौरा) वर्को ओढ्दछन् । घुडासम्म छोटो पटरिया, लहंगा (घांघर) लगाउदछन् । हातमा र खुट्टामा चेप्टा कांसका चुरी, कारा, तथा पाखुरामा रंग विरंगी धागोका झुम्का बनाइ सिक्का र ऐनाको टुक्रा जडेको बाजु लगाउदछन् । यिनीहरुका पोसाक आकर्षक र खुबै सिंगारिएका हुन्छन् ।

थारु परिवारमा बच्चा जन्मदा जन्मेकै दिन इष्ट मित्रलाई बोलाई भोज खुवाउदछन् । कंचनपुर जिल्लामा केहि दिन पछि "घटवा करेना" कार्य गराइ सुत्केरीको पानी चलाउदछन् । न्वारान, व्रतवन्ध गर्ने चलन हुदैन । छोराको छेवर ५/६ वर्षमा मामाद्वारा गराउदछन् । वच्चाको नाम राख्ता जन्मेको वार, जन्मेको ठाउँ वा जन्मेको वेला उसको वावु गएको ठाउ वा कुनै खास घटना घटेको भए सो घटनाको आधारमा राखिन्छ ।

थारु समाजमा विवाहलाई खुबै महत्व दिइन्छ । भगाएर र पहिलेदेखि कुरा चलाएर गरिने गरी विवाह दुई किसिमबाट गरिन्छ । यिनीहरुमा अनमेल र वाल विवाह पनि प्रचलित छ । सात आठ वर्षको केटासंग पन्ध्र सोह्र वर्षकी केटी विहे गरिदिने चलन पनि छ । साटो विवाह पनि प्रचलित छ । लमीलाई मझपटिया भन्दछन् । विवाह माघ, फागुन तिर गर्दछन् । जन्ती लैजान्छन् । आफ्नै पुरोहित गुरुवाले विवाह विधीपूर्वक तन्त्रमन्त्रद्वारा गराउदछ । विहे ५/६ दिनसम्म चल्दछ । भाउजु देवरसंग बस्ने चलन पनि देखिन्छ । केटाले केटी पक्षलाई झाङा (विवाह खर्च) बुझाउनु पर्दछ । तर साटो गरिएको भए यस्तो रकम बुझाउनु पर्दैन । सट्टामा दिनको लागि केटी वा झाङ्गा मध्ये केही पनि दिन नसक्नेले दुलहीको माइतीमा कमैयाको रुपमा काम गरी चुक्ता गर्ने चलन पनि छ । विवाहमा माछा, मासु, रक्सी, पुडी, जिलेवी प्रशस्त ख्वाउने चलन छ । भोज-भातमा प्रशस्त खर्च गर्दछन् ।

थारुहरु लाशलाई जलाउँदैनन्, गाड्दछन् । काजक्रिया गर्दा गुरुवा तथा भर्रा लगाउँछन । तीन, चार वा सात दिनको क्रिया बार्दछन् । कसै कसैले मरेकै दिन घडा फोडेर क्रिया समाप्त गर्दछन् र भोज खान्छन् । मरेको दिन कुखुरा र सुँगुरको बली दिने चलन छ । जुठो परेको पाँचौ दिनमा भोज खुवाउदछन् । एक वर्ष पछि श्राद्ध गर्दछन् ।

थारुहरु संयुक्त परिवारमा रहन मन पराउदछन् । ३/४ पुस्ता पनि नछुट्टिई संगै बस्दछन् तसर्थ यिनीहरुको परिवार ठूलो हुन्छ । घरको मूलीको निर्देशनमा घर

चल्दछ । बाबु वा जेठो छोरो वा छोरा मध्येको अलिक चल्ता-फिर्ता, बोल्न सक्ने पुरुष, घरको मुख्य हुन्छ । घरकी आइमाइ मध्ये, सासु वा बुढी सासु वा जेठी बुहारीको खटन पटन घरभित्र चल्दछ । यस्तालाई घर घुर्न्या भन्दछन् । गाउमा एक जनालाई मुख्य बनाएर राख्दछन् जसलाई डगौरा थारुले "बडघरिया" र राना थारु "भलमानसा" भन्दछन् । कैलालीमा घरको मुलीले छानेको व्यक्तिलाई मइतो भन्दछन् । राना थारु र डगौरा थारुमा अनेकौं सांस्कृतिक तथा व्यवहारिक भिन्नता हुन्छन् । रानाहरुको चाल चलन, व्यवहार, भारतीय थारुहरुसंग मिल्दो जुल्दो हुन्छ भने डगौराको आफ्नै मौलिक संस्कृति हुन्छ । रानाहरु होली, तीज मनाउदछन् , तर डगौराहरु चै तिहार जस्ता चाड पनि मनाउदछन् । थारुहरु धामी झांक्री तन्त्र मन्त्रमा विश्वास गर्दछन्, रोग लागेमा देवता रिसाएको ठान्दछन् । गुरुवाद्वारा शान्ति स्वस्ति, फाकफुक गराउदछन् । यिनीहरुमा अन्धविश्वास पर्याप्त पाइन्छ ।

दगौरा थारुको प्रमुख चाड गुरिया (साउने सक्रान्ती) हो । थारुहरु, धान रोपी सकेपछि हर्दिवा, धान काटेपछि औली, धानको दाई सकिएपछि पिंढीया भन्ने चाड मनाउदछन् । माघे सक्रान्तीलाई माघी भनिन्छ र यो चाड तीन दिनसम्म मनाइदछ । वर्दियाका थारुले हुडीया, माघी, रेहरी, दशै, तिहार, फागु, खिचरी, कजरी, जिठा आदि चाड मनाउदछन् । माघीमै कमैया खोज्ने या टुङ्गो गर्ने चलन हुन्छ । यिनीहरु चाड पर्व धुमधामसंग मनाउदछन् । घरमा धन नहुनेले कर्जा गरेर भए पनि खर्च गर्दछन् । खुब नाचगान चल्दछ । थारुहरुका प्रमुख नाचमा सखिया नाच, महर्वा अथवा लठ्ठहवा नाच र कठघोरी नाच पर्दछन् । रानाहरुमा "बन्ना नाच" प्रसिद्ध छ । चाड पर्वमा कर्जा गरेर भएपनि खुव खर्च गर्ने कारण थारुहरु जग्गा जमीन सकेर कमैया बस्तछन् । गरीव, कमैयाको कमैयामा नै मर्दछ, सन्तान पनि कमैया नै रहन्छन् ।

गाउंका समस्याहरु भलमानसा वा वडघारिया वा महत्तो को नेतृत्वमा सबै गाउलेको सभाद्वारा टुङ्गो लगाउदछन् । यस्ता समस्याहरु विभिन्न मुद्दा-मामिला, कुलो-पानी, खेती-वाटो, पुल, देवी-देवताको पूजा-आजासंग सम्बन्धित हुन्छन् । गाउ सभाले गरेको फैसलाको सबैले राम्ररी पालना गर्दछन् । महत्तो वा भलमानसा वा वडघरियाले मान-सम्मान पाएका हुन्छन् र उनीहरुलाई गाउलेले वेगारी (श्रम) दिन्छन् । हरेक उत्सव वा भोजमा उनीहरुलाई आदरका साथ निमन्त्रण गर्दछन् ।

थारुहरुको मुख्य पेशा खेती हो । उनीहरु पशुपालन, माछा मार्ने, जंगल जाने गरेर पनि जीविकोपार्जन गर्दछन् । खेतीको पुरातन पद्धती भएकोले उब्जा बढ्न सकेको छैन । त्यसैले अधिकांश थारुहरु गरिवीको रेखा मुनी रहेका पाइन्छन् । उनीहरुको आर्थिक अवस्था राम्रो छैन । डा. मेदिनी प्रसादका अनुसार "कैलालीका थारु जाती आफ्नो जग्गाको मालिक भइ बस्न असुरक्षित संझन्छन् । जग्गा भएपछि खेती गर्न

विउ, गोरु, पानीको व्यवस्था गर्न झन्झट मान्दछन् । सुख्खा परेको वर्ष झन मालपोत तिर्न र कमाइ लगाउने कुरालाई लिएर झंझट मानी डराउछन् । धेरै जग्गा हुनेले आफ्नो जग्गा बेचेर किन्नेकै कमैया भएर वस्तछन् । कमैयाले आफ्नो घरमा खाएर मालिकको जग्गा जोत्ने, धान लगाउने र त्यसको हेरचाह गर्दछ ।"

थारुहरुमा ज्यादा खर्च गर्ने चलन हुन्छ । यिनीहरु पाहुनाको सत्कारमा, जांड दारुमा, चाड पर्व उत्सवमा, विहावारी लगायतका संस्कारमा हुने भोजभातमा धेरै खर्च गर्दछन् । उनीहरुको आम्दानीको श्रोत पुरानो ढंगको खेती हो र आवश्यक खर्चका निमित्त उत्पादनबाट नपुग्ने हुँदा आफ्नो सम्पत्तिको मुख्य आधार जग्गा जमीन र अन्य सम्पत्तिका रुपमा रहेका आफुसंग भएका पशु इत्यादी बेच्दछन् । यसबाट उनीहरु दिन पर दिन जग्गा जमीन नहुने सुकुम्वासी गरीबमा परिणत भै रहेका छन् र अर्काको घरमा कमैयाको रुपमा वांधा मजदुर या कमाराको रुपम जीवन यापन गर्न वाध्य भएका देखिन्छन् ।

६. कमैया प्रथाको उत्पत्तिका कारणहरु

६.१ कमैयाको परिभाषा

कमैयाको अर्थ शब्दकोषमा यसरी दिइएको छ - "साह्रै जोतिन सक्ने, कमाइवाल, आर्जनी, पौरखी वा हिकमती, जग्गा धनीवाट नगदी वा जिन्सी लिएर सपरिवार अर्काको जग्गा कमाउने वा सो सरहका किसान ।" यो परिभाषाले कमैयाको वर्तमान वास्तविक स्थिति देखाउदैन तर कमैयाहरुलाई काममा जोत्न सकिने रहेछ भन्ने कुरा चैं स्पष्ट इगित गर्दछ । उपरोक्त आधारमा यो शब्दका निम्न पक्ष देखिन्छन् - (१) काममा साह्रै जोतिने खालको (२) खेतीमा प्रयोग हुने (३) नगदी वा जिन्सी लिएर र (४) आफू समेत सपरिवार संलग्न हुने श्रम/श्रमिक । यसरी कमैया भन्नाले खेती र त्योसंग सम्बन्धित कामका निमित्त लगाइने जनशक्ति हो भन्ने प्रष्ट हुन्छ । शब्दकोषमा उल्लेख गरिएको नगदी वा जिन्सी लिएर काम गर्ने भन्ने कुरा त ठीक हो, तर त्यस्तो नगदी वा जिन्सी कुन कुन शर्तमा र कसरी लिइन्छ र त्यसको हिसाव कस्तो हुन्छ भन्ने कुरामा नै कमैयाको मुल रहस्य छिपेको पाइन्छ । शब्दकोषले कमैया शब्दको राम्रै भाव व्यक्त गरे पनि "कमैया" भित्र लुकेर रहेको वास्तविकताले मानव शोषण, जुल्म र अत्याचारको कथा मात्र व्यक्त गर्दछ । त्यो कथाले कमैयालाई दास वा वांधा सरहको काम गर्ने कामदारको रुपमा प्रस्तुत गर्दछ ।

कमैया वस्तुत: कामदार त हो तर त्यसको हालत सामान्य कामदारको सरह नभै नेपाल लगायत विश्व मै उन्मूलन भै सकेको कमारा वा दास प्रथा, जसलाई वांधा पनि भनिन्छ सरह रहेको हुन्छ । त्यसैले यो मानव शोषण, उत्पीडनको प्रतिविम्वको रुपमा, सभ्य मानव जातिको निमित्त कलंकको रुपमा उपस्थित भएर रहेको छ ।

६.२ दास प्रथाको अन्त्य

नेपालमा कमारा कमारी (दास) प्रथाको अन्त्य आज भन्दा झण्डै ६८ वर्ष अघि राणा शासन कालमा भएको हो । राणा प्रधान मन्त्री देव सम्शेरले सवभन्दा पहिले यो प्रथाको अन्त्य गर्न खोजेका थिए । तर उनी सफल भएनन । त्यसपछि चन्द्र सम्शेरले

कमारा कमारी उन्मूलनको काम गर्नका लागि सन् १९२५ मा एक सरकारी विभाग गठन भयो । तत्कालिन तथ्याङ्क अनुसार नेपालमा त्यस बेला कूल ५९,८७३ कमारा कमारी थिए । चन्द्र शमसेरको आव्हानको कारण मालिकहरुले स्वेच्छाले ४६५० लाई अमलेख गरिदिए । एकसय चौध जना दास दासीहरु आफ्नो मोल आफै तिरेर स्वतन्त्र भए । सरकारले ५१७८२ जनालाई अमलेख गर्न रु. ३६७००००/- ति-यो । उक्त रुपैया पशुपति गुठीबाट लिइएको थियो । अमलेख भएका दास दासीहरु (कमारा कमारीहरु) मध्ये अधिकांश आ-आफ्नो स्वेच्छाले आ-आफ्ना नातेदार वा इष्ट मित्र वा चिन्हेका मानिस भए तर्फ लागे । कोही नहुने वा कतै जान नचाहनेलाई सरकारले हालको वारा जिल्लाको अमलेखगंजमा जग्गा दिएर वस्ती वसाइ राख्यो ।

६.३ कमैया र जवर्जस्ती श्रम

नेपालमा दास प्रथा मात्र प्रचलनमा थिएन । कानूनन विना पैसा अनिवार्य काम लिंने प्रचलन वा व्यवहार पनि थियो । जवर्जस्ती तर विना पैसा (Compulsory and unpaid) काम लिने अधिकार केवल सरकारलाई मात्र हुन्थ्यो । त्यस्तो श्रम लिनेलाई झारा, वेठ, वेगर तथा रकम भनिन्थ्यो । झारा वेठ वा वेगर जस्ता अनिवार्य र विना पारिश्रमिक काम लिने सम्बन्धमा निश्चित नियमहरु पनि स्थापित भएका थिए । यस्तो विना पारिश्रमिक झारा, वेठ, वेगर लिने सरकारको अधिकारको प्रयोग जिमिदार, जिम्मावाल, विर्तावाल, जागिरदारहरुले पनि गर्न थाले । कानूनत: उनीहरुलाई यस्तो अधिकार थिएन, तापनि जमिन्दार, विर्तावालहरुले मुद्दा मामिला हेर्न पाउने, मालपोत उठाउने, नामसारी दर्ता इत्यादि जग्गाको प्रशासन समेत हेर्न पाउने हुदा उनीहरुले मानिसबाट जवर्जस्ती विना पारिश्रमिक काम लिँदा कसैले रोक्न सक्तैनथ्यो । मानिसहरु पनि उनीहरुलाई रिझाउन काम गरिदिने गर्थे । त्यसले विस्तारै विना पारिश्रमिक काममा लगाउने स्थिति बसेर गयो, जुन पछि गएर विर्ता उन्मूलनसंगै समाप्त भयो । कमैया प्रथाको उदगम, सोही जवर्जस्ती श्रम गराउने प्रचलनसंग सम्बन्धित त छैन भन्ने गंभिर प्रश्न उठाउन सकिन्छ ।

६.४ कमैया हुन पर्ने बाध्यता

नेपालको तराइका अधिकांश भागमा औलोको प्रकोप थियो । मानिसहरु तराइमा बस्न डराउथे । तराइका स्थानिय वासिन्दा वाहेक अरु तराइमा बसोवास गर्न चांहदैनथे । त्यस बेला "एक रुपैयाको चामलले किरिया गर्न पनि पुग्छ" भन्ने उखान व्याप्त थियो । आवादीको अभावमा तराइमा बाक्लो जंगल थिया । भै रहेका खेतहरु पनि आवाद हुन सक्तैनथे, वांझै रहन्थे । वर्दिया, कैलाली र कंचनपुरलाई त कालापानी नै भनिन्थ्यो । यसबाट सरकारको मालपोत वांकी रहने हुँदा राजस्व असुलीमा प्रतिकूल प्रभाव परेको थियो । अर्को तर्फ ठूला ठूला जागिरदारले तराइमा

विर्ता पाएका हुन्थे । तिनीहरुले जग्गा कमाउने व्यक्ति पाउदैनथे । जग्गा कमाउने व्यक्तिहरु आउन भनेर अनेकौ लालच र प्रोत्साहन दिइने गरिन्थ्यो । यस्ता कार्यका लागि त्यस्तै क्षेत्रमा वसोवास गर्ने आदत भएका मानिस नै टिक्न सक्ने हुदा सबैको दृष्टि थारु जाति तर्फ गयो । दाङमा थारु समुदायको संख्या ठूलो थियो र उनीहरुलाई खेती गर्ने जमिनको आवश्यकता पनि परेको थियो । अर्का तर्फ उनीहरु जमिन्दारीको शोषणको मारबाट बच्न अर्को क्षेत्रमा जान पनि चाहन्थे । यसरी उक्त कालापानी क्षेत्रमा जग्गा आवाद गर्न थारु जातिका किसानलाई लैजान थालियो । उनीहरुले जंगल फांडेर, औलोसंग मुकावला गरेर वस्ती बसाए, जग्गा आवाद गरे । उनीहरुको जनसंख्या निकै बढेर गयो । औलोको प्रकोप समाप्त भएपछि अरु क्षेत्र पहाड, मधेश चारै तर्फबाट बसाइ सरेर आउने बाढीले पनि उनीहरुको संख्यालाई सानो गराउन सकेको छैन । औलोको उन्मूलन पछि अन्यत्र बाट आउनेले यहांका सोझा, सादा इमान्दार र सरल हृदयका थारुहरुवाट झुक्याएर, कम पैसा दिएर, कर्जा लगाएर, मुद्दा मामिलामा फसाएर उनीहरुका जग्गा हत्याए । थारुहरु मस्त प्रकृतिका, रमाइलो गर्नु पर्ने, झंझट गर्न नचाहने, फुक्का खर्च गर्ने, अनपढ, उदार र सरल हृदयका हुन्छन् भन्ने माथिनै उल्लेख भै सकेको छ । त्यसैले छलकपटको शिकार भएर उनीहरुको जग्गा समाप्त हुनु कुनै अनौठो कुरा होइन । सस्तोमा या फोकटमा जग्गा प्राप्त गरेपछि खेतीका लागि सस्तो श्रम प्राप्त गर्न चाहनु अस्वाभाविक कुरा होइन । फेरी रोजगारीका अवसर कम हुदै गए पछि श्रम आपुर्ति माँगभन्दा वेसी हुन सक्ने भै सस्तो श्रम प्राप्त हुने कुरा अर्थशास्त्रको सामान्य नियम हो । अर्को तर्फ कर्जा तिर्न अर्को उपाय नभए पछि सो रकम साधन गर्न शारीरिक श्रम नै एक मात्र उपाय हुने कारण साहुको घरमा स्वयं वा छोरा, छोरीलाई राख्न पर्ने बाध्यतालाई बुझ्न सकिन्छ । यी सवै कारणहरु कमैया प्रथाको आधार हुन सक्ने कुरालाई तर्क, तथ्य र आंकडाले पुष्टी गर्दछन् ।

६.५ कमैया प्रथाको मान्यताका कारणहरु

कमैया वस्ने प्रथालाई थारु जातिले सामान्य रुपमा लिएको देखिन्छ । केही अपवादलाई छोडेर कैयौ पुस्तादेखि आजसम्म कमैया भएर जीवन व्यतित भएकोमा पश्चाताप या प्रतिशोधको भावना व्यक्त गरेको वा कसैलाइ आरोप लागाएका पनि पाइएन । किन कमैया भएर बसेको त भनेर प्रश्न गरियो भने अधिकांश कमैयाहरु "यस्तै हो, हाम्रा वावू वराजुले पनि यसै गरेका थिए, खानका लागि कमैया बस्नै प-यो, आफ्नो घर सम्पति छैन के गर्ने त" भनेर जवाफ दिने गर्दछन । अध्ययनको सिलसिलामा कमैयाहरुले, स्थानिय बुद्धिजीवी, सामाजिक कार्यकर्ता, राजनैतिक पार्टीका कार्यकर्ताहरु लगायतसंग भएका कुराकानीमा कमैया हुनुपर्ने कारणहरु निम्न बताएका छन्-

(क) कमैया प्रथाले स्थापित प्रथाको रुपमा सामाजिक मान्यता प्राप्त गर्नु,

(ख) आफ्नु वावु वाजेको सम्पतिवाट हक लिन नसक्नु र अंश नपाउनु,,

(ग) गर्ज पर्दा व्यवहार चलाउनका निमित्त आफ्नो सम्पति (जग्गा जमीन) भोगवन्धकी राख्न वा वेच्न वाध्य हुनु,

(घ) रकमी, जाली जमिन्दार, सामन्तीले जालझेल र षडयन्त्रद्वारा हडप गरेका जग्गा-जमीनको स्वामित्व फिर्ता गर्न नसक्नु,

(ङ) आफ्नु भएको थोरै जग्गा पनि अरु कसैलाई वटैया दिएर आफू कमैया वस्नु, यस्तो हुनाको कारणमा खेतीका लागि आवश्यक पर्ने खेती खर्च, गोरु-रांगा, विउ खरिद गर्न आफूसंग श्रोत नहुनु र यिनै कारणले जग्गामा वाली लगाउन र स्याहार गर्न नसक्नु देखिन्छन् ।

(च) घर व्यवहार, चाडपर्व, विवाह, काज-क्रिया, सुत्केरी उकास्न, विरामी उपचार तथा खान नपुग्नाको कारण लिएको ऋृण तिर्न नसक्नु तथा बाबु बाजेले खाएको ऋृण आफ्नो थाप्लामा आइ पर्नु,

(छ) कमैया बस्नु पर्ने वाध्यतामा परेका वर्गको आर्थिक सुरक्षाको समूचित व्यवस्था नहुनु,

(ज) उनीहरु अचेतन, अज्ञानी, निरक्षर, सोझा, निश्चल, इमान्दार भएकोले कुनै निर्णय र तर्क गर्न सक्ने नहुनु तथा वाद विवाद, झंझटमा फस्न नचाहनु र डराउनु,

(झ) आफूलाई आवश्यक परेको कुरा प्राप्त गर्नका निमित्त आम्दानीको लागि भरपर्दो अर्को वैकल्पिक रोजगारी नपाउनु,

(ञ) खेती गर्न बाहेक आफूमा उत्पादन गर्न सक्ने अन्य कुनै विशेष शीप नहुनु, त्यसका लागि सिर्जनात्मक एवं वौद्धिक क्षमता नहुनु,

(ट) वर्गीय मनोदशात्मक संस्कार र खान पाए पुग्ने धारणा भित्र सीमित आकांक्षा हुनु,

(ठ) जाति विशेष नै सामाजिक, आर्थिक, राजनैतिक तथा अन्य अनेकौं कुराबाट पछौटे हुनु,

(ड) जारी तिर्नेले इज्जतको सवाल बनाएर आर्थिक हैसियत भन्दा बढी कर्जा गरेर पनि तिर्नु,

(ढ) कतिपय विवाह खर्च (झारा) ससुरालाई तिर्न नसक्ता पनि ससुरालीमा कमैया बसेर समाधान गर्ने प्रचलन रहनु ।

६.६ कमैया प्रथाको शुरुवातका संभावित कारणहरु

कमैया प्रथा कहिले देखि उत्पत्ति भएको हो र कसले यसको शुरुवात गरेको हो भन्ने वारेमा कसैले बताउन सकेन, न त यस बारेमा कुनै तथ्ययुक्त ऐतिहासिक विवरण पत्ता लाग्न सक्यो । किन कमैया प्रथाको जन्म भयो या कमैया हुनुका कारण के हुन् भन्ने वारेमा धेरै कुराहरु किटान गर्न सकिने अवस्था छ तर कैले देखि शुरु भयो भन्न सकिने अवस्था विद्यामान छैन ।

यसको थालनीको सन्दर्भमा एउटा तर्क के गरिएको छ भने कमैया प्रथा दास कै अवशेष हो । तर परिवर्तित रुपमा । अर्को भनाइ के छ भने यो प्रथा दास उन्मूलन हुनु भन्दा धेरै अघिदेखि नै प्रचलित पेशाको रुपमा विद्यमान थियो । दास प्रथा समाप्त भएपछि त्यसका विकृतिहरु यसमा सरेर आएका छन् । अर्को पनि तर्क गरिएको छ र त्यसमा वजन पनि छ । त्यो तर्क हो जिमिदार, जिम्मावाल, विर्तावाहरुले झारा वेठ, वेगर लिने जुन प्रचलन गरेका थिए त्यसका दुर्गुणहरु कमैया प्रथामा आए । कतिपय बुजुर्गहरु के पनि भन्दछन् भने यो प्रथा शुरुमा सम्मानित राम्रो थियो । तर कालान्तरमा यसलाई मानवीय शोषणको एक माध्यम बनाइयो ।

जे जस्ता तर्क दिइए पनि तर्क स्वयं तर्क हो त्यसले वास्तविकता प्रस्तुत गर्न सक्दैन, यद्यपि यी तर्कहरुले केही हदसम्म वास्तविकता प्रतिविम्वित गरेको आभास हुन्छ ।

७. कमैया राख्ने तरीका

७.१ कमैया पूर्णतः श्रमिक हो

कमैया श्रमिक नै हो । कमैयाको श्रम पूर्णत खेती र घरेलु कामकाजमा प्रयोग हुन्छ । आफ्नो थोरै जग्गा हुनेहरु पनि कमैया बस्ने गरेको एकाध घटना देखिएका छन् तापनि कमैया हुने व्यक्ति प्रायः सुकुम्वासी नै हुन्छ ।

७.२ कमैया राख्ने प्रकृया

कमैया राख्ने बस्ने निश्चित प्रकृया स्थापित भएका पाइन्छन् । कमैया राख्ने या बस्ने सम्बन्धमा स्थापित मान्यता एवं प्रकृयाहरु निम्न छन् ।

७.२.१ माघीः कमैयाको निमित्त कालो दिन

औपचारिकताको दृष्टिबाट हेर्ने हो भने अधिकांश कमैयाहरु करारद्वारा काममा लागेका पाइन्छन् । सामान्यत करारको यस्तो औपचारिकता हरेक वर्षको माघे संक्रान्तीमा, जसलाई सामान्य भाषामा माघी भनिन्छ, समाप्त हुन्छ र त्यहाँबाट अर्को एक वर्षको निमित्त नयाँ करार गर्ने वा भै रहेको करारलाई नवीकरण गर्ने भन्ने कुरा तय गरिन्छ । दुई पक्ष वीच सम्झौता हुनु पूर्व खुजुनी पुजुनी (छलफल) हुन्छ । करार मौखिक हुन्छ । करार गर्ने सम्बन्धी प्रचलन तथा मान्यतालाई हेर्दा, कानूनी भाषामा भन्ने हो भने, हरेक कमैया करार गर्न सक्षम हुन्छ र उसले आफ्ना सेवाका शर्तमा सौदावाजी गर्न पाउदछ । इच्छा नलागे करार नगर्न पनि सक्तछ । तर परिस्थितिले अर्थात उसको सामाजिक, आर्थिक तथा अन्य वाध्यताले गर्दा उसले मालिकको शर्तमा काम गर्न वाध्य हुनु पर्दछ । अर्को विकल्प छदै छैन । आफ्नो थाप्लोमा भएको ऋण चुक्ता गर्ने उससंग कुनै साधन नभए पछि, अनि अर्को कुनै विश्वसनिय र मिल्दो रोजगारको अवसर नभएको स्थितिमा तथा पढाइ लेखाइको योग्यता नभएको वाध्यात्मक परिस्थितिमा आफू र आफ्नो परिवार पाल्न कमैया बस्नु बाहेक अर्को विकल्प नभएपछि उसले कमैया बस्नै पर्छ । त्यस्तो अवस्थामा उसले मालिकको शर्त मान्नु पर्ने वाध्यता समेत आउँछ । शोषणको कारण गरीवी

बढिरहेको परिप्रेक्ष्यमा कमैयाको संख्या बढेर जाने, तर काम लगाउनेको संख्या भने कम भएको कारणले समेत कमैयाहरुले आफूले इच्छा गरेको जति वा श्रमको उचित र सम्मानयुक्त पारिश्रमिक पाउन सक्तैनन् । त्यसैले जस्तो भएपनि उसले कमैया बस्न करार गर्नै पर्छ । करार गरेपछि एक वर्षसम्म छोड्न पाइदैन । करार गरिसकेपछि मालिक र कमैया दुवै एक बर्षको लागि राख्न र बस्न बाध्य हुन्छन् । यो सामाजिक प्रचलन हो ।

७.२.२ अनौठो पद्धति

सामान्यत: कमैयाले मालिक खोज्ने अनौठो चलन कमैया प्रथामा देखिएको छ । अर्को वर्ष पुरानो मालिक कहा बस्न नचाहने कमैयाले माघी (माघे संक्रान्ती) चाड मानी भोज खाइ सकेपछि मालिक खोज्न निस्कन्छ । यस्तो अवस्थामा फेटा बाँधेर कांधमा लट्ठी हालेर हिड्ने गर्दछ । मालिक खोज्न हिंड्ने कमैयाले चिनिने गरी लुगा लगाउने र लठ्ठी कांधमा हाल्ने गर्दछ । आफूलाई राख्ने अर्को मालिक फेला परेमा पछिल्लो मालिकले उसले खाएको पहिलो मालिकको कर्जा अघिल्लो मालिक कहां गै तिरेर लैजान्छ । पुरानै मालिक कहां बस्न चाहेमा र कुनै शर्त मात्र बदल्न चाहेमा खुजुली फुजुलीद्वारा तय गर्न सक्तछ ।

७.३ स्थापित शर्तहरु

कमैयाको करार गर्ने क्षमताको आधारमा शर्त तय गरिने भए पनि धेरै वर्ष देखि सामाजिक मान्यता पाएको यस प्रथाले कमैयालाई दिइने विघा, मसौरा तथा अन्य शर्तहरु प्राय: निश्चित रहन्छन् । कमैयाले त्यस्ता स्थापित शर्तहरु भन्दा बढीमा शर्त निर्धारण गराउन कुनै हालतमा पनि सक्तैन । तर मालिकले कमैयाको गर्ज हेरेर कम गराउन सक्ने चैं हुन सक्तछ । सौदावाजीको परिणामका कारण विभिन्न तप्पामा वेग्ला वेग्लै शर्तहरु स्थापित हुन सक्तछन् । जस्तो वर्दिया जिल्लाको गेरुवा नदी वारी मसौरा दिदा ९ वोरासम्म धान दिइन्छ भने गेरुवा नदी पारी ६ देखि साढेसात वोरा सम्म दिइने गरिन्छ । विगाहामा पनि फरक देखिन्छ । यस्तो अन्तर अरु जिल्लामा पनि देख्न पाइन्छ । १ बोरामा ७५ के.जी. धान हुन्छ ।

७.४ कमैया र सामाजिक मर्यादा

कमैया प्रथाले यतिसम्म प्रभाव पारेको छ कि विवाह गर्दा ससुरालाई दिनु पर्ने खर्च (झाङ्गा) तिर्न नसक्नेले ससुराको घरमा कमैया बसेर त्यस्तो ऋण सधान गर्दछन् । आफन्त कहां पनि कमैया बस्ने चलन छ । नातेदार कहां बस्न हुन्न भन्ने केही छैन । यतिसम्मकि मामा कहां भानिज कमैया बसेका हुन्छन् । आफ्नो जग्गा भएका

व्यक्तिहरु पनि कमैया बस्दछन् । यस्ता व्यक्तिले कमैया हुन पर्ने कारणहरुमा जग्गाको आयस्ताले खान नपुग्नु, दाजु वावुहरुले अंश नदिनु आदि पर्दछन् । कतिपय परिवारमा भएको जग्गाको आयस्ताबाट खान नपुगेपछि परिवारको कुनै व्यक्तिले घर र जग्गा धान्दछन् र कुनै कमैया बस्न पुग्दछन् ।

७.५ कमैयाले गर्नु पर्ने काम

कमैयाहरु मुख्यत: खेतीको काममा प्रयोग गरिन्छन् । खेती वाहेक उनीहरुले घरका विभिन्न कामहरु - गोवर सोहर्ने, घांस काट्ने, वनकस चिर्ने, दाउरा काट्ने, दाउरा लिन जंगल जाने, हलो बनाउने, खेत जोत्ने, खन्ने, कुलो सोहोर्ने, मालिकको ट्रेक्टर, मिल भए त्यहा काम गर्ने लगायत मालिकको घरमा आइ पर्ने विविध ठूला साना काम गर्नु पर्दछ । हरेक कमैयालाई कम्तिमा २ विगाहाको हिसावले खेती उठाउन पर्ने अनिवार्यता हुन्छ । यो दुई विगाहामा जोत्ने, खन्ने, विउ लगाउने, रोप्ने, गोड्ने, काट्ने, वाली उठाइ दाई गर्ने जस्तो वाली लगाउने देखि थन्काउनेसम्मका सबै काम कमैयाले स्वयं र आफ्नो परिवारबाट गराउनु पर्दछ । मालिकले कुनै अर्को मजदूर काममा लगाउदैन । एक वाली उठाएपछि वर्ष दिन भित्र लाग्ने अर्को वाली पनि त्यस्तै गरी लगाउनुदेखि थन्काउनसम्म पर्दछ । कुनै मालिकको धेरै जग्गा छ भने उसले प्राय: प्रति दुई विगाहामा एक कमैया पर्ने गरी कमैया नियुक्त गर्दछ र सबै कमैयाले सगोलमा सम्पूर्ण खेती उठाउनु, लगाउनु पर्दछ ।

७.६ कमैयाका प्रकार

कमैया भन्ने शब्द अन्तर्गत भैसवार, गैवार, वर्दिवा, छेकरवार जस्ता काम गर्नेलाई पनि समेट्दछ । प्रायस हलो जोत्न र खन्न सक्षम बलियो, बुकरही (स्वास्नी नै हुनु पनर्छ भन्ने केही छैन तर महिला हुन आवश्यक छ) भएको जवान व्यक्तिलाई कमैयामा राखिन्छ । बुढाखाडा, स्वास्नी नभएका, विवाह नभएका (प्राय १४ वर्ष मुनिका) केटाकेटीलाई भैसवार, गैवार, छेकरवारको रुपमा राखिन्छ । यस्ता भैसवार, गैवार, छेकवार इत्यादि कमैयाको परिवारका पनि हुन सक्तछन् र छुट्टै व्यक्तिलाई पनि काममा लगाउन सकिन्छ । कमैयाको ग्वाला ग्वाल्नीलाई कमैयाका छोरा, छोरी मालिकले त्यही काम दिएसम्म अन्यत्र खोज्न पाउदैनन । अर्को कुरा दुष्ट मालिक भएको खण्डमा अन्त पनि जान दिदैन र कुनै रकम नदिइ आफ्नै काममा जोताउने गर्दछ । भैंसवार, गैवार र छेकरवारलाई कमैयाले पाउने भन्दा पनि कम धान दिइन्छ ।

७.७ कमैयाको स्तर

थारु कमैयाहरु आफूलाई निश्चित स्तरको ठान्दछन् र त्यस्तो स्तरभन्दा तल गएर कमैया बस्न मन पराउदैनन् । तर अन्य जातहरु - मुसलमान, वाजी, वजैया इत्यादि, त्यो भन्दा कममा पनि कमैया बस्न राजी हुन्छन् । कम सुविधामा पनि यस्ता जातका मानिसहरु कमैया बसेको पाइएको छ । त्यसैले सकभर सस्तोमा राख्न खोज्ने मालिकहरु यस्ता जातिका कमैया खोज्दछन् ।

७.८ कमैया र मालिक बीचको सम्बन्ध

कमैयाले सकभर थारु मालिक खोज्दछ । थारुहरु गैर थारु मलिककहां कमैया भै बस्न सामान्यत मन पराउदैनन् । तापनि परिस्थितिले वाध्य गरेमा उनीहरु गैर थारु मालिक कहां पनि वस्ने गर्दछन् । गैर थारु भन्नाले पहाडिया जमिन्दार बुझाउदछ । पहाडी मालिकहरु सहिष्णु हुदैनन् । उनीहरुमा अत्यन्तै गहिरो विभेदको खाडलको मनस्थिति हुन्छ । पहाडियाहरु कमैयालाई सकभर अलगै राख्तछन्, नजीक र आत्मीय व्यवहार गर्दैनन् । खान दिदा पनि कमैयाको निमित्त फरक दिन्छन् । जवकि थारु संस्कृति अनुरुप मालिकले कमैयालाई साथै बसाएर दिन्छ, संगै खान्छ र आफूले जे खान्छ त्यही खाना खान दिन्छ । थारुहरुमा मालिकलाई सम्मानयुक्त सम्वोधन र व्यवहार तथा कुराकानीमा औपचारिकता पुऱ्याउन पर्दैन । तुम, तोवर भनेर सम्वोधन गर्न सक्तछ । तर पहाडिया मालिकले औपचारिक मान खेज्दछ र "हजुर" "मालिक" भन्ने संवोधनको माग गर्दछ । यस्ता व्यवहारले गर्दा कमैयाले हिनतावोध त गर्छ नै त्यसबाहेक मालिकले पनि उसलाई वस्तुको रुपमा व्यवहार गर्दछ ।

७.९ कमैया र मालिकका अधिकार र कर्तव्य

यद्यपि करारद्वारा कमैया बस्ने नबस्ने तय हुन्छ तर कमैया बसी सकेपछि ऊ एक प्रकारले दास सरह नै रहनु पर्दछ । मालिकले लगाएका हरेक काम उसले गर्नु पर्दछ । तर उसले मालिकमाथि कुनै दायित्व वा कर्तव्य श्रृजना गराउन सक्तैन । मालिकले कमैयालाई हरेक किसिमको आदेश दिने, काम गराउने, पिट्ने, गाली वेइज्जत गर्ने, खान नदिने, विरामी भएमा क्षतिपूर्ति भराउने, मन लाग्दो व्याज लिने, अर्काको घरमा काममा पठाइ त्यसबाट प्राप्त ज्याला लिने, ठेकिएको काम बाहेक अरु काममा लगाउने, अत्यधिक धेरै घण्टा (समय) काममा लगाउने गर्न सक्तछ । कमैयाले त्यसको प्रतिवाद गर्न सक्तैन नत मालिकले उसलाई दिनु पर्ने, पूरा गर्नु पर्ने कुनै कुरा (विगाहा र मस्यौरा दिने वाहेक) पूरा गराउने नै सामर्थ्य राख्तछ । यसबाट मालिक अधिकारद्वारा सुसज्जित र कमैया कर्तव्य मात्र पालना गर्ने स्थितिमा रहन्छ । यसले कमैयाको वास्तविक हैसियत अरु प्रष्ट पार्दछ ।

८. कमैयाको कामको समय, पारिश्रमिक र सुविधा

८.१ कामको समय

कमैयाले करीव करीव १८ घण्टा काम गर्नु पर्दछ । कमैया विहान ३ वजे नै उठ्तछन्, र खेतीका लागि आवश्यक व्यवस्था गर्दछन् । गोरु लिएर १२ वजे सम्म जोत्दछन् । त्यसपछि खाना खाएर खेतमा गै काम गर्दछन् । कामको कुनै सीमा हुदैन । खानाका लागि लाग्ने समय र सुत्ने ५,६ घण्टा वाहेक कमैयाको जिन्दगीमा कामै काम हुन्छ । खेतको काम सकिएपछि फुर्सत भयो भन्ने कुरा होइन । वनकस काटन जंगल जाने, दाउरा काटन जाने, त्यो नभएको अवस्थामा मालिकका घरेलु तथा अन्य आइपर्ने सवै काम गर्न ऊ तयार रहनु पर्दछ । उसले फुर्सद पाउने कुरा मालिकको दयामा निर्भर गर्दछ । काम गर्ने समय तोक्ने अथवा काम, आराम र मनोरञ्जनको नियमको माँग गर्ने संभावना कमैया प्रथामा कतै हुँदैन ।

८.२ पारिश्रमिकः विघा

कमैयालाई दिइने पारिश्रमिकलाइ विघा भनिन्छ । सामान्यतः विघाको प्रचलन कमैयालाई, लुगाफाटो र आफ्ना परिवारलाई पालन पोषणका लागि दिइने खर्चबाट शुरु भएको हो । परिश्रमिक जस्तै लाग्ने भए पनि पारिश्रमिकको अवधारणावाट विघा दिइएको भने होइन । धेरै सौकि भएकाले सामान्यतः विघा पाउदैन । भन्नको लागि भने पनि विघा भनेको कमैयाले गरेको काम वापत पाउने रकम हो । विघा दिने पद्धति निम्न प्रचलनमा छन् ।

(क) जग्गा दिने, (ख) धान दिने,
(ग) नगद दिने, (घ) उब्जाको अनुपातबाट हिस्सा दिने

८.२.१ बिघा र जग्गा

विघाको रुपमा जग्गा दिने प्रचलन तिनवटै जिल्लामा पाइएको छ । तर यो चलन क्रमशः घट्दै गएको छ । विघाको रुपमा दिइने जग्गाको कमाइ (खेती) गरेर त्यसको सम्पूर्ण उब्जा कमैयाले खान पाउदछन् । यही नै उसको वर्ष भरी काम गरे वापतको पारिश्रमिक हो । जग्गा कति दिइन्छ ? यो मूल प्रश्न हो । कंचनपुर, कैलाली, वर्दिया

वा तिनै जिल्लामा स्थापित प्रचलन हो "तिनमन वुवार" । अर्थात ३ मन छर्दा जति जग्गा ओगट्दछ त्यति जग्गा विघाको रुपमा दिइन्छ । पहिले पहिले यसलाइ "छुमन वुवार" भनिन्थ्यो । कैलाली, कंचनपुर र वर्दिया तर्फ मन, विगाहा कच्ची पनि हुन्छन् । १ मन भन्नाले २० केजी र त्यस्तै कच्ची विगाहा भन्नाले पक्की विगाहाको झण्डै २-४ कट्ठा पर्न आउछ । त्यसो हुदा त्यहाँ मन वा विघाहा भन्ने शब्दले झुक्याउने गर्दछन् । जे भए पनि ३ मन वुवार भन्नाले ६० केजी धान छर्दा (धान रोप्ने दृष्टिले) करीव पकक्री एक विगाहासम्म हुन्छ । तर त्यो भनाइ मात्र भएर रहेको छ । वास्तवमा कमैयालाई विघा वापत दिँदा बढीमा दश कठ्ठासम्म दिने प्रचलन स्थायी वनिसकेको छ ।

कन्चनपुर तर्फ विघामा दिने जग्गा ५ कट्ठा देखि बढीमा १२ कट्ठा सम्म हुन्छ । यद्यपी ३ मन वुवार प्रचलनमा छ तर मालिकले अन्दाज गरेर जग्गा दिने गरेको धेरै पाइन्छ । व्यवहारमा पनि ३ मन बुवार लागु गर्दा कमैयाले धेरै जग्गा पाउने र उब्जनी पनि बढी तुल्याउने हुन्छ । त्यसै हुनाले मालिकहरु तीन मन बुवारको नाममा आफूलाई मन लाग्दो र सकेसम्म थोरै दिनु पर्ने स्थिति तयार पार्दछन् । किनभने कमैयालाई यस्तो विघा दिदा रद्दी र कमसल जग्गा दिइन्छ । कमैयाले जति कम आम्दानी गर्छ उसले त्यतीनै वेसी सौकी लिन्छ र त्यतीकै धेरै समयसम्म कमैया आफूकहाँ बस्न बाध्य हुन्छ । जती वेसी कमैया राख्न सक्यो त्यतिकै बढी आम्दानी पनि हुन्छ । कमैयालाई भारी वोक्न पठाएर, कुलो खन्ने ज्यामी वनाएर तथा अन्य दैनिक आम्दानी हुने काममा लगाएर अतिरिक्त पैसा कमाउन पाइने चलन पनि चलिसकेको छ । व्यवहारिक रुपमा मालिकवाट पाउने विघाबाट समेत कमैयाले सम्पूर्ण उब्जनी खान पाउदैन । उसले, विघा वापत पाएको जगाको मालपोत भनेर वार्षिक रु. ५२ मालिकलाइ वुझाउन पर्छ ।

८.२.२ बिघा र धान

विघाको रुपमा पाइने जिन्सी, स्थान अनुसार फरक फरक भरेको पाइएको छ । वर्दिया तर्फ यस किसिमको धान दिदा एकै पटक सवै वा पटक पटक दिने चलन देखिन्छ । वर्दियामा एक पूर्ण कमैयाको लागि ७५० के.जी. देखि ९७५ के.जी. सम्म दिइन्छ । यो फरक कमैयाको शारीरिक तन्दुरुस्ती, जग्गाको उत्पादनशीलता तथा मालिकबाट कमैयाले बिघा माग गर्न सक्ने क्षमतामा निर्भर गर्दछ । यो विघा, काम पुरा गरेपछि अर्थात साल तमाम भए पछि वाली पाकेपछि दिइने कुरा हो तापनि पहिले नै पनि दिइने गरेको हुन्छ । विघाको रुपमा धान दिने प्रचलन कैलालीमा भुमिसुधार लागु भए पछि शुरु भएको हो भन्ने भनाइ छ । कैलाली जिल्लामा ३७५ के.जी. देखि ९०० के.जी. विघासम्म मात्र दिइन्छ ।

कन्चनपुर जिल्लामा विघाको रुपमा ४०० केजी देखि ६०० केजी सम्म मात्र दिइन्छ । कन्चनपुरमा कमैयालाइ उक्त धानका अतिरिक्त एक जोर कपडा दिने प्रचलन छ । यस्तो कपडा अधिकतम रुपमा मालिकले लगाएको पुरानो कपडा नै हुन्छ । नया दिइदैन । नयाँ कपडा दिइहालेमा मालिकले उक्त कपडाको मोल सौकीमा जोडेर कमैयामाथि ऋण थप भारी बोकाउने गर्दछन् ।

धान दिंदा कम तौलेर दिने, धुलो, मूलो, रद्दि दिने कुरा आम बनेको छ । "जति कस्न सकिन्छ त्यति कस्नु पर्छ" धान दिने बेलामा मालिकहरुले यही सिद्धान्त अबलम्बन गरेको पाइन्छ ।

भैंसवार, गेवार, बर्दिवा, छेकवारलाई पुर्ण कमैयाको आधा दिइने प्रचलन छ । गेरुवा नदीपारी वर्दियामा ४५० केजी दिन्छन् र त्यसको साथमा ५ किलो नुन पनि दिन्छन् । वर्दियामा १३ वर्षको कमैयालाइ १२५ केजी सम्म दिएर राखिएको पनि पाइएको छ ।

८.२.३ बिघा र नगदी

विघाका रुपमा नगद दिने प्रचलन कंचनपुर जिल्लामा खास गरेर महेन्द्रनगर नगरपालिकाको इलाकामा धेरै देखिएको छ । जमीन जोत्न दिँदा मोहियानी हक प्राप्त हुन्छ भन्ने डरले विघाको रुपमा जग्गा दिन डराएपछि मालिकहरुले यो नयाँ चलनको शुरुआत गरेका हुन । कंचनपुर जिल्लामा महिनाको रु. १००।- देखि ३००।- दिइन्छ भने कैलालीमा बर्षको रु. १२००।- देखी ३०००।- सम्म र वर्दियामा बर्षको रु. १५००।- देखि ४८००।- सम्म विघा बापतको रकम दिने गरेको देखिन्छ ।

८.२.४ बिघा र तिकुर चौकुर या उत्पादन

विघाको अर्को रुप हो चौमाली । कमैयालाई सालभर खेती गर्न छुट्याएको जग्गामा जति वाली उत्पादन हुन्छ त्यसको निश्चत प्रतिशत कमैया र मालिकको बीच विभाजन गरिन्छ । यो विभाजनको अनुपात फरक फरक हुन्छ । धेरै प्रचलित अनुपात हो मालिकलाई २ भाग र कमैयालाई एक भाग (३३%) जसलाई तिकुर भनिन्छ । कहीँ मालिकलाई ३ भाग कमैयालाई १ भाग (२५%) दिइन्छ । यसलाई चौकुर या चौमाली भनिन्छ । कहीँ मालिकलाइ ३ भाग र कमैयालाइ २ भाग दिने चलन पनि छ । यसलाई पचकुर या लाहुरे वटैया भनिन्छ । सामान्यत एक कमैयाले दुइ विघा खेती उठाउनु पर्ने स्थापित नियम हो । तर कतिपय ठाउमा यो मात्रा चार विघा सम्म पनि पाइएको छ ।

तिकुर, चौकुर, (चौमाली) वा पंचकुर, सामान्य प्रचलन अनुसार जग्गामा लाग्ने सवै वालीमा प्राप्त हुने हो । तर ब्यवहारमा प्रमुख वालीमा मात्र दिने चलन देखिएको छ । कतिपय मालिकले सवै वालीमा हिस्सा दिन्छ तर उसले टेक्टर, रासायनिक मल, पम्पीङसेट, डिजेल लगायतमा लागेको खर्च कटाउदछ । यसो गर्दा कमैयाको हातमा पाउनु पर्ने भन्दा धेरै कम मात्र पर्दछ । कतिपय मालिकले जगगाको मालपोत पनि लिने गर्दछ । यी कारणले खेती लगाउने कुरामा मालिक र कमैयाको वीच अन्तर विरोध रहेको पाइन्छ । माथिकै कारणले गर्दा कमैयाहरुले टेक्टर, रासयनिक मल आदिको प्रचलनको विरोध गरेको पाइन्छ ।

८.३ कमैया र बुकरही

कमैया प्रथाका धेरै शर्त मध्ये एक प्रमुख शर्त हो वुकरही हुन पर्ने अनिवार्यता । मालिकले दिएको बुक्रामा वसेर घरायसी काम गर्ने स्वास्नीमानिसलाई बुकरही भनिन्छ । कमैया र उसका जहान परिवार बस्नका लागि बनाइएको पराले छाप्रो लाई बुक्रा भनिन्छ । राना र कठरिया थारु जातमा वुकरही चाहिदैन । वुकरही नभएको कमैयाले विघा पनि कम पाउदछ । वुकरही सामान्यत स्वास्नी नै हुन्छे । तर स्वास्नी नहुने कमैयाले दिदि, वहिनी, आमा वा भाउजुलाई वुकरही वनाउने चलन पनि छ ।

८.४ मस्यौरा

कमैयालाई खानका लागि दिएको खाद्यान्नलाई मस्यौरा भनिन्छ । मस्यौरा दुइ किसिमको हुन्छ - कमैयालाई आफ्नो भान्सामा नै खुवाउने वा खानाका निमित्त निश्चित परिणाम खाद्यान्न दिने । जसले खान दिन्छ उसले मस्यौराका निमित्त छुट्टै खाद्यान्न दिदैन । थारु मालिकहरु कमैयालाई आफूसंगै खुवाउछन् भनेर माथि नै भनिएको छ । तिनले छुट्टै मस्यौरा दिदैनन् । अन्यले प्रायः छुट्टै मस्यौरा दिने गर्दछन् ।

धेरै जस्तो कमैयालाई मस्यौराको रुपमा अन्न छुट्याएर दिने प्रचलन पाइएको छ । मस्यौरामा धान, लाही, नुन र खोर्सानी दिइन्छ । कैलालीमा कमैयालाई तरकारी लगाइ खानका निमित्त ५ धुर देखि चार कट्ठा सम्म वुकरानेरको वारी दिने गरेको पाइन्छ । कंचनपुर तिर वढीमा ७२० केजी धान मस्यौराको रुपमा दिन्छन् । कतिपय स्थानमा हरेक छाक मालिकले चामल खटाएर दिने गरेको पनि पाइन्छ । यस अनुसार हरेक दिन हरेक पटक खाना पकाउनका लागि चीज तयार गरेपछि मालिककहाँ चामल माग्न जानु पर्ने हुन्छ । यो प्रचलन कमैयालाई सबभन्दा बढी अपमानित गर्ने खालको हो । यस्तो सामल (चामल) माग्न जाँदा चाहिदो सामल नदिने वा कम दिने चलन आम बनेको छ ।

बुकरही तथा बाल बच्चाले कमैयालाइ दिएकै मस्यौराबाट खानु पर्दछ । बुकरहीले कमैयालाई खेतमा सघाउने, भात, खाजा, पानी खेतमा पु-याउने जस्ता काम गर्नु पर्दछ । यस बाहेक मालिकको घरमा परिआएको, मालिक मालिकनीले आराए पराएका काम गर्नु तिनको दायित्व भित्र पर्दछ । यसरी मालिकको काम गरेवापत उसलाई कुनै रकम दिइदैन । मालिककहा चाड पर्वमा वा खेतीको वखतमा वोलाएर खान दिएमा मात्र बुकरहीले त्यहाँ खान पाउँछे । बुकरहीले मालिक कहाँ गोवर सोहर्ने, पानी ल्याइदिने, भाडा माझ्ने, तेल लगाउने, अन्न केलाउने काम सामान्य रुपमा सधै गर्नु पर्दछ ।

कमैयाका छोरा छोरी रहेछन् भने पनि मस्यौरा उतिनै हुन्छ जति लोग्ने स्वास्नी दुइजना भएकालाई दिइन्छ । यसबाट कमैयालाई छोरा छोरी पालन पोषणका निमित्त चिन्ता उत्पन्न हुन्छ । यसका निमित्त उसले मालिकबाट कर्जा (सौकी) लिनु बाहेक अर्को कुनै विकल्प रहदैन । कमैयाका छोरा छोरी वा भाइ बहिनी केही काम गर्न सक्ने रहेछन् भने मालिकले चाहेमा उनीहरुलाई मस्यौराको रुपमा केही दिएर छेकवार, वर्दिवा जस्ता कामका निमित्त राख्दछन् । आफू बसेको मालिकले अनुमति दिएमा कमैयाले अरु मालिक कहाँ पनि उनीहरुलाई काम गर्न पठाउछ ।

तर मालिकले स्वीकृति नदिएको खण्डमा कमैयाले आफ्ना छोराछोरीलाई अन्यत्र पठाउन सक्दैन । यसबाट कमैयाको सिंगो परिवार मालिकको स्वामीत्वमा हुन्छ भन्ने पुष्टी हुन्छ । छेकवार, गेवार, वर्दिवालाई १०० केजी देखि ३०० केजीसम्म धान दिने प्रचलन छ । उमेर पुगेको व्यक्ति जस्को बुकरही छैन उसलाई गैवार, भैसवारको रुपमा राखिएको हुन्छ । उसले कमैयाले पाउने परिमाणको आधा मात्र पाउदछ । वर्दियामा सामान्यत मस्यौरा ७.५ वोरा देखि ९ वोरा सम्म दिइएको पाइएको छ । गुलरिया फेटमा मस्यौरा दिदा बुकरहीलाई ४.५ वोरा र कमैयालाई ४.५ वोरा भनेर छुट्याएर दिइने गरेको पाइन्छ ।

मसौरा दिंदा खाना नै दिने कि धान दिने भन्ने कुरा माघीमै तय हुन्छ । मसौरा एक मुष्ट शुरुमा नै दिइन्छ । तर यस्तो प्रचलन भए पनि शर्त गर्दा पटक पटक दिने पनि गरिन्छ । यस्तोमा मस्यौरा कति कैले दिएको र कति बाँकि छ भन्ने कुरा कमैयालाई थाहा हुदैन । उसलाई हिसाव आउदैन । उसले संझेर काम चलाउनु पर्दछ । पटक पटक लिंदा अल्मलिन्छ, विर्सन्छ । त्यस्तोमा मालिकलाई नै भन्ने गर्नु पर्ने हुन्छ । कतिपय कमैयाले डोरीमा गांठा पारेर आफूले लिएको हिसाव राखी संझने प्रयत्न गर्दछन् । मसौराको निमित्त धान (अन्न) दिंदा एक मुष्ट नदिने, जोख्दा ठग्ने, किच पिच गर्ने, तल्लोस्तरको, नराम्रो धान दिने जस्ता कृयाकलापद्वारा कमैयालाई ठग्ने वा कम दिने अनेकौ ठाउँमा देख्न पाइन्छ ।

९. कमैया र सौंकी

९.१ सौंकी लिन पर्ने कारण

कमैया प्रथामा सौकीको व्यापक र गंभीर प्रभाव परेको छ । जग्गाधनीलाई आफ्नो श्रम जिन्दगीभर बुझाउन वाध्य भएका कमैयाहरुको आर्थिक जीवनस्तर ज्यादै तल्लो स्तरको छ । कतिपयत परिवारको आवश्यकता र आफ्नो आम्दानीको संतुलन मिल्न नसक्ता कर्जा लिन वाध्यता पर्दछ । सौंकी, ऋण, सापटी इत्यादी उस्तै शब्दहरु हुन । सौंकी भन्नाले मालिकसंग लिएको कर्जा बुझिन्छ । मालिकले अरुको ऋण तिरिदिएपछि कमैयालाई आफ्नो ऋणी बनाउँछ भने, त्यसलाई पनि सौंकी भनिन्छ ।

अध्ययनको क्रममा कमैयाहरुले निम्न परिस्थितिमा ऋण लिएको देखिन्छ :

(क) आफू र आफ्ना परिवारका सदस्य विमारी भएमा उपचारका लागि,

(ख) परिवारलाई लालन पालन गर्न, ख्वाउन,

(ग) आफ्नो, भाइ, वहिनी छोरा छोरीको विवाहका लागि

(घ) दशै वा चाडवाडमा चाहिने विभिन्न खर्च तथा कपडाका लागि,

(ङ) आफूलाई आवश्यकता पर्ने गोरु, कुखुरा, सुंगुर इत्यादि पशु किन्नका लागि,

(च) कर्जा तिर्न, मुद्धामामिला गर्नका लागि

छ) अन्य परिवारिक अपर्झटका खर्चका लागि,

९.२ सौंकीको हिसाव

कमैया अनपढ, सोझा हुंदा हिसाव राख्न जान्दैनन् । त्यसले गर्दा मालिकले मनपरी ढंगवाट अंक लेख्ने, हिसाव गोलमाल गर्ने स्वाभाविकै कुरा हो । यसो हुंदा उनीहरुको

सौकी उनीहरुले सोचे भन्दा छिटो बढ्छ तर कमाई हुदै हुदैन । यसले गर्दा कमैयाहरु जहिले पनि मालिकका चंगुलमा फसी नै राखेका हुन्छन ।

९.३ सौंकीमा ब्याज

सिद्धान्तत: सौकीमा ब्याज लाग्दैन । तर व्यवहारमा सौकीमा ब्याज लिने प्रचलन आम देखिएको छ । ब्याज लाग्नु एउटा चिन्ताको कुरा हो त्यसमाथि चर्को ब्याजको दर त शोषणको पराकाष्ठा हो । यतिसम्म कि कमैयाले ६०% सम्म ब्याज दिनु पर्दछ । यस दृष्टिवाट एक पटक कर्जा लिने कमैया कहिल्यै पनि ऋणवाट मुक्त हुन सक्तैन । उसको थाप्लोको ऋण बढेरै जान्छ ।

९.४ सौंकी र कमैया

सौकीका दृष्टिले कमैया दुई किसिमका हुन्छन् - नयाँ सौंकी लिने कमैया र पहिले देखिनै ऋणको वोझको कारण भएका कमैया । पछिल्लोको दाँजोमा अघिल्लो प्रकारका कमैया धेरै कम हुन्छन् । नयाँ सौंकी लिएर कमैया वस्नेहरु वावूवाट अंश लिन नसकेका, दाजुभाईद्वारा सताइएका, ठूलो परिवार भएका कारण आफ्नो जग्गाको आयस्तरवाट खान नपुगेका जस्ता कारणले कमैया भएका हुन्छन् । ऋणको कारणले कमैया भएकाहरु सायदै कमैयावाट मुक्त हुन सक्लान । कर्जा टाउकोमा वोकेका कमैयाहरु नमरुन्जेलसम्म कमैयामै रहन्छन् । वस्तु सरह प्रचलनमा आउदछन् । कमैयाको कुरागर्दा धेरै सौकी भएको मानिस खोटो सिक्का हो वा वस्तु सरह हो भन्ने कुरा अध्ययनले वताउदछ ।

९.५ सौंकी बढ्ने कारण

सौंकी छिटोछिटो बढ्छ भन्ने कुरा माथि उल्लेख भैसकेको छ । त्यो हुनुका प्रमुख कारणहरुलाई यसरी शुत्रबद्ध गर्न सकिन्छ -

(क) कर्जा लिनुपर्ने परिस्थिति जारी रहन्छ र भै राखेको सानो कर्जामा नै बृद्धि गर्ने गर्छ ।

(ख) असाध्यै चर्को दर र चक्रबृद्धि ब्याजको कारण सौंकि बढ्दै रहन्छ ।

(ग) कमैयाले चलाएको कुनै वस्तु वा सामान विग्रेमा वा हराए नासिएमा त्यसको मूल्य कमैयाले तिर्नु पर्दछ र सो रकम सौंकीमा जोडिन्छ । जोतिरहेको गोरु मऱ्यो भने पनि त्यसको मूल्य कमैयाको सौंकीमा गाभिन्छ ।

(घ) मालिकको कुनै वस्तु चोरियो भने त्यसको इल्जाम कमैया उपर लगाएर त्यसको मोल कमैयाको सौकीमा जोडिने अनेक उदाहरण पाइन्छन् ।

(ङ) कमैया र मालिकको वीचमा कुनै निश्चित कागज गरिएको हुदैन । मालिक यदि वेइमान छ (स्वभाविक रुपमा उसको हित कमैया धेरै बसोस भन्ने हुन्छ) भने उसले जति पनि कर्जा वनाउन देखाउन र प्रमाणित गर्न सक्तछ । कमैयासंग कुनै प्रमाण, श्रेस्ता वा अन्य कुनै कागजात हुदैन । नत उ दृढताकासाथ मालिकको मुकाविला नै गर्न सक्तछ । यसले पनि सौकीं बढाउँदछ ।

(च) कतिपय मालिकहरु कमैयालाई आफूकहाँ राखिराख्न कृतिम तवरवाट कर्जा वढाएर देखाउने पनि गर्दछन् ।

(छ) कमैया विरामी परेमा वा अन्य अपझंट समस्यामा परी काम गर्न नसकेमा उसले त्यस दिनको निमित्त निश्चित रकम जरिवाना स्वरुप वुझाउनु पर्दछ । रकम बुझाउन नसके सो रकम पनि सौंकीमा गाभिन्छ ।

९.६ सौंकी र बाँधा

सौंकी धेरै भएको व्यक्तिले माघीमा आफूलाई मन नपरेको मालिक बदल्न सक्तैन । किनकि कोही पनि धेरै रकम तिरेर त्यस्तो कमैयालाई राख्न चाँहदैन । अतः उसले वाध्य भएर पहिलेकै मालिक कहाँ जस्तो सुकै शर्त भए पनि मानेर वस्नु पर्ने हुन्छ ।

कमैयाले खाएको ऋण दाजुभाईलाई भाग लाग्दछ र बावूले तिर्नु पर्ने ऋण छोराले तिर्नु पर्दछ ।

१०. तथ्यांकले देखाए अनुसार कमैयाको स्थिति

१०.१ अन्तवार्ता गरिएका कमैयाको संख्या

यो अध्ययनको सिलसिलामा वर्दिया, कैलाली र कंचनपुर तीन जिल्लामा कुल १७,७२८ जना कमैयासंग प्रत्यक्ष भेटघाट, र कुराकानी गरियो । उक्त संख्याको ५२५ अर्थात ९१८५ कैलाली जिल्लामा, वर्दियामा लगभग ३९% अर्थात ६९६४ र कंचनपुरमा लगभग ८% अर्थात १५७९ कमैयाको उपस्थिती देखिएको छ । यसवाट तुलनात्मक रुपमा कैलाली र वर्दियामा नै कमैया प्रथा ज्यादा प्रचलनमा रहेको स्पष्ट थाहा लाग्दछ । कमैयाको ठूलो संख्या थारु जातिको देखिन्छ । वर्दिया, कैलाली र कंचनपुरमा थारु कमैयाको संख्या क्रमश: ९३.६%, ९०.३% र ९०.७% रहेको छ ।

१०.२ कमैयाको उमेर

वर्दियामा ९०.८% कैलालीमा ९०.७% र कचंनपुरमा ९०.५% कमैया वस्नेहरुको उमेर १५ वर्ष देखी माथी ४९ वर्षभन्दा मुनी रहेको देखिएको छ । यसवाट कमैया

तालिका नं १
उमेरको आधारमा कमैयाको स्थिति

उमेर	वर्दिया %	कैलाली %	कंचनपुर %
१५ वर्ष मुनी	३.१	२.४	२.३
१६-१९	१०.१	१०.३	१०.६
२०-२९	३१.९	३३.१	३३.४
३७-३९	२९.४	२७.४	२५.९
४०-४९	१६.४	१७.४६	१८.३
५०-५९	५.८	५.६	६.५
६० भन्दा माथि	२.४	०.३	१.७
उमेर थाहा नलागेका	१.१	१.५	१.२
जम्मा	१००	१००	१००
संख्या	९१८५	६९६४	१५७९

काम गर्ने क्षमता भएका र काममा जोतिन सक्ने व्यक्ति हुनु पर्दो रहेछ भन्ने स्पष्ट हुन्छ । नावालक व्यक्तिहरु पनि कमैयाको रुपमा रहेको पाइन्छ । १५ वर्ष भन्दा मुनिका नावालक कमैयाको संख्या वर्दिया, कैलाली र कंचनपुरमा क्रमश ३.१%, २.४% र २.३% रहेको पाइन्छ । पचास वर्ष देखि माथिका बुढा व्यक्तिहरु त्यती विघ्न शारिरिक काम गर्न नसके पनि भेसवार, गेवार जस्ता काममा लगाइएका हुन्छन् र त्यसको संख्या वर्दिया, कैलाली र कंचनपुरमा क्रमश : ८.२%, ७.९% र ८.२% रहेको पाइन्छ । काम गर्न सक्ने मुख्य उमेर २० देखि ४० बीच उमेरका कमैयाको संख्या वर्दिया, कैलाली र कंचनपुरमा क्रमश ६१.३, ६०.५ र ५९.३ प्रतिशत पाइन्छ ।

१०.३ कमैयाको समयावधि

कमैया प्रथा धेरै पुरानो प्रचलन हो र कतिपयले पुस्तौदेखि कमैयाको रुपमा काम गर्दै आएको देखिन्छ । कमैयाहरु अनपढ, सोझा र पुस्तावली ठीक संग थाहा नहुने पनि पाइएका छन । कति कमैयाहरु त कहिले देखि कमैया भएको हो र कहिले समाप्त हुने हो भन्ने चिन्ता गर्ने मनस्थितीमा समेत देखिदैनन् । तिनले बाबू, बाजेलाइ कमैया नै देखे, आफू कमैया बुढो भएर मर्न लागेको र छोरा नाती पनि कमैयाकै बाटोमा प्रवेश गरेको देखिरहेका छन् । अत: लेखाजोखा राख्न पर्ने आवश्यकता नै नदेख्ने र कमैया हुनु भाग्यको खेल हो भन्नेहरु पनि धेरै देखिएका छन् । कति पुस्तादेखि कमैया भएको हो भन्न नसक्नेहरुको संख्या वर्दिया, कैलाली र कंचनपुरमा क्रमश: २४.८%, ८.१% र १३.९% देखिन्छ । तुलनात्मक रुपमा यस्ता कमैयाहरु

तालिका नं २

पुस्ताको हिसाबबाट कमैयाको स्थिति (% मा)

पुस्ता	वर्दिया	कैलाली	कंचनपुर
१	२४.३	२४.५	४५.१
२	१७.८	३६.४	३१.३
३	२५.३	२९.७	९.९
४	७.८	१.२	०.९
भन्न नसक्ने	२४.८	८.१	१३.९
जम्मा	१००.०	१००.०	१००.०
संख्या	९१८५	६९६४	१५७९

वर्दियामा धेरै देखिएका छन । मानिसहरु ४ पुस्तासम्मको कुरा पनि संझन सक्दा रहेछन । यो संभव पनि देखिन्छ । कसैले पनि छोरा र नाती गरेर ५ पुस्ता देखेको हुन्छ, अनुभव गरेको हुन्छ । तिनैवटै जिल्लामा ४ पुस्तादेखि कमैया रहनेहरुको संख्या ३.३%, ३ पुस्तादेखि कमैया हुनेहरु २१.६३%, दुई पुस्ता देखि कमैया हुनेहरु २८.५% र आफूमात्र कमैयाहुनेहरु ३१.३% देखिएको छ ।

कमैयाले कमैयाको रुपमा ३५ बर्ष भन्दा धेरै समय काम गर्ने गरेको पनि पाइएको छ । कमैयाको रुपमा काम गरेको वर्ष र कमैयाको संख्या निम्न तालिकाले प्रष्ट पार्दछ ।

तालिका नं. ३

कमैयाले कमैयाको रुपमा काम गरेको कूल वर्ष (% मा)

वर्ष	वर्दिया	कैलाली	कंचनपुर
० - ४	२२.४	२३.१	३३.८
५ - ९	१२.०	२१.८	२३.७
१० - १४	१०.०	१८.१	१८.६
१५ - १९	६.०	१३.८	९.२
२० - २४	३.४	१०.७	७.१
२५ - २९	४.९	६.२	३.७
३० - ३४	३.०	३.२	१.२
३५ भन्दा माथी	३२.३	३.०	२.६
जम्मा	१००	१००	१००
संख्या	९१८५	६९६४	१५७९

कमैयाहरु एक मालिकबाट अर्को मालिक कहाँ विक्री भएर नजाउन्जेलसम्म एकै मालिक कहाँ काम गर्न बाध्य हुन्छन् । एकै मालिक कहाँ कमैया भएर वस्नेले सरदर उपल्लो १९ बर्ष र कम्तीमा २-६ वर्ष विताएको तथ्याङ्कले देखाउदछ । अर्को तर्फ कमैयाले पाँचौं पटक सम्म मालिक परिवर्तन गरेको वा गर्नु परेको स्थिति पनि देखिन्छ । तीन जिल्ला मध्ये वर्दियामा कमैया भै वसेको प्रत्येक पटकको सरदर बर्ष धेरै देखिन्छ । यसवाट अरु जिल्ला भन्दा बर्दीयामा कमैयाको स्थिति गंभीर रहेको अनुभव हुन्छ । यस सम्बन्धमा तलको तालिकालाइ हेरेमा उक्त कुराको पुष्टि हुन्छ ।

तालिका नं. ४
कमैया बसेको सरदर वर्ष र पटक

पटक	वर्दिया	कैलाली	कंचनपुर
प्रथम	१९.०	७.५	५.१
द्वितीय	७.८	५.८	३.९
तृतीय	७.०	४.२	३.३
चतुर्थ	७.०	३.८	२.९
पांचौ	६.१	३.६	२.६
जम्मा	१००	१००	१००
संख्या	९१८५	६९६४	१५७९

१०.४ कमैयाको रुपमा प्रवेश गर्ने उमेर

तुलनात्मकरुपमा कमैयाको रुपमा कहिले देखि काम गर्न लागेको हो भन्न सकिने कुरा हो र केही कमैयाले बताएका पनि छन् । तापनि कमैया कहिले देखि भइएको हो भनेर भन्न नसक्नेको संख्या ठूलो पाइएको छ । यो संख्या वर्दिया, कैलाली र कंचनपुरमा क्रमश ३१.६%, ३२.९% र ८१.९% छ जसको औसत संख्या ४८.८%

तालिका नं. ५
कमैयामा प्रवेश गरेको उमेर (% मा)

उमेर	वर्दिया	कैलाली	कंचनपुर
१० वर्ष भन्दा मुनी	७.०	६.२	२.०
१०-१४	२०.०	२४.८	५.६
१५-६४	४१.२	३५.९	१०.५
६५ वर्ष माथी	०.२	०.२	-
भन्न नसकनेहरु	३१.६	३२.९	८१.९
जम्मा	१००	१००	१००
संख्या	९१७२	६९५८	१५७८
औसत वर्ष	१५.९	१६.७	१७.८

हुन्छ । यस्तो हुनाको कारण पनि स्पष्ट छ जस्तो लाग्दछ । अधिकांश कमैया हुने बाबु-आमा आफ्ना छोरा छोरीलाई लिएर मालिक कहाँ जान्छन् । उनका छोरा छोरी कमैया नभएपनि मालिकले दिएको बुक्रहीमा बस्तछन् । उनीहरु (ग्वाला, ग्वाल्नी) औपचारिक रुपमा कमैया नभए पनि मालिक वा उसका परिवारका सदश्यले लाए अह्राएका कामहरु गर्दै रहन्छन् । यस्ता काम हर्दम गरिरहदा उनीहरुले कमैया हो होइन छुट्याउन सक्ने कुरा भएन । हर्दम काममा मात्रै उनीहरुको जीवन बित्दछ र औपचारिक रुपमा कमैया बस्नु पूर्व देखि नै काम गरी आएकाले कैले देखि कमैयामा बसेको हो भन्न संभव हुने कुरा पनि भएन । लगभग ५% कमैयाहरु दश वर्ष भनदा मुनिको उमेरमा कमैया भैसकेका हुन्छन् । करिब १६.८% कमैया १० देखि १४ वर्षको उमेरमा हुन्छन् । ६५ वर्ष भन्दा माथिका धेरै कम व्यक्ति कमैयाको रुपमा लिइन्छन् । कमैयाको रुपमा प्रवेश गर्ने उमेरका सम्बन्धमा निम्न तालिकाले प्रष्ट पार्दछ ।

१०.५ कमैयाको सम्पति

१०.५.१ जग्गा जमीन

अध्ययनवाट अधिकांश कमैयाहरु सुकुम्वासी देखा परेका छन् । अन्तवार्ता गरिएका कमैया मध्ये ९८.२% को आफ्नो नाउमा कुनै जग्गा जमीन देखिदैन । यो संख्या तिनै जिल्लामा एकनास देखिएको छ । बांकी १.८% कमैयाहरु को जग्गा छ तर त्यस मध्येका अधिकांशको दुइ बिगाहा भन्दा कम जग्गा देखिएको छ । उक्त कुरा निम्न तालिकाले प्रष्ट पार्दछ ।

तालिका नं ६

कमैयाको जग्गा जमीनको विवरण (% मा)

जग्गा	वर्दिया	कैलाली	कंचनपुर
२ बिगाहा भन्दा कम	०.९	१.०	२.०
२-२.९९	०.२	०.५	०.२
३ बिगाहा भन्दा माथि	०.१	०.४	०.१
जग्गा नहुने	९८.८	९८.१	९७.७
जम्मा	१००	१००	१००
संख्या	९१७२	६९५८	१५७८
औसत	२.६	३.२	१.९

१०.५.२ घर हुने र नहुनेहरु

कमैयाहरुको आफ्नो जग्गा कम भएको देखिए पनि तुलनात्मक रुपमा घर हुनेहरुको संख्या केही राम्रो देखिन आएको छ । लगभग २७% कमैयाको घर भएको देखिन्छ र ७३% कमैयाहरु घर विहिन अवस्थामा छन् । जग्गा नहुने कमैयाको संखया लगभग ९८.२ देखिएकोमा २७% घरवाला देखिएको हुदा उनीहरुको घर आफ्नो स्वामित्व भएको जग्गामा वनेको होइन भन्नु पर्ने हुन्छ । कमैयाहरु मालिकले दिएको जग्गामा बुक्रा बनाएर बस्ने हुदा नै २७% को घर देखिएको कुरालाई मान्नु पर्ने हुन्छ ।

तालिका नं. ७

कमैयाको घरको विवरण (% मा)

घर	वर्दिया	कैलाली	कंचनपुर
छ	२२.५	२५.८	३२.७
छैन	७७.५	७४.२	६७.३
जम्मा	१००	१००	१००
संख्या	९१७२	६९५८	१५७८

१०.५.३ अन्य सम्पती

कमैयाका अन्य सम्पतीमा गर गहना, दोपाया चौपाया वाहेक अन्य केहि हुन सक्ने स्थितिको कल्पना सम्म गर्न सकिदैन । गरगहनाको कुरा खास गरी महिलासंग सम्वन्धित हो तर कमैयाका स्वास्नी वा अन्य महिलासंग कुराकानी नगरिएकाले त्यसवारे जानकारी हुन सकेन ।

१०.६ साक्षरताको स्थिति

१०.६.१ कमैयाको स्थिति

गरीव, अनपढ व्यक्तिहरु नै कमैयाको रुपमा काम गर्ने गर्दछन् । त्यति मात्र होइन यस्ता व्यक्तिले गाउँ छाडेर अन्यत्र काम पाउन सक्ने संभावना पनि कम हुन्छ । त्यसैले कमैया हुन वाहेक अरु रोजगारीको अवसर प्राप्त हुने कुरा भएन । यस कुराको पुष्टि तलको तथ्याङ्कले गरेको छ । तथ्याङ्क अनुसार केवल ३.७% कमैया साक्षर देखिएका छन्।

तालिका नं. ८
कमैयाको साक्षरता सम्बन्धी स्थिति (% मा)

साक्षरता	वर्दिया	कैलाली	कंचनपुर
साक्षर	४.६	४.०	२.५
निरक्षर	९५.४	९६.०	९७.५
जम्मा	१००	१००	१००
संख्या	९१७२	६९५८	१५७८

१०.६.२ पढने चाहना

कतिपय कमैयाहरु पढने भनेको नै के हो भन्ने बुझ्न नसक्ने पाइएका छन् । यस्ता कमैयाहरुको संख्या वर्दिया, कैलाली तथा कंचनपुरमा क्रमश : १३%, १९.१% र ३०.४% रहेको पाइएको छ । सालाखाला सबै क्षेत्रमा २०.२% सानो संख्या होइन । यसले कमैयाहरुको मानसिक दरिद्रताको मात्र होइन उनीहरुको मनुष्यता प्रतिकै ज्ञानको कमीलाई वोध गराउछ । यसले उनीहरुको अवस्था कति दयनीय रहेछ त भन्ने प्रष्ट पार्दछ । पढन नचाहनेहरु पनि कम देखिदैनन । तीनवटै जिल्लाका कूल कमैयाको २५.९% ले पढने चाहना व्यक्त गरेनन । पढने अवसर नपाएका तर पढन चाहनेहरुको संख्या बर्दिया, कैलाली र कन्चनपुरमा क्रमश:५७.३%, ५७.७% र ४६.७% देखिएको छ ।

पढन नपाउने कारणहरुमा आर्थिक स्थिति र काम प्रमुख देखिएका छन् । तलको तथ्यांकले यसलाई स्पष्ट पार्दछ ।

तालिका नं. ९
पढन चाहने तर पढन नसकेको कारण बताउने कमैयाहरु (% मा)

पढन चाहने	वर्दिया	कैलाली	कंचनपुर
छ	५७.३	५७.७	४६.७
छैन	२९.७	२५.२	२२.८
थाहा छैन	१३.०	१९.१	३०.४
जम्मा	१००	१००	१००
संख्या	९१७२	६९५८	१५७८

पढन नपाएको कारण

गरीवी (आर्थिक कमजोरी)	४५.९	३०.८	२०.१
वावु आमाले नदिएर	६.९	१२.८	०.६
कामले फुर्सत नहुने	५.६	१२.९	०.६
अन्य	३.४	३.४	०.५
थाहा छैन	१.८	३.७	२.०
उत्तर नदिने	३६.६	३६.५	७६.२
जम्मा	१००	१००	१००

१०.७ कमैयाको परिवार

गरीवीमा रहनुपर्ने अनेकौ कारण मध्ये आश्रित तर ठूलो परिवार पनि एक हो । सन् १९८१ (२०४८) को जनगणनाले वर्दिया, कैलाली र कंचनपुरमा परिवारको आकार अर्थात प्रति परिवार क्रमश : ७.०४, ६.८९ र ६.४१ व्यक्ति रहेकाछन । अध्ययनको क्रममा कमैयाको परिवारमा आश्रित बयक्तिहरुको संख्या १६ जना भन्दा वढि पनि देखिन आएको छ । कमैयाको आश्रित व्यक्तिहरुको संख्या निम्न तालिकाले स्पष्टसंग देखाउदछ -

तालिका नं. १०:१

कमैयाको पारिवारिक वनावटको स्थिति (%मा)

आश्रितहरुको संख्या आकार	वर्दिया	कैलाली	कंचनपुर
६ जना सम्म	५०.८	३८.६	४८.३
६-१० जना	३०.७	४२.५	३९.८
११-१५ जना	५.९	१०.२	६.७
१६ जना र सो भन्दा माथि	२.९	३.८	३.१
भन्न नसक्ने	९.७	४.९	२.१
जम्मा	१००	१००	१००
संख्या	९१७२	६९५८	१५७८
औसत	५.९	६.९	६.२

(टिप्पणी : तालिका नं.१०:२ देखि १०:१२ सम्म जवाफ दिने र नदिने संख्याको अन्तरले गर्दा जम्मा संख्या तल माथि परेको छ ।)

तालिका नं. १०:२

कमैयामाथि आश्रित परिवार-सदस्यको विवरण

आश्रितहरुको संख्या	वर्दिया	कैलाली	कंचनपुर
४ वर्ष भन्दा मुनी	५०.६	५४.४	५०.३
४- ६	१६.६	२१.३	१५.८
७ - ९	२.५	४.२	२.०
१० वर्ष माथी	१.३	२.०	२.९
उल्लेख नभएको	२९.०	१८.२	२८.९
जम्मा	१००	१००	१००
संख्या	९१८५	६९६४	१५७९
औसत	२.९७	३.२८	३.२२

तालिकाले देखाए अनुसार मूली कमैयामा आश्रित व्यक्तिहरुको संख्या ३ जना औसतमा पाइएको छ । यस्तो देखिनुको मुख्य कारण कमैयाको परिवारमा रहेका सबै सदस्यहरु केटाकेटी देखि नै, उही वा अरु मालिक कहाँ काम गर्ने गरेकोले हो ।

तालिका नं. १०:३

कमैयाको परिवारमा कमाउन सक्ने सदस्यहरुको विवरण (लिङ्गको आधारमा)

लिङ्ग	वर्दिया	कैलाली	कंचनपुर
पुरुष	३८.६	४४.६	४५.७
महिला	६१.४	५५.४	५४.३
जम्मा	१००.०	१००.०	१००.०
संख्या	२०४२५	२०७६३	४६२१

उपरोक्त तालिकाले पुरुष भन्दा बढी महिलाहरु आयमूलक कृयाकलापमा संलग्न भएको देखिन्छ । यहाँनेर प्रष्ट हुनुपर्ने कुरा के छ भने प्रत्येक परिवारको एकजना पुरुष कमैयाको आर्थिक उपार्जनलाई अन्य तालिकामा समावेश गरी सकिएको छ र

त्यो संख्यालाई यस तालिकामा सामेल गरिएको छैन । त्यसै हुनाले महिलाको अनुपात अत्यधिक बढी देखिएको छ ।

तालिका नं. १०:४
एक वा दुइ मालिक कहाँ काम गर्ने कमैया-परिवारको विवरण

	वर्दिया			कैलाली			कंचनपुर		
मालिकको किसिम	पुरुष	महिला	दुवै	पुरुष	महिला	दुवै	पुरुष	महिला	दुवै
उही मालिक	३१.७	७५.९	६२.०	१६.५	४७.१	३३.६	२३.८	४५.९	३५.९
दोस्रो मालिक	६७.१	२१.८	३६.१	८२.८	५२.३	६५.८	७५.९	५३.२	६३.५
दुवै	१.२	२.२	१.९	०.७	०.६	०.६	०.३	०.९	०.६
जम्मा	१००.	१००.	१००.	१००.	१००.	१००.	१००.	१००.	१००.
संख्या	३९९४	८७०४	१२६९८	७५१३	९४७९	१६९९२	१५४३	१८४६	३३८९

उपरोक्त तालिका अनुसार आर्थिकोपार्जनमा लागेका कमैया परिवार मध्ये बर्दियामा दुइतिहाईहरु एउटै मालिक कहाँ काम गर्दछन् । तर कैलाली र कन्चनपुरमा भने त्यस्को उल्टो देखिन्छ । साथै अधिकांश महिलाहरुले मूली काम गर्ने स्थानमै काम गरेको पाइयो भने पुरुषहरु चाहिँ मूली काम गर्ने मालिक कहाँ नभै अर्को मालिक कहाँ काम गर्ने गर्छन ।

तालिका नं. १०:५
आर्थिकोपार्जनमा लागेका परिवार-सदस्यको शिक्षा र स्वास्थ्यको स्थिति

	वर्दिया			कैलाली			कंचनपुर		
स्थिति शिक्षा	पुरुष	महिला	दुवै	पुरुष	महिला	दुवै	पुरुष	महिला	दुवै
साक्षर	१.६	१.६	१.६	२.९	०.७	१.७	३.६	०.५	१.९
निरक्षर	९८.४	९८.४	९८.४	९७.१	९९.३	९८.३	९६.४	९९.५९	९८.१
जम्मा	१००.	१००.	१००.	१००.	१००.	१००.	१००.	१००.	१००.
संख्या	७८८१	१२५४४	२०४२५	९२५७	११५०६	२०७६३	२१११	२५१०	४६२१
स्वास्थ्य									
स्वस्थ	९८.७	९९.०	९८.९	९९.४	९९.७	९९.६	९८.९	९९.८	९९.४
अस्वस्थ	१.३	१.०	१.१	०.६	०.३	०.४	१.१	०.२	०.६
जम्मा	१००.	१००.	१००.	१००.	१००.	१००.	१००.	१००.	१००.
संख्या	१०२५	३९६५	४९९०	२९९४	४१८९	७१८३	३६४	४४७	८११

माथिको तालिकावाट के स्पष्ट हुन्छ भने कमैया परिवारमा आर्थिकोपार्जनमा लागेकाहरु मध्ये बर्दियामा महिला र पुरुषको साक्षरता संख्या उत्ति देखिन्छ भने कैलाली र कञ्चनपुरमा महिला भन्दा पुरुष बढी साक्षर छन् । जे भए पनि साक्षरता संख्या हेर्दा बर्दियामा ९८.४, कैलालीमा ९८.३ र कञ्चनपुरमा ९८.१ प्रतिशत कमैयाहरु निरक्षर छन् ।

त्यस्तै स्वास्थ्यको स्थिति हेर्दा प्रायः सवैजसो कमैयाहरु आफू स्वास्थ्य भएको बताउँछन् । तर स्पष्ट छ । स्वास्थ्य सम्बन्धी सचेतनाको अभाव र अशिक्षाले गर्दा उनीहरुले यस्तो जवाफ दिएका हुन् ।

तालिका नं. १०:६

उही मालिक कहाँ मस्यौरा-भाग लिई काम गर्ने परिवारका महिला तथा पुरुषहरुको विवरण

मस्यौरा	वर्दिया			कैलाली			कंचनपुर		
	पुरुष	महिला	दुवै	पुरुष	महिला	दुवै	पुरुष	महिला	दुवै
नगद मात्र	८.७	९.०	८.९	१५.७	१.९	३.५	९.३	०.८	२.३
लत्ता तथा खाना	८७.९	८९.९	८९.६	६९.३	९६.९	९३.८	६९.२	९७.७	९२.७
लत्ता, खाना तथा नगद	३.५	१.०	१.४	१२.९	१.१	२.४	२१.५	१.६	५.०
अन्य	०.०	०.१	०.१	२.१	०.०	०.३	०.०	०.०	०.०
जम्मा	१००.	१००.	१००.	१००.	१००.	१००.	१००.	१००.	१००.
संख्या	१७३	८८४	१०५३	२८०	२२१३	२४९३	१०७	५१३	६२०

कमैयाका परिवारका अरु सदस्यहरु कमैया काम गर्ने मालिक कहाँ नै काम गर्नेहरु मध्ये अधिकांशले लुगा र खाना मात्र लिई काम गर्ने गर्छन । कैलाली जिल्लामा यसरी काम गर्नेहरुको संख्या सवै भन्दा बढी अर्थात ९३.८ प्रतिशत छ भने क्रमशः कंचनपुर र बर्दियामा यो संख्या ९२.७ र ८९.६ रहेको छ । त्यस्तै लुगा खाना र नगद समेत लिई काम गर्ने हरुको संख्या बर्दियामा १.४ कैलालीमा २.४ र कञ्चनपुरमा ५ प्रतिशत मात्र रहेको छ ।

तालिका नं. १०:७

उही मालिक कहाँ काम गर्ने कमैया परिवारका सदस्यहरुको कार्य समय विवरण

कार्य समय	वर्दिया			कैलाली			कंचनपुर		
	पुरुष	महिला	दुवै	पुरुष	महिला	दुवै	पुरुष	महिला	दुवै
८ घण्टाभन्दा कम	३.३	०.९	१.१	३.४	३.९	३.८	२.८	०.७	१.२
८-११ घण्टा	०.५	१.९	१.८	६.५	३.८	४.२	१२.४	१२.२	१२.३
१२ घण्टा	९३.९	९०.४	९०.७	७७.९	७९.२	७९.०	७२.४	७८.४	७९.९
१३ घण्टामाथि	२.३	६.८	६.४	१२.२	१३.१	१३.१	१२.४	८.७	९.६
जम्मा	१००.	१००.	१००.	१००.	१००.	१००.	१००.	१००.	१००.
संख्या	३९१	४५३४	४९२५	३८४	२२५९	२६४३	१४५	४४९	५९४

उपरोक्त तालिका अनुसार कमैया परिवारका सदस्यले सामान्यतया १२ घण्टा भन्दा बढी निरन्तर काम गर्नु पर्दछ । ८ घण्टा भन्दा थोरै काम गर्नेहरुको प्रतिशत बर्दिया, कैलाली र कंचनपुरमा क्रमशः १.१, ३.८ र १.२ देखिन्छ भने १३ घण्टा भन्दा बढी खट्नु पर्नेको प्रतिशत यो भन्दा निकै धेरै अर्थात क्रमशः ६.४, १३.१ र ९.६ प्रतिशत देखिन्छ ।

तालिका नं. १०:८

अन्यत्र गइ काम गर्ने, परिवारका महिला तथा पुरुषहरुको मस्यौरा विवरण

मस्यौरा	वर्दिया			कैलाली			कंचनपुर		
	पुरुष	महिला	दुवै	पुरुष	महिला	दुवै	पुरुष	महिला	दुवै
नगदमात्र	२३.२	४८.८	३३.७	२१.८	१२.२	१८.३	२७.३	२४.५	२६.२
लत्ता तथा खाना	७४.९	४९.२	६४.३	५९.९	८४.३	६८.८	२८.७	६३.८	४२.६
लत्ता, खाना तथा नगद	१.९	२.०	१.९	१६.८	३.५	११.९	४४.१	११.७	३१.२
अन्य	०.०	०.०	०.०	१.५	०.०	१.०	०.०	०.०	०.०
जम्मा	१००	१००.	१००.	१००.	१००.	१००.	१००.	१००.	१००
संख्या	४२७	२९९	७२६	१४६७	८४७	२३१४	१४३	९४	२३७

उपरोक्त तालिकाले कुन कुरा प्रष्ट पार्दछ भने अन्यत्र गएर काम गरे पनि कमैयाको परिवारले आफूलाई खान पु-याउने मात्र आय आर्जन गर्न सक्दछन्। तालिका अनुसार नगद पारिश्रमिक पाउने भन्दा खाना तथा भुत्रो लुगाको भरमा काम गर्नु पर्नेहरुको संख्या बढी देखिन्छ ।

तालिका नं. १०:९

मूली कमैयाको कमाउन सक्ने परिवार सदस्यहरु जो अन्यत्र काम गरी रहेका छन तिनको काम गर्ने समयको विवरण

कार्य समय	वर्दिया			कैलाली			कंचनपुर		
	पुरुष	महिला	दुवै	पुरुष	महिला	दुवै	पुरुष	महिला	दुवै
८ घण्टाभन्दा कम	३.२	०.९	२.१	७.०	४.७	६.१	२.९	५.९	३.८
८ - ११ घण्टा	१.२	१.९	१.६	४.८	४.०	४.५	१०.०	१५.७	११.७
१२ घण्टा	९१.२	९३.२	९२.२	७८.१	७६.९	७७.६	८३.३	७६.५	८१.२
१३ घण्टामाथि	४.३	४.०	४.२	१०.१	१४.४	११.८	३.८	२.०	३.२
जम्मा	१००.	१००.	१००.	१००.	१००.	१००.	१००.	१००.	१००.
संख्या	६५१	५७४	१२२५	२१६३	१३९७	३५६०	२३९	१०२	३४१

अन्यत्र काम गर्ने मूली कमैयाका परिवार सदस्यहरुले बढी मात्रामा १२ घण्टा काम गर्नुपर्ने बताएका छन् । ८ घण्टा काम गर्नु पर्नेहरुको संख्या ज्यादै कम छ ।

बर्दियामा यो संख्या २.१ प्रतिशत छ भने कैलाली र कञ्चनपुरमा क्रमशः ६.१ र ३.८ रहेको छ। तर बर्दियामा ९२.२ प्रतिशत अनि कैलाली र कञ्चनपुरमा ७७.६ र ८१.२ प्रतिशतले १२ घण्टा काम गर्नुपर्ने बताए।

तालिका नं. १०:१०
कमैयाको घर परिवारका काममा संलग्न पुरुष तथा महिलाको उमेरको आधारमा विवरण

उमेर	बर्दिया			कैलाली			कंचनपुर		
	पुरुष	महिला	दुवै	पुरुष	महिला	दुवै	पुरुष	महिला	दुवै
१५ वर्षमुनी	४५.०	२२.४	३१.१	२८.९	१८.३	२३.०	३५.२	२२.९	२८.६
१५-१९ वर्ष	१८.५	११.९	१४.५	१७.५	१२.४	१४.७	१८.२	११.६	१४.६
२०-३९ वर्ष	२३.५	४७.४	३८.२	३०.८	४४.१	३८.१	३०.१	४४.३	३७.८
४०-५९ वर्ष	९.२	१५.७	१३.२	१६.१	२१.३	१९.०	११.३	१७.६	१४.७
६० वर्षमाथि	३.८	२.५	३.०	६.७	४.०	५.२	५.२	३.५	४.३
जम्मा	१००.	१००.	१००.	१००.	१००.	१००.	१००.	१००.	१००.
संख्या	७३३५	११७९३	१९१२८	८९८६	१११४७	२०१३३	२०८६	२४८१	४५६७

तालिका अनुसार सबभन्दा राम्रो श्रमशक्ति मानिने २०-३९ बर्षका परिवार सदस्यहरु घर परिवारका काममा संलग्न देखिन्छन्। बर्दिया, कैलाली र कञ्चनपुरमा यो प्रतिशत क्रमशः ३८.२, ३८.१ र ३७.८ रहेको छ।

तालिका नं. १०:११
कामको किसिम अनुसार अन्यत्र काम गर्ने कमैयाको परिवारको वर्गीकरण

कामको किसिम	बर्दिया		कैलाली		कंचनपुर	
	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला
ज्यालादारी	१२.६	२०.०	७.५	६.८	२.८	३.४
पेशा	३.४	०.८	३.७	०.५	३.२	०.३
कमैया	१६.८	०.०	२८.४	०.०	७.३	०.०
घरमा कामगर्ने	२७.४	४६.७	३१.०	७३.५	४८.१	८३.६
भेडाचराउने	२०.६	५.१	१३.५	२.५	४.३	२.४
बुक्राही	०.०	९.३	०.०	४.८	०.०	०.२
खेती	५.८	२.१	४.९	१.८	२२.७	४.५
अन्य	१३.३	१५.९	११.०	९.८	११.६	५.६
अध्ययन	०.१	०.१	०.०	०.३	०.०	०.०
जम्मा	१००.	१००.	१००.	१००.	१००.	१००.
संख्या	२६७९	१९०१	६२२२	४९५८	११७१	९८२

उपरोक्त तालिका अनुसार अन्यत्र काम गर्ने व्यक्तिहरुले सवभन्दा बढी घरायसी काम गर्दछन् भने पेशा र ज्यालादारी जस्ता कामहरुमा उनीहरुको संलग्नता कम रहेको देखिन्छ ।

तालिका नं. १०:१२

कामको किसिम अनुसार एउटै मालिककोमा काम गर्ने कमैयाको परिवारको वर्गीकरण

	वर्दिया		कैलाली		कंचनपुर	
कामको किसिम	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला
बुकही	०.०	६४.४	०.०	४९.०	०.०	७.१
कमैया	२४.९	०.०	३८.६	०.०	४.१	०.०
भेडा चराउने	३०.७	३.१	२६.६	६.६	२१.७	८.१
बेगानी/ओर्गानी/बधिनी						
कमलरिया/बार्दिवा	०.०	१४.३	०.०	२५.१	०.०	७.१
घरको काम	६.८	४.७	३.७	८.८	९.५	२५.४
चरुवा	३.०	०.४	२.१	०.२	७.१	०.८
खेती	९.७	५.६	७.०	३.५	३२.६	८.५
ज्यालादारी	०.२	०.१	०.६	०.१	१.६	०.१
अन्य	२१.६	५.३	१५.८	४.४	१०.३	९.७
आफ्नै काम	१.४	०.६	२.६	१.७	०.०	१.१
अध्ययन	०.४	०.०	२.१	०.०	०.८	०.०
उल्लेख नगरिएको	१.२	१.६	०.९	०.५	१२.२	३२.०
जम्मा	१००	१००	१००	१००	१००	१००
संख्या	१२६७	६६०९	१२४१	४४६४	३६८	८४७

मूली कमैयाले काम गरेकै मालिक कहाँ काम गर्ने परिवार सदस्यले, गर्ने कामको प्रकृतिमा प्राय: एक रुपता देखिँदैन । बर्दियामा सवभन्दा बढी पुरुषहरु भेडा चराउछन् भने महिलाहरु बुकरही बस्छन् । कैलालीमा पुरुषहरु कमैया नै बनेका देखिन्छन् भने महिलाहरु बुकरही नै रहेका छन् । कंचनपुरमा भने सवभन्दा धेरै पुरुषहरु खेतीमा संलग्न छन् भने महिलाहरु घरायसी काममा लागेको देखिन्छ ।

१०.८ कमैया र मालिक बीच सम्वन्ध व्यवहार

१०.८.१ कमैया प्रथा

कमैया प्रथा एउटा यस्तो प्रथा हो जसलाई समाजले मान्यता दिएको छ । व्यक्तिहरु आफ्नो नाता गोतामा समेत कमैया भएर वस्तछन् । कमैया वस्नेहरु र राख्नेहरुको वीचमा दाजुभाई, साला भिनाजु, ज्वाई ससुरा, काका भतिजा, मामा भानिज तथा अन्य नाता पनि हुन्छ भन्ने कुरालाई तलको तालिकाले प्रष्ट पार्दछ । यस्ता नाताहरुमा आत्मीय संम्वन्ध हुन्छ र नोकरीको अनुभव हुदैन । यो प्रचलन निर्वाध रुपमा चलिरहेको छ । यस्तो संख्या धेरै सानु छ । वर्दियामा २०%, कैलालीमा १८.४% र कंचनपुरमा ३.४% मत्र छ । कुनै नाता नपर्ने साच्चिकै कमैया वस्नेहरुको संख्या ठूलो देखिएको छ । निम्न तालिका प्रस्तुत छ ।

तालिका नं. ११

मालिकसंग कमैयाको नाता सम्वन्ध (% मा)

नाता	वर्दिया	कैलाली	कंचनपुर
दाजुभाई	४.७	४.५	०.४
सालो	१.०	२.८	०.४
ससुरो	१.५	१.४	०.३
हजुरवा	१.०	१.५	०.१
काका	३.०	२.४	०.५
भतिजा	१.३	१.३	०.६
मामा	२.५	१.७	०.६
अन्य	५.०	२.८	०.६
नाताछैन	८०.०	८१.६	९६.६
जम्मा	१००.०	१००.०	१००.०
संख्या	९१८५	६९६४	१५७९

अन्य अन्तर्गत वावु, आमा, दिदी वहिनी, छोरा, सासु इत्यादी परेका छन् ।

११.८.२ कमैया राख्ने मालिक

कमैया राख्ने मालिकहरुलाई मूलत: पहाडिया, थारु र अन्य गरी तीन श्रेणीमा वर्गीकरण गरिएको छ । पहाडिया भन्नाले पहाडतर्फवाट तराइमा जग्गा किनी वसाई सरी आएर वसोवास गर्ने पहाडी मूलका मानिस हुन । यस्ता मालिकहरु कमैयासंग

साह्रै नै निर्दयी, क्रुर र अमानवीय व्यवहार गर्ने हुन्छन् भन्ने कुरा उनीहरुसंगको भेटघाटमा कमैयाले बताए । कमैया बस्नेहरु पनि पहाडिया थारु र अन्य जाति हुन्छन् । अन्य जातिमा वाजी, मुसलमान आदि पर्दछन । थारु कमैयाले थारु मालिक कहां वस्न मन पराउने कुरा पनि अध्ययन क्रममा थाहा लागेको छ । निम्न तालिकाले अधिकांश कमैयाले थारु मालिक मन पराउने विचार व्यक्त गरेको पाइन्छ ।

तालिका नं. १२

कमैयाले काम गर्न मन पराउने मालिकको संख्या (% मा)

असल मालिक को हो ?	वर्दिया	कैलाली	कंचनपुर
थारु	६८.४	७८.७	७४.७
पहाडिया	१९.७	६.९	७.०
अन्य	३.०	३.०	४.५
भन्न नचाहने	९.०	११.४	१३.८
जम्मा	१००.०	१००.०	१००.०
संख्या	९१८५	६९६४	१५७९

१०.८.३ मालिकको व्यवहार

कमैयालाई गाली गर्ने, पिटने सामान्य कुरा हो । मालिकले कमैयाको काम मन पराएन वा चित्त वुझेन भने गाली गर्ने, कुटने, असमान काममा लगाउने, पैसा कटाउने, तथा अमानवीय व्यवहार गर्ने गर्दछ । तलको तालिकाले सो कुरा प्रष्ट पार्दछ ।

तालिका नं. १३

मालिकद्धारा कमैयालाई हुने सजाय

सजाय	वर्दिया	कैलाली	कंचनपुर
हप्काउने	५४.१	४०.४	२८.९
कुटने	२.८	२.२	५.४
असमान काम लगाउने	१.०	०.४	१.४
अमानवीय व्यवहार	५.४	३.६	५.४
अन्य	०	०	१.६
भन्न नचाहने	४२.१	५७.२	६२.८

उपरोक्त वाहेक काममा नजाने वा विगार्नेलाई मालिकले जरिवाना गर्ने समेत व्यवहार देखिएको छ । यस्तो जरिमाना वर्दिया, कैलाली र कंचनपुरमा सरदर क्रमश: ४०, ४१ र ५४ रुपैयासम्म भएको तथ्याङ्कले पुष्टि गरेको छ ।

१०.९ मस्यौरा र विघा

१०.९.१ मस्यौरा

कमैयालाइ राख्ने मालिकले खानका लागि दिइने अन्नलाई मस्यौरा भनिन्छ । मस्यौरा दुई किसिमको हुन्छ - मालिकले आफ्नै घरमा खान दिने र खानका लागि चाहिने अन्न दिने । मस्यौराको रुपमा अन्न लिने र मालिककै घरमा खाना खाने कमैयाको प्रतिशत वर्दिया, कैलाली र कंचनपुरमा क्रमश: ५१.९, ४८.१, ४२.८ र ५७.२, ६३.७ र ३६.४ रहेको पाइन्छ । कैलालीमा धेरैजसो कमैयाहरु मस्यौराको रुपमा जिन्सी लिने गर्छन् । निरीक्षण क्रममा मस्यौराको रुपमा पाउने अधिकतम परिमाण कंचनपुरमा ७२० केजी सम्म र वर्दियामा ६७५ केजी सम्म देखिएको छ । यस्तो अन्न धान नै हुन्छ । धानको साथमा केही केजी लाहि (तोरी) र नून दिने प्रचलन पाइन्छ । उपरोक्त परिमाण एक जना कमैयालाई खानका निमित्त मात्र हो ।

१०.९.२ विघा

कमैयाले पाउने चार किसिमका विघा (-जग्गा, उब्जनी, जिन्सी (धान) र नगदको सम्बन्धमा प्रष्ट तथ्याङ्क उपलब्ध हुन सकेन । यसको कारणमा कमैयाहरुले आफूले "कति पाउने हो र कति पाइ राखेको छ भन्ने बारेमा पूर्ण रुपमा ज्ञान राख्न सक्तैनन" भन्ने कुरालाई लिनु परेको छ ।

विघाको रुपमा जग्गा दिने प्रचलन आम रुपमा पाइन्छ । जग्गा दिदाको सिद्धान्त हो "३ मन बुवार" जुन अगाडी उल्लेख गरी सकिएको छ । जग्गाको परिमाण दुई कठ्ठा सम्म (कैलालीमा) पनि पाइएको छ । सरदर दश कठ्ठा जग्गा दिइन्छ । यस्तो जग्गामा तुलनात्मक रुपमा उब्जा धेरै कम हुन्छ । यसका प्रभावी कारण छन् - एक त राम्रो उब्जा हुने जग्गा दिइदैन अर्को मालिकको काम सकेपछि मात्र यस्ता जग्गामा खेती संभव हुन्छ । त्यसैले त्यस्तो जग्गामा उब्जाको कुनै ठेगान पनि हुदैन । यस तरिकाबाट उसले पाउने उब्जनी धेरै कम हुन्छ ।

विघाको अर्को तरीका हो, उब्जनीको बाँडफाँड गर्ने - तीकुर, चौकुर (चौमाली), पचकुर (लाहुरे बटैया) । विघाका अन्य तरीका मध्ये यो तरिका आम प्रचलनमा छ । कमैयाले उब्जनीमा पाएको हिस्साबाट सालभरी पारिवारको भरण पोषणमा लागेको

अन्न, लत्ता कपडा र चाडपर्वमा खाएको कर्जा तिर्दा समाप्त भै सकेको हुन्छ । अत: यी किसिमको विघा हेर्दा आकर्षक लागे पनि वस्तुत: फाइदाकारक हुन सकेको पाइदैन ।

विघाको रुपमा जिन्सी (धान) दिने प्रचलन पनि बराबर नै चलेको पाइन्छ । कमैयालाई बर्दिया, कैलाली र कंचनपुरमा क्रमश: ९७४.५, ७६४.७, ६०३.४ केजी धान दिने प्रचलन पाइएको छ । उक्त धानका अलावा केही तोरी, नून र अन्य खाद्य पदार्थ दिने चलन पनि कहीं कहीं देखिन्छ ।

कमैयालाई नगदमा राख्ने प्रचलन भएको पाइएको छ । तर यसको चलन ज्यादै कम छ । कमैया र विघाको स्वरुप निम्न तथ्याङ्कले स्पष्ट पार्ने छ ।

तालिका नं. १४
कमैया र विघाको स्वरुप

विघाको स्वरुप		वर्दिया		कैलाली		कंचनपुर	
		संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१.	जमीन मात्र	२२६	२.९	२०२	२.९	७५	४.८
२.	उत्पादन						
	(तिकुर/चौमाली इ.)	४९८८	५४.४	३५८६	५१.५	४६८२	९.७
३.	नगद	५९	०.६	३९१	५.६	७८	४.९
४.	जग्गा र उत्पादन	२५११	२७.४	१५१४	२१.८	३६७	२३.३
५.	अन्य	२०	०.२	१४७	२.१	७	०.७
६.	कुनैमा पनि नपर्ने	७२८	१४.५	१११८	१६.१	५८१	३६.८
	जम्मा	९१७२	१००	६९५८	१००	१५७८	१००

१०.९.३ मस्यौरा र विघाको संयुक्त स्वरुप

मस्यौरा र विघाका विभिन्न स्वरुप प्रचलनमा देखिएका छन् र यी दुबैका विभिन्न संयुक्त स्वरुप देखिन्छन् । मस्यौरा र विघाका विभिन्न स्वरुपहरुको स्थिति र कमैयाको संख्या देखाउने तथ्याङ्क निम्न वमोजिम छ ।

तालिक नं. १५

मस्यौरा र विघाको आधारमा कमैयाको संख्या र स्थिति

मस्यौरा र विघा	वर्दिया		कैलाली		कंचनपुर	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
खाना (जमीन र उत्पादन)	१०७३	११.७	८७३	१२.५	७५	४.७
खाना र उत्पादन	२१२३	२३.१	२१२८	३०.६	२३३	१४.८
खाना मात्र	४२९	४.७	३५६	५.१	१००	६.४
धान (जग्गा र उत्पादन)	९३६	१०.२	४२८	६.२	२३५	१४.९
धान र उत्पादन	१९१८	२०.९	८७५	१२.६	१५१	९.६
धान मात्र	२६६	२.९	२३८	३.४	२९४	१८.६
जमिन र उत्पादन	३८८	४.२	१७७	२.५	४५	२.९
उत्पादन मात्र	६०७	६.६	४७९	६.९	७७	४.८
जमिन मात्र	४१	०.४	६१	०.९	५	०.३
नगद	१५	०.२	३१	०.४	१०	०.७
अन्य	८८८	९.७	८५४	१२.३	२४४	१५.५
कुनैमा पनि नपर्ने	४८७	५.३	४५७	६.६	१०९	६.९
जम्मा	९१७१	१००	४५७१	१००	६९५७	१००

उपरोक्त तालिकामा खानामा मात्र काम गर्ने ८७५ र धान मात्र लिने ६९८ कमैयाहरु वस्तुत : बाँधा हुन् ।

१०.१० कमैयालाइ आवश्यक पर्ने खर्च

कमैयालाई आफ्नो परिवारको भरण पोषणदेखि लिएर चाडवाड, लत्ता-कपडा तथा विहावारी जस्ता सामाजिक संस्कारका निमित्त चाहिने खर्च आफैंले कमाउनु पर्ने हुन्छ । उस्को कमाईको साधन कमैयाको रुपमा पाउने मस्यौरा (धान) र विघा मात्र हुन । अन्य आय श्रोत केही देखिदैन । यद्यपि केही कमैयाले आफ्ना परिवारको सदस्यको मद्धतले सानो संख्यामा सुंगुर, कुखुरा, गाई, वाखा इत्यादि पालेका वा साहुको अर्धियामा कमाएको देखिन्छ ।

खानाका लागि वार्षिक कति लाग्दछ - तथ्याङ्कद्वारा पत्ता लाग्न सकेको छैन । तर एक कमैयाको सरदर परिवार संख्याले हिसाब गरेमा सामान्यत निक्लन सक्ने र अनुमान गर्न सकिने स्थिति छ । कमैयालाइ मसौरा र विघाबाट खान पुग्दैन भन्ने स्पष्ट छ । एउटा कमैयालाइ आफ्नो परिवारका लागि लत्ता कपडा, चाडवाड र अन्य खर्चको निमित्त मात्र सामान्यत सालाखाला वार्षिक रु ५३६४.७ आवश्यक पर्ने

देखिएको छ । उक्त अंकमा जन्म, विवाह र मृत्यु जस्ता संस्कारको खर्च परेको छैन । कमैयाको मोटामोटी खर्चको अनुमान निम्न तथ्याङ्कले प्रस्तुत गर्दछ ।

तालिका नं. १६

कमैयालाई लाग्ने सरदर बार्षिक खर्चको विवरण (रुपैयामा)

घटना/चाडवाड	वर्दिया	कैलाली	कंचनपुर
विवाह	३८५१.२	३६१९.४	४०७६.७
जन्म	४४९.६	३६७.६	४३६.२
मृत्यु	२१२६.४	१४३६.६	१९८९.९
जम्मा	६६२३.०	५६४५.३	६७८२.५
चाडवाड			
माघी	४१९.१	२९२.८	४११.९
होली	२३५.६	२०४.३	२१५.२
अष्टीकर्मा	१५२.५	१४१.६	२४२.२
दशै	७८५.३	९५०.९	८९५.३
दीपावली	२२१.३	१८२.६	२१६.६
अन्य	५८४.१	११२२.३	३७५.०
कपडा	१९६५.३	१७९१.७	१७७२.२
अन्य खर्च	१२६०.८	७३८.७	९१६.७
जम्मा	५६२४.०	५४२५.१	५०४५.१

१०.११ कमैया र सौकी

सौकी एउटा प्रभावी तत्व हो जसले कमैयालाई वंधुवा तर्फ धकेल्दछ । अध्ययन क्रममा प्राप्त तथ्याङ्कले करिव ३०.६७% कमैयाहरु सौंकी खाने देखिएका छन् । वर्दिया, कैलाली र कंचनपुरमा सौंकी खाने कमैयाको संख्या क्रमश: २३३१, २७४३ र २४० पाइएको छ । एउटा कुरा विचारणीय के छ भने सौकी मात्रै कमैयाको ऋण होइन । यो त कमैयाले मालिकसंगबाट लिएको ऋण हो । आफ्ना इष्टमित्र तथा अन्य साहु महाजनसंग लिएको सापटी कर्जाको चर्चा यहां गरिएको छैन ।

मालिकसंग पटक पटक सौकी लिन पर्ने हुन्छ । सौकी जम्मा भएर तिर्न नसक्ता कमैयाले मालिककहाँ त्यति वेला सम्म टांसिएर बस्नु पर्ने हुन्छ जबसम्म त्यो सौकी तिरेर लैजाने अर्को मालिक प्राप्त हुदैन । कमैयाहरुले सौकी लिदाको रकम र पटकको तथ्याङ्क तल देखाइएको छ ।

तालिका नं. १७
सौकी लिने क्रम र रकम (सरदर रुपैयामा)

सौकीको पटक	वर्दिया	कैलाली	कंचनपुर
पहिलो पटक	२३८८.५३	२१२६.०६	४४८४.५५
दोश्रो पटक	१५८५.५८	२९४७.९०	५७१६.६८
तेश्रो पटक	२१५९.५७	३२४९.०७	६०५४.०५
चौथो पटक	२४५१.७३	४१३४.०८	६३८४.७५
पाचौं पटक	३६०४.०६	४४००.२१	८८७३.९६

वर्तमान अवस्थामा कमैयाको सौकीको बारेमा पनि अध्ययनले केही झलक प्रस्तुत गरेको छ । कमैयाले लिएको सौकिको उपल्लो अंक अस्सी हजार सम्मको पाइएको छ ।

तालिका नं. १८
सौकीको अंक र कमैया

सौकी (रु. मा)	वर्दिया	कैलाली	कंचनपुर
दुइ हजार भन्दा घटी	१३.४%	१९.१%	७.९%
२००० - ३९९९ सम्म	५.७%	८.७%	११.५%
४००० - ५९९९ सम्म	३.४%	४.३%	११.३%
६००० भन्दा माथि	२.८%	७.३%	२३.९%
सोध्नै नपर्ने (जवाफ नदिने)	७४.६%	६०.६%	४५.५%
जम्मा	१००%	१००%	१००%

सौकी खानेहरुले यति सौकी छ भन्ने पनि थाहा पाएका हुदैनन् न त उनीहरुलाइ सौकीको कागज छ भन्ने नै थाहा हुन्छ । सौकीको तमसुक छ भन्नेहरुको संख्या वर्दिया, कैलाली र कंचनपुरमा क्रमशः ७.५%, ६.४% र ३.६% पाइएको छ ।

तमसुक छैन भन्नेहरुको संख्या उपरोक्त जिल्लाहरुमा क्रमश: १६.४%, २७.३%, र १०.३% रहेको पाइन्छ । बांकी कमैयाहरुलाइ या थाहा नै छैन या त तमसुक भनेकै के हो र किन चाहिने भन्ने जानकारी छैन ।

तालिका नं. १९

तमसुक हुने र नहुने कमैया (% मा)

तमसुक	वर्दिया	कैलाली	कंचनपुर
हुने	७.५	६.४	३.६
नहुने	१६.४	२७.३	१०.३
ऋण हुने तर			
तमसुक नहुने	११.१	१४.८	४.२
भन्न नचाहने, नमिल्ने	६५.०	५१.५	८१.८
जम्मा	१००%	१००%	१००%

सामान्यत: सौकीमा व्याज लाग्दैन भन्ने आम धारणा देखिन्छ । नैतिकता र मानवीय दृष्टिले लिन नहुने पनि हो तर पनि मालिकले कमैयाबाट सौकिमा व्याज असुल गर्दछन । कति व्याज लिइन्छ कमैयाले किटानसंग भन्न सक्तैनन् । व्याज लाग्छ र लाग्दैन भन्नेहरुको आंकडा निम्न बमोजिम देखिन्छ ।

तालिका नं. २०

कमैया र सौकीमा व्याज (% मा)

व्याज लाग्छ/लाग्दैन	वर्दिया	कैलाली	कंचनपुर
लाग्छ	९.२%	१.४%	४.७%
लाग्दैन	१२.५%	२५.६%	४८.४%
नभन्ने	७८.२%	७३.०%	४६.९%

कमैयाहरुले लिएको सौकी कमैयाको कामको कारण घटनु पर्ने र क्रमश: समाप्त हुदै जानु पर्ने हो । तर सौंकी बढने गरेको कुरा कमैयाले बताएका छन । यद्यपि थोरै कमैयाले मात्र सौंकी बढदछ भन्ने कुराको पुष्टि गर्दछन ।

तालिका नं. २१
सौकी बढछ कि बढदैन (% मा)

सौकी बढछ कि बढदैन	वर्दिया	कैलाली	कंनचनपुर
बढछ	२.४%	५.७%	२४.४%
बढदैन	१३.६%	२३.३%	३९.२%
थाहा छैन/नभन्ने	८४.१%	७१.०%	३६=४%

१०.१२ कमैया र खाद्यान्न

कमैयाले सालभरी काम गरेर कमाएको पारिश्रमिकबाट खान नपुग्ने कुरा स्वभावत: थाहा हुने कुरा हो । यसलाई उपलव्ध तथ्याङ्कले समेत पुष्टि गर्दछ । तथ्याङ्कले कमैयालाइ आफ्नो परिवारलाइ ख्वाउनका लागि उसले पाउने मसौरा र विघाबाट नपुग हुने मोटामोटी अंक वताएको छ । यो अंक वर्दिया, कैलाली र कंचनपुरमा क्रमश: ३९३.९, ४१३.१ र ४९३.८ केजी अन्न देखिएको छ । यस्तो नपुग अन्नका लागि कमैयाले कर्ज खानु प्रमुख उपाय हो । खाद्यान्न नपुग र प्राप्तीको सम्बन्धमा निम्न तथ्याङ्कले पर्याप्त प्रकाश पार्दछ ।

तालिका नं. २२
नपुग खाद्यान्न, प्राप्तीको श्रोत र कमैयाको संख्या (% मा)

खाद्यान्न अपुग हुन्छ, हुदैन ?	वर्दिया	कैलाली	कंचनपुर
हुन्छ	४०.४%	४७.३%	५५.८%
हुदैन	४३.८%	३७.०%	२६.४%
भन्न नसक्ने	१५.८%	१५.७%	१७.९%
सालाखाला खाद्यान्नको कमी के.जी. मा (बार्षिक)	३९३.९	४१३.१	४९३.८
खाद्यान्न कसरी आपूर्ती गरिन्छ ?			
नातेदारबाट सापटी	६.७	३.३	१.२
मालिकबाट कर्जा	२२.८	३०.९	३९.९
किन्ने / वनी गर्ने	१.८	५.३	३.४
वस्तु (कुखुरा,सुगर ई.) वेचेर	२.७	०.०	१.७
अन्य	०.१	२.३	०.३
भन्न नसक्ने	६५.९	५८.२	५३.४

खाद्यान्न आपुर्तिको प्रमुख श्रोत कमैयाको मालिक नै देखिन्छ जो कमैयाको काम लिने र भरण पोषण (तर ऋणमा) गर्ने गराउने आश्रय दाताको रुपमा रहेके छ ।

१०.१३ कमैयाको स्वास्थ र परिवार नियोजन

कमैया सामान्यत स्वस्थ्य हुन्छ । सानातिना विरामीलाई उसले रोग नै ठान्दैन । काम गर्न नसकी सुत्नै पर्ने अवस्था भएपछि मात्र उसले रोग लागेको ठान्दछ । त्यसैले धेरै कमैयाले यस बारेमा त्यति वताएका नै छैनन किनकि उनीहरु रोगी छन् छैनन् वा हुन् होइनन् भन्ने नै उनीहरुलाई हेक्का हुदैन । तै पनि दीर्घ रोग छ छैन र त्यसको उपचार मालिकबाट हुन्छ हुदैन भन्ने वारेमा केही वताएका छन् । तलको तालिकाले केही धारणा वताउन मद्दत गर्ने देखिन्छ ।

तालिका नं. २३
कमैयाको स्वास्थ्य (% मा)

विरामी / सुविधा ईत्यादि	बर्दिया	कैलाली	कंचनपुर
दीर्घ विरामी			
छ	१८.०	२३.३	१२.३
छैन	५१.०	४२.३	१७.८
नभन्ने	३१.०	३४.४	६९.९
मालिकबाट उपचार			
छ	१९.१	२०.५	२९.५
छैन	१३.३	१८.६	३१.८
नभन्ने	६७.६	६०.९	३८.७
विदा पाइन्छ पाइदैन?			
पाइन्छ	२७.३	३४.९	४८.४
पाइदैन	५.४	४.८	१२.८
थाहा छैन/नभन्ने	६७.३	६०.३	३८.८
विदा कति दिन पाइन्छ?			
१ देखि ४ दिन सम्म	२.८	३.३	६.३
५ देखि ९ दिन सम्म	२.२	२.९	०.६
१० देखि १४ दिन सम्म	२.६	२.८	०.४
१५ देखि १९ दिन सम्म	१.५	१.०	०.१
२० देखि माथि	१.६	१.९	०.४
थाहा छैन/नभन्ने	८९.३	८८.२	९२.१
	---	---	---
जम्मा	१००.०	१००.०	१००.०

कमैयाको परिवार स्वभावत ठूलो हुने कुरामा कसैलाई शंका हुन पर्ने होइन र वस्तुत त्यस्तै पनि छ । कमैयाको सरदर परिवार संख्या ६.३ रहेको पाइएको छ । कमैयामा परिवार नियोजन बारे जानकारीको तुलनामा त्यसका साधनको प्रयोग नगण्य रहेको पाइन्छ । यस बारेमा निम्न तथ्याङ्क देखिन्छ:

तालिका नं. २४

कमैयालाई परिवार नियोजनको ज्ञान र प्रयोग (%मा)

परिवार नियोजनको ज्ञान/प्रयोग	वर्दिया	कैलाली	कंचनपुर
परिवार नियोजन बारे जानकारी			
छ	४२.६	४३.०	२३.५
छैन	१५.८	१५.८	११.०
भन्न नचाहने	४१.६	४१.३	६५.५
	---	---	---
जम्मा	१००.०	१००.०	१००.०
परिवार नियोजनका साधनको प्रयोग			
प्रयोग गरेको	९.०	६.६	९.३
प्रयोग नगरेको	४०.७	३९.३	१५.९
भन्न नचाहने	५०.४	५४.२	७४.८
	---	---	---
जम्मा	१००.०	१००.०	१००.०

१०.१४ कमैयाले जानेको शीप

अध्ययन क्रममा कमैयाले खेती वाहेक अरु के कस्ता काम जानेका हुन्छन् भन्ने जानकारी लिने प्रयत्न पनि गरिएको थियो । कमैयाले विभिन्न काम गर्न सक्ने बताए । कमैयाले गर्न जानेका शीपहरु बारेमा निम्न तथ्याङ्क हेरौं:

तालिका नं. २५

कमैयाले गर्न सक्ने, जानेको शीप र कमैयाको संख्या (%मा)

शीप	वर्दिया	कैलाली	कंचनपुर
बाँसको काम	१९.०	२९.४	८.०
गलैचा बुन्ने	२३.०	२७.२	९.३
खेती	६२.५	७४.२	८७.९
कुखुरा पालन	२५.८	१४.७	२४.६
माछा पालन	५.२	२.३	१.०
भेडा बाख्रा पालन	१५.७	८.२	९.८
सुगुर पालन	२०.६	११.४	२१.४
(कपडा) तान बुन्ने	४.६	८.६	१.१
काठको काम	९.२	३.५	०.८
लुहारेको काम	१.०	०.५	०.९
सुनारको काम	०.३	०.१	०.२
अन्य	१.१	०.८	०.१

नोटः १. यो तालिकामा कुल प्रतिशत १०० भन्दा नाघ्नुको कारण बहु उत्तर दिन अनुमति थियो ।
२. अन्य शीपमा गाउने, नाच्ने, व्यापार र दैनिक ज्यालामा काम गर्ने कुरा परेका छन् ।

१०.१५ कमैयाबाट मुक्त हुने चाहना

कमैयाबाट मुक्त हुने चाहना बारे जानकारी लिने पनि प्रयत्न गरिएको थियो । मुक्त हुन नचाहनेको संख्या पनि पाइयो । भन्न नसक्नेहरुको संख्या पनि ठूलो देखिन्छ । कमैयाले कुरा नबुझेर, भन्न नजानेर वा त्रासको कारणले यस्तो भएको हुन सक्तछ । तल दिएको तथ्याङ्कले उक्त कुरालाई पुष्टि गरेको छः

तालिका नं. २६

कमैयाको मुक्त हुने चाहना (% मा)

मुक्त हुने चाहना	वर्दिया	कैलाली	कंचनपुर
छ	६४.९	७२.६	२९.१
छैन	१५.३	४.२	२.१
थाहा छैन/भन्न नचाहने	१९.८	२३.२	६८.८
	---	---	---
	१००.०	१००.०	१००.०

११. कमैयाको स्थितिको विश्लेषण

अध्ययन क्रममा गरिएको जाँचपडताल र कमैयासंग गरिएको अन्तर्वाता पश्चात प्राप्त तथ्याङ्कहरुको समष्टिमा मूल्याङ्कन गर्दा कमैयाको स्थिति, हैसियत वा जीवन पद्धति निम्न वमोजिम देखा परेको छ ।

११.१ अत्यधिक काम र कामको समय

श्रम क्षेत्रको ऐतिहसिक विकास क्रमलाई अध्ययन गर्नेले शोषणको एक अचुक माध्यमको रुपमा अत्यधिक काम र कामको असीमित समय रहेको पाउँछ । यसै कारण नै कामको समय निश्चित गर्ने तर्फ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयास रहेको र धेरै वर्षको प्रयास पश्चात त्यो सफल हुन पुगेको हो । कमैया सम्बन्धी अध्ययनले कमैयाको कामको कुनै निश्चित समय निर्धारण गरिएको पाइएन । उनीहरु खाने र सुत्ने अनिवार्यताका समय वाहेक हरदम काममा नै व्यस्त रहने गरेको पाइएको छ । कमैयाको मान्य कामको क्षेत्र यद्यपी खेती हो ता पनि कमैयाले घरेलु काम देखि भैसी हेर्ने, घाँस काट्ने, कुलो खन्ने, जंगलमा दाउरा, खर काट्ने, ल्याउने, मिलमा काम गर्ने, ट्रैक्टरमा हैल्परको काम जस्ता कैयौ गैर कृषि काममा लाग्नु पर्दछ । खेती चलुन्जेल खेतीमा र खेती सकिए पछि मालिकले लगाएको हरेक काम कमैयाले गर्नु पर्दछ । हरेक कमैया विहान सबेरै करिब ३ वजे नै उठ्तछ, गोरुलाई घाँस पराल दिन्छ, कोदालो लिएर खेत जान्छ, त्यहाबाट आएर गोरु लिएर जोत्न जान्छ र दिनभरी जोत्दछ, खेत मै खाना खान्छ, गोरु खोलेपछि सांझसम्म कोदालो खन्दछ, घरमा आएर पनि विभिन्न घरेलु काम गरेपछि सुत्दछ । कमैयाको कामको समय (working hour) लगभग १८ घण्टा हुने गर्दछ ।

११.२ पारिश्रमिक तथा सुविधा

कमैयाको कामको तुलनामा पारिश्रमिक ज्यादै न्यून रहेको देखा परेको छ । कमैयाले दुई किसिमबाट कामको मूल्य पाउदछ - मस्यौरा र विघा । मस्यौरा-कमैयालाई खानाको निमित्त दिइएको खर्च हो । यसको पनि दुई रुप पाइन्छन् - पकाएर भान्सामा ख्वाउने र धान दिने । मस्यौराको रुपमा धान दिदा वुकरही भएको कमैया भए बढिमा ९७५ के.जी.सम्म धान र केही लाही र नून दिइने प्रचलन छ । यो अंक

वर्दियामा ६७५ के.जी. सम्म मात्र पाइएको छ । वुकरहीले उक्त अंकको आधासम्म मात्र (त्यो पनि धेरै ठाउमा दिइदैन) मस्यौराको रुपमा धान पाउदछन् । कमैया बस्नेको सरदर ६ जनाको परिवार हुन्छ भनेर हिसाव लगाउने हो भने उसलाई त्यसबाट वर्षभरी खान पुग्ने कुरा हुनै सक्तैन । जसले मालिकको भान्सामा खाने गर्दछ , उसले आफ्ना जहान परिवारलाई विघाबाट ख्वाउनु पर्ने हुन्छ । अत: मस्यौराको रुपमा प्राप्त हुने दुबै प्रकारका सुविधाहरु कमैयाको परिवारलाई खानका लागि अपर्याप्त हुने कुरामा पनि शंका गर्न पर्ने कुनै कारण छैन ।

विघाको रुपमा कमैयालाई मुख्य अन्नको रुपमा धान दिइने गरेको पाइन्छ । उक्त धानको अलावा लाही र नून दिने पनि प्रचलन पाइन्छ । कमैयाले चौकुर तिकुरमा काम गरेको रहेछ भने पनि उसको फाँट साढै थोरै मात्र हुन आउछ । यसरी फाँट गर्दा उसले पहिले खाएको सौकी र ऋण कटाउदा कतिको हातमा केही पर्दैन र कतिको त कर्जा नै वाँकी रहिरहेको हुन्छ ।

कमैयाले विवाह लगायतका संस्कार पूरा गर्न लिएको ऋण तिर्न सालभरिका चाड पर्व तथा परिवारको कपडा लगायतको खर्च टार्न उसले आफुले पाउने विघाबाटै भ्याउनु पर्ने हुन्छ । उसको आमदानीको अर्को कुनै श्रोत हुदैन । कमैयाले पाएको मस्यौरा र विधाले सालभरि आफ्नो परिवारलाई खुवाउन नै नपुग्ने अवस्था देखिन्छ र कतिपय कमैयाले खान कै निमित्त कर्जा लिनु पर्ने हुन्छ । कमैयाले वर्षभरि आउने चाड पर्व, परिवारको लागि लुगाफाटो र विवाह जस्ता अनिवार्य सामाजिक कर्तव्य पूरा गर्नका निमित्त कर्जा लिनु बाहेक अन्य कुनै उपाय देखिदैन । कतिपय कमैयालाई कर्जाको निमित्त योग्य मानिदैन किन कि उसको ऋण सधान हुन सक्ने सुरक्षण (Security) केही हुदैन । यस्ता कमैयाहरुले चाडपर्व मनाउन सक्तैनन्, नयाँ लुगाफाटो त जिन्दगीमा देख्न पनि पाउँदैनन ।

कमैयाले मस्यौरा र विघाको रुपमा पाउन सक्ने सबै धानको प्रचलित बजार भाउले हिसाब गर्दा सरकारले तोकेको न्यूनतम वेतन त उनीहरुको लागि स्वर्गीय सुखको साधन हुन सक्छ ।

कमैयालाई सार्वजनिक छुट्टी लगायत कुनै किसिमको विदाको सहुलियत हुँदैन, साप्ताहिक छुट्टीको कुरा गर्नु त बेकारै हो । मालिकको कामको सिलसिलामा दुर्घटना परेमा क्षतिपूर्ति कमैयाले पाउने एक कल्पना मात्र हो । कतिपय कमैयाले विरामी हुदा मालिकद्वारा उपचार गराउने सहुलियत पाएको कुरा लेखे पनि त्यस्तो उपचार धामी झाँक्री तथा सामान्य प्राथमिक उपचार सम्म मात्र भएको देखिन्छ । कमैयाले फुर्सत भन्ने बुझेकै हुदैन ।

कमैयाले आफूले पाउनु पर्ने जति, नपाउने कुरा त आफ्नै ठाउमा छ तर उसले जति पाएको हुन्छ त्यसमा पनि शोषणको शिकार हुन पर्दछ । मालिकले तौलेर दिदा कम दिने, कर्जा दिएकोमा अंक बढाएर लेख्ने, विरामी हुदा खान नदिने, सुत्केरीलाई १०-१२ दिन भन्दा बढि विदा नदिने, काममा कुनै कारणले अनुपस्थित भएमा हर्जाना लिने, कमैयाको कुनै समयमा काम छैन भने अन्त काम गर्न पठाएर त्यहाबाट प्राप्त ज्याला आफूले (मालिकले) लिने, मालिकलाई दाउरा लिन वा काठ लिन जंगल जादा बन पालेद्वारा पक्राउ परेमा कमैयाले नै फर्स्याउनु पर्ने, मालिकलाई मतलव नहुने जस्ता कैयौ कुराहरु छन् जसले नगन्य मूल्यामा काम गर्ने कमैयाको शोषण मात्र हुने कुरालाइ नै पुष्टि गर्दछन । उसले सुविधा लिन जानेकै हुदैन ।

११.३ सम्झौता गर्ने क्षमता

यद्यपि कमैयाले माघीमा स्वतन्त्र सम्झौता गरेर अगाडिको वर्षको निमित्त नयाँ मालिक रोज्न पाउने या सौदा बाजी गर्न पाउने कुरा प्रचलनमा देखिन्छ । तर उसको यो अधिकार केवल देखावटी मात्र हुन्छ । एउटा कमैया कर्जा नभएको रहेछ, बलियो बाँगो रहेछ, उमेरदार रहेछ भने केहि हदसम्म उसले मालिक छान्न पाउला । तर उसले यो अधिकार प्रयोग नै गर्न सक्तैन किनकि मालिकको तुलनामा उसको सौदावाजीको क्षमता धेरै कमजोर हुन्छ । कमैया प्रथाले तय गरेका नियमहरु भन्दा बेसीमा उसको सौदावाजी चल्दै चल्दैन र यस्ता नियमहरु सबै मालिकहरुले नै बनाएका हुन्छन् । मालिकले बनाएका नियमहरु कमैयाको हीत गर्ने हुनै सक्तैनन् । कमैयाले सौदावाजीमा धेरै माँग गर्नै सक्तैन र गरी नै हाल्यो भने पनि उ सफल हुन सक्तैन किनकि मालिकहरु धेरै हदसम्म एकै प्रकृतिका हुन्छन् ।

जुन कमैयामाथि सौंकी बढी हुन्छ उसको सौदावाजीको क्षमता एकदमै कम हुन्छ । जति सौकी बढी हुन्छ त्यति कै सौदावाजीको क्षमता क्षीण हुदै जान्छ । सौकी हुने कमैयाले चाहेर पनि आफ्नो इच्छाले मालिक परिवर्तन गर्न सक्तैन किनकि उसले सौकी नतिरेसम्म भैरहेको मालिकबाट छुटकारा पाउनै सक्तैन । सौंकी तिरी कमैया लान चाहने मालिकले, कमैयाको जीउ, डाल र काम गर्ने क्षमता हेर्दछ । कुनै नयाँ मालिक सौंकी तिर्न तयार भएन भने उसले वाध्य भएर पहिले कै मालिकसंग सम्झौता गर्नु पर्दछ । यसो गर्दा एकातर्फ कमैया मालिक प्रति कृतज्ञ हुन पुग्दछ भने अर्को तर्फ थप प्रतिकूल शर्त पनि उसले स्वीकार्न वाध्य हुन पर्दछ ।

कमैया र उसको मालिक वीचको मौखिक सम्झौता एक पक्षीय, असमान र असन्तुलित हुन्छ ।

११.४ नियन्त्रणको मात्रा र स्वतन्त्रताको स्थिति

एक पटक कमैया बसिसकेपछि सालभर सम्म कमैयाको संझौता भंग हुन सक्तैन । अर्को वर्षको माघी नआउन्जेलसम्म कमैयाले मालिकको प्रत्यक्ष नियन्त्रणमा काम गर्नु पर्दछ । कमैया जहिले पनि आदेश पाउने, आदेशको पालना गर्ने, कर्तव्यले लादिएको व्यक्ति हुन्छ । उसले आफ्नो इच्छा पूरा भएन, यसो गरिदिनु होस् भनेर भन्न सक्ने, अनि त्यसलाई पूरा गराउन अधिकार प्रयोग गर्न सक्ने अवस्थामा नै हुदैन । उस माथि मालिकको सीमाहीन नियन्त्रण हुन्छ । उसले कुनै इच्छा जाहेर गर्न सक्तैन किनकि मालिकले उसको इच्छाको कदर गर्दै गर्दैन र कदर गर्ने दायित्व मालिकले लिदैन । अत: कमैया र मालिक बीच अधिकार तथा कर्तव्यको सन्तुलित सम्वन्ध स्थापित हुदैन ।

मालिकले कमैया एक जनालाई मात्र नियन्त्रण गर्दैन । उसकी बुकरही (पत्नी) लगायत ग्वाला ग्वाल्नी सबै माथि आदेश गर्दछ, निर्देश दिन्छ, काममा लगाउदछ । सौकी धेरै हुने कमैयाहरुले त खाली तल्लो दर्जाको खान्कीको भरमा मात्र सम्पूर्ण परिवारले काम गर्नु पर्दछ र पनि उनीहरुको सौकी बढेरै गएको पाइन्छ ।

कमैया मुख्यत: खेतीहर मजदूर हो । यसो हुँदा खेती समाप्त भएपछि उसले इच्छा लागे अनुसार हिंडडुल गर्न सक्नै पर्ने हो । तर व्यवहारमा यस्तो हुदैन । कमैयाले खेती सकिए पछि पनि मालिकको आदेश अनुरुप घरेलु काम गर्नु पर्दछ । मालिकले उसलाई अरु कहाँ काम गर्न पठाएर उसले पाउने ज्याला आफूले लिन्छ, सडक तथा अन्य विकास कार्यमा जन मजदूरको रुपमा काम गर्न पठाइ त्यहाँबाट प्राप्त हुने ज्याला मालिकले लिन्छ । यसले कमैयाको वास्तविक हैसियत वांधा भन्दा कुनै हालतमा पनि भिन्न नभएको प्रमाणित गर्दछ ।

स्वतन्त्रताको कुरा गर्दा कमैयाको नव विवाहिता पत्नी पनि सर्वप्रथम मालिकको भोग्या हुन पर्ने कुरा निरीक्षणको क्रममा पुष्टि र प्रमाणित भएका छन् ।

११.५ बल प्रयोगको स्थिति

कमैया प्रथामा संझौताद्वारा काम गर्ने र काम खोज्ने मान्य प्रचलन भएको तथा स्वतन्त्रतापूर्वक संझौता गर्न सक्ने स्थिति देखिन्छ । तर यो देखाउने औपचारिकता मात्र हो । कमैया प्रथाको गहिराईमा गएर हेर्ने हो भने, कमैयाहरुले कुनै किसिमको स्वतन्त्रता पाउदैनन् । वास्तवमा उनीहरु कमैया बस्न वाध्य (forced) हुन्छन् । यो वाध्यतालाई हरेक वर्ष माघीमा शर्त तय गर्ने र मालिक खोज्न पाउने देखावटी प्रचलनको पर्दाले छोपेको हुन्छ । माघीमा कमैयाले मालिक फेर्ने, मालिकले कमैया

फेर्ने भनेर दुबै पक्षलाई बराबर स्वतन्त्रता भएको भन्ने जुन भनाइ छ त्यो केवल फोहर वस्तुलाई वुट्टेदार राम्रो र धेरै मोल पर्ने कपडाले छोपिदिएर त्यसमाथि सेन्ट छरिदिए पछि वासना आउनाले राम्रो चिज रहेछ भनेर पर्ने भान जस्तो मात्र हो । माधीको प्रचलन केवल देखावटी हो र यसले कमैयालाई स्वतन्त्रताको नाममा वाध्य हुने स्थिति श्रृजना गरिरहेको हुन्छ । मानौ कुनै एक गरीव कमैया छ । उसको टाउकोमा दश हजार सौकी छ । उसले मालिक छोड्न जति चाहे पनि सक्तैन, किन भने सौकी नतिरुन्जेलसम्म उसले छुटकारा पाउनै सक्तैन । सौकी उसको वँधुवापनको प्रतीक हो र यसैबाट कमैया, वधुवा जस्तो भएर रहन विवस हुन्छ । अर्को मालिक कमैया किन्न तयार भयो भने पहिलोको सौकी तिरी दिन्छ र कमैयालाई लैजान्छ र त्यसपछि कमैयाले अझ बढि नियन्त्रण अनुभव गर्दछ किनकि दोश्रो मालिक त कमैयालाई सौकीको रकमको आँखाले हेर्दछ र सोही अनुरुप व्यवहार गर्दछ ।

एक पटक कमैया भएको मानिस कमैयाबाट मुक्त हुनै सक्तैन - उसले बदी भन्दा बढी गर्न सक्यो भने मालिकसम्म परिवर्तन गर्न सक्ला । कमैयाहरु पुस्तौं पुस्ता देखि कमैया भएर आइरहेका तथ्यहरुले यही कुरालाई पुष्टि गर्दछन् ।

बलपूर्वक कमैया बनाइएका घटनाहरु पनि देखिएका छन् । आफैले, वावु वाजेले, वा अरु स्वजन (नाता गोताका) मानिसले खाएको सौकी तिर्न नसकेपछि कर्जावाला मालिकले वल प्रयोग गरेर भए पनि कमैया राख्तछ । यसरी बलपूर्वक कमैया राख्ता, पूरै परिवार नै कमैया राख्ने गरिएको पनि देखिएको छ ।

बलको प्रयोगको कुरा गर्दा धेरै हदसम्म प्रत्यक्ष बल भन्दा अप्रत्यक्ष बल प्रयोग हुन्छ भन्ने कुरा सामान्य मानिसले पनि अनुभव गर्न सक्तछन् । बलको प्रयोगबाट कमैया हुने कुरा अनुसन्धानको निरीक्षण क्रममा स्पष्ट देखिएको छ । कमैयाहरु सिधै यो कुरा भन्ने आँट गर्दैनन् तैपनि एकान्तमा यस्तो कुरा व्यक्त गरेको पाइएको छ ।

११.६ कमैयाको खरिद विक्री

कमैयाको खरिद विक्री भएको पाइएन । तर सौकी तिरेर कमैया लैजाने चलनको माथि उल्लेख गरिसकिएको छ । अर्को मालिकले सौकी तिरे मात्र कमैया अन्त जान पाउने नत्र पुरानै मालिक कहाँ बस्नु पर्ने कुरा कमैया प्रथाको मूल आधार हो र यहि मूल आधार नै कमैयाको खरिद विक्री हुने कुराको प्रत्यक्ष प्रमाण हो । अध्ययनको क्रममा भारतबाट व्यापारीहरु आई कमैयाको ऋण तिरी दिएर कमैयालाई भारत लग्ने उदाहरण पनि प्रशस्तै फेला परेका छन् ।

कसैले सौकी तिरी दिएर कमैया लैजाने प्रकृयालाई खरीद विक्री भन्न मिल्दैन भन्ने तर्क पनि सुन्न पाइन्छ । यसको जवाफ दिन कुनै हालतमा जरुरी छैन किन कि यो "मलाइ छोइस भनेको त मेरो हात पो छोएछ" भनेर गरिने तर्क जस्तै हो । कमैया प्रथामा कमैया भनेर किनवेच हुदैन उसले खाएको ऋण किनवेच हुन्छ र त्यस्तो किनवेच पश्चात कमैया पुन: कमैया हुन अर्को मालिक कहां जान्छ । ऋण किनबेच भएर अर्को कहाँ कमैया हुन जानु र सोझै किनबेच हुनुमा कुनै अन्तर देखिएन ।

११.७ बांधा र कमैया

उपरोक्त वर्णनबाट कमैयाको वास्तविक स्थिति स्पष्ट हुन आउछ । कमैयाको जीवन पद्धतीको वास्तविकता हेर्दा उसको हैसियत वांधा भन्दा कुनै हालतमा पनि फरक देखिदैन तथा श्री ५ को सरकारको अध्ययन प्रतिवेदनले समेत त्यसै भनेको छ । तर पनि सवै कमैयालाई बाँधा मजदूर भन्न सकिने स्थिति देखापर्दैन र भन्न मिल्दैन । कमैया बाँधा मजदूर हुन वा होइनन् भन्ने सन्दर्भमा कमैयाको निम्न वर्गीकरण गर्नु पर्ने हुन्छ :

(क) सौकी भएको कमैया र
(ख) सौकी नभएको कमैया ।

सौकी भएको कमैया वांधाको श्रेणीमा नै पर्दछ । जति बेसि सौकी हुन्छ त्यति नै उसको हैसियत वांधा मजदूरसंग एकात्मक हुदै जान्छ । यही किसिमको कमैयाको किनवेच हुने गर्दछ ।

सरसर्ती हेर्दा सौकी नभएको कमैयालाई वांधा भनि हाल्न नसकिए पनि उनीहरु वांधाकै श्रेणीमा जीवन विताउदछन, यद्यपि उसले मालिक रोज्न पाउने स्वतन्त्रता केही हदसम्म बढी नै पाएको हुन्छ । तर यस श्रेणीका कमैयाहरुले अत्यधिक काम गर्नु पर्दछ । यिनीहरुले कामको तुलनामा धेरै न्यून पारिश्रमिक पाउदछन् । यिनीहरु माथि शोषणका अनगिन्ती प्रहार हुन्छन् । यिनीहरु उपर नियन्त्रणको मात्रा पर्याप्त हुन्छ । आर्थिक शोषणको कारण नै यस्ता कमैयाले परिवारको भरण पोषणका निमित्त कर्जा लिनु पर्ने हुदै जान्छ र क्रमश: यिनीहरु वांधाको स्थिति तर्फ उन्मूख हुदै त्यसको जालोमा फंस्दछन् ।

११.८ कमैया र मानव अधिकार

कमैयाहरु गरीब, अपढ, अन्धविश्वासी, हुनु उनीहरुको स्थितिले गर्दा स्वाभाविक हुन पुगेको छ । लामो समय देखिको निर्मम शोषणमा वाँच्न वाध्य भएका कमैयाहरुले

मानव अधिकारको कुरो त परै जाओस मानव र पशु वीचको भिन्नता समेत अनुभव गर्न पाएका हुदैनन ।

कमैयाहरु शोषणलाई पचाइ सकेको कारण आफ्नो अवस्था प्रति त्यति धेरै चिन्तित पनि छैनन् । उनीहरु, आफ्नो स्थितिमा सुधार हुन सक्तछ वा गर्नु पर्ने हो भन्ने तर्फ पनि चिन्तित हुने इच्छा राख्तैनन् । "हामीले पाउने, गर्ने कुरा छन्" भन्ने ज्ञानको शुन्यताले नै उनीहरुलाई यस्तो स्थितिमा पुऱ्याएको हो । यो स्थितिमा उनीहरु स्वतः आएका होइनन् र उनीहरुको यसमा कुनै दोष पनि छैन । दोष छ भने मालिकको, मानवीय गुणको, समाजको, वौद्धिक र सभ्य मानवीय चेतनाको तथा सरकारको नै छ ।

चेतनाको अभावमा मानव अधिकारको स्थिति कस्तो हुन्छ, भनी रहन पर्ने कुरा होइन ।

१२. निष्कर्ष तथा सुझाव

यद्यपि अझै पनि कमैयाको विषयमा गहन अध्ययन हुन र उनीहरुको वास्तविक स्थिति पत्ता लगाउनको लागि धेरै काम गर्न बाँकी नै छ । तापनि देशको सानो क्षेत्रमा गरिएको प्रस्तुत सर्वेक्षणले कमैया प्रथा भित्र बांधा मजदूरको स्थिति विद्यमान भएको तथ्यलाई प्रमाणित गर्न सकेको छ । कमैया प्रथा भित्र बांधा मजदूरको स्थिति छ छैन र भए यसको स्वरुप कस्तो छ भन्ने नै प्रस्तुत अध्ययनको लक्ष्य थियो । यद्यपि बांधा मजदूरको पहिचान र उनीहरुको पुनर्वास गर्ने वृहत्तर लक्ष्य लिएर यो योजना थालिएको हो । उक्त योजनाको प्रथम चरणमा गरिएको यो अध्ययन र अब अगाडि गंभीर विश्लेषणात्मक तवरबाट यसको अध्ययन गर्ने कमैया तथा मालिकहरुलाई मानव अधिकारको चेतना दिलाउने र उनीहरुलाई पुनरुद्धार (rehabilitation) गरी यथोचित कामको व्यवस्था दिलाई मानवोचित जीवन यापन गर्नमा मद्दत गर्ने प्रमुख र कठिन कार्य गर्ने काम शुरु गरिनु नितान्त जरुरी भएको छ ।

यो अध्ययनले कमैयाको क्षेत्रभित्र प्रवेश गरेर, कमैया वस्तुत बांधा सरह जीवन यापन गर्दछन् भन्ने सच्चाइलाई तथ्याङ्क सहित प्रस्तुत गरेको छ । तर पनि यति नै पर्याप्त हो भन्ने कुरा होइन । यो त एक वृहत्तर कार्यको एक सानो अंश मात्र हो । यसले अझ बढी ध्ययन, बढी प्रयास तथा आवश्यकतालाई इंगीत गरेको छ भन्ने ठान्नु पर्दछ ।

कमैया प्रथाको उन्मूलन गर्ने उद्देश्यमा निहित यो पहिलो चरणको अध्ययन प्रतिवेदनको अन्तमा कमैया प्रथा उन्मूलन गर्न निम्न कामहरु अविलम्ब थालिनु पर्छ भन्ने निष्कर्ष निकालिएको छ :

(१) नेपाल अधिराज्यको संविधान २०४७, लोक कल्याणकारी राज्यको अवधारणको मूर्तरुप हो । यो संविधानले हरेक नागरिकलाई शोषण विरुद्धको हक प्रदान गरेको छ भने सामाजिक, आर्थिक न्याय दिलाइ शोषण समाप्त गर्ने काम राज्य उपर राखेको छ । यस क्रममा सरकारले कमैया प्रथाको सम्बन्धमा गम्भीर चासो राखी उनीहरुको हक हितको रक्षा गर्न तथा उनीहरुलाई न्याय दिलाउन अविलम्व उचित कदम चाल्नु पर्दछ । यस क्रममा सरकारले कमैयाको विषयमा के कसो गर्नु पर्ने हो त्यसको लागि एक उच्च

स्तरीय आयोग गठन गर्नु पर्दछ । आयोगमा मानव अधिकारका सम्बन्धमा काम गर्ने व्यक्तिहरु रहनु पर्दछ ।

(२) कमैयाहरुलाई तुरुन्तै ऋणमुक्त गराइ वांधा जीवनबाट मुक्ति दिलाउनु पर्दछ ।

(३) कमैयाका हक, अधिकार तथा सुविधाहरुको निर्धारण कानूनद्वारा गरिनु पर्दछ ।

(४) कमैयाको मुक्ति पश्चात उनीहरुमा विस्तृत तवरबाट सचेतन कार्यक्रम तथा शीपमूलक तालीमको व्यवस्था हुनु पर्दछ ।

(५) कमैयालाई रोजगार तथा आयमूलक काम तर्फ उन्मूख गराउन उपयुक्त वातावरणको श्रृजना गरिनु पर्दछ ।

(६) कमैयाहरुका निमित्त रोजगारका अवसरहरुको श्रृजना गरिनु पर्दछ । उनीहरुलाई उपयुक्त आर्थिक मद्दत, विना धितो न्यूनतम व्याज दरमा कर्जा प्रवाह गरी आयमूलक काम तर्फ प्रवृत्त गराउनु पर्दछ ।

(७) कमैयाको उद्धार तथा मानवीय हक अधिकारको संरक्षण गर्ने काममा अन्तर्राष्ट्रिय संघ संस्थाहरुको सहयोग जुटाउने तर्फ प्रयास हुनु पर्दछ र अन्तर्राष्ट्रिय संघ संस्थाहरुले यस तर्फ सकारात्मक दृष्टिकोणले मद्दत गर्नु पर्दछ ।

(८) कमैयाको उन्मूक्तिको कारण यससंग घनिष्ट सम्बन्ध र सम्पर्कमा रहेका अन्य वर्ग वा क्षेत्रहरुमा पर्ने प्रभावको अध्ययन गरी संभावित दुष्परिणामको रोकथामका उपायहरु अवलम्वन गरिनु पर्छ ।

(९) कमैयाहरुमा प्रौढ शिक्षा, उनीहरुका केटाकेटीका लागि उचित शिक्षा-दीक्षाको प्रवन्ध गरिनु पर्दछ ।

(१०) कमैयाको निमित्त गरिने सचेतन कार्यक्रम, शीपमूलक तालीम तथा अन्य काममा गैर सरकारी संघ संस्थाहरुलाई प्रभावकारी ढंगबाट परिचालन गरिनु पर्छ ।

(११) कमैया यदि तिकुर, चौकुर (चौमाली) या बटैया (पचकुर) मा मालिकको खेत उठाउने रहेछ भने निजले एक बर्ष त्यस प्रकारबाट खेती उठाएको जम्मा

क्षेत्रफल जग्गामा मोहियानी हक प्राउनु पर्दछ र यसका निमित्त भूमि सम्बन्धी कानूनमा कमैयालाई यस्तो हक दिने गरी संशोधन गरिनु पर्दछ ।

(१२) बर्दिया, कैलाली र कंचनपुर क्षेत्रमा नापी गराउदा कम देखाउने जमीन लुकाएर राख्ने, पर्ति जमीनहरु आवाद गर्ने गरी भोग गरिएको प्रशस्त उदाहरणहरु पाइएका छन् । यस क्षेत्रमा पुनः सर्भे गरी लुकाएर राखेको जमीन झिकी कमैयामा वितरण गर्ने ब्यवस्था तत्कालै हुनु पर्दछ ।

(१३) घर नहुने कमैयालाई सरकारले घर बसोबासका निमित्त जग्गा उपलब्ध गराइ घर निर्माणका निमित्त आर्थिक सहायता (मद्दत) दिनु पर्दछ ।

(१४) सम्विधानमा वाँधा मजदुरलाई शोषण गर्न नपाइने उल्लेख गरिएता पनि वाँधाको मुक्ति र वाँधा राख्नेले पाउनु पर्ने सजाय वारेमा हालसम्म पनि कुनै कानून वनाइएको छैन । त्यसैले तुरुन्त यस्तो कानून बनाई कडाइका साथ लागु गर्नु पर्दछ ।

सहायक ग्रन्थ सामाग्रीहरु

१. मेचीदेखि महाकाली : भाग ४ श्री ५ को सरकार संचार मन्त्रालय, सूचना विभाग ।

२. डोर बहादुर बिष्ट : सबै जातको फूलबारी, साझा प्रकाशन २०३० ।

३. Bista, Dorbahadur, Peoples of Nepal, Ratna Pustak Bhandar, 1972.

४. थारु जाती : एक अध्ययन, पूर्वान्चल साहित्य प्रतिष्ठान विराटनगर, २०४४ प्रथम संस्करण ।

५. जनकलाल शर्मा, हाम्रो समाज : एक अध्ययन, साझा प्रकाशन काठमाण्डौ, २०३९ ।

६. वावुराम आचार्य, थारु जातिको मूल कहाँ, नेपाल सांस्कृतिक पत्रिका २/२ वैशाख २०१० ।

७. Ramanand Prasad singh, The real story of Tharus, 2nd edition 2048, Tharu Sanskriti, Lalitpur.

८. वालचन्द्र शर्मा, नेपाली वृहत शब्दकोष, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४० ।

९. वालचन्द्र शर्मा, नेपालको ऐतिहासिक रुपरेखा, २०४० ।

अनुसूची

१. कमैया वसी जीबिकोपार्जन गर्ने जातिहरु

१.१ कन्चनपुर जिल्लामा कमैया भई जीबिकोपार्जन गर्ने जातिहरुमा अधिकांश थारुहरु नै छन् । थारुहरु भन्दा, धोरै संख्यामा दगौंरा र राना र नगण्य संख्यामा खुनाहरु पर्दछन् । थारु बाहेकका अन्य जातिहरु कमैया भई बसेका कमै भेटिन्छन् । केही संख्यामा पहाडी मुलका सार्की, लोहारहरु कमैया छन् ।

दगौंरा थारु : दाङ देउखुरीका आदिबासी थारुहरुलाई नै दगौंरा थारु भनेर चिनिन्छ । दगौंरा उनीहरुको जाति होइन । यो दाङबाट आएका अथवा ल्याइएका थारुहरुको सन्तानलाई पहाडी मुलका व्यक्तिहरुले संबोधन गर्ने शब्द मात्रै हो । पहाडी प्रधानता भएको समाजमा, पहाडी मुलका व्यक्तिहरुले प्रचलनमा ल्याइएको शब्द हुंदा यसले अहिल्यै जातिय स्वरुप लिएको छ । वास्तवमा दाङबाट आएको थारुहरुमा उनिहरु भित्र गोत्र अनुसार दहित, मगर, जोशी, उल्टाहान आदि धेरै जातिहरु छन् र त्यसै अनुसार उनीहरुको पारम्परिक संस्कार विहेवारी, पुजापाठ, आदि कार्यहरु सम्पन्न हुने गर्दछ । उनीहरुमा दगौंरा अथवा गोत्र अनुसारको जाति नलेखी हाल आएर प्रशस्त मात्रामा चौधरी लेख्ने गरेको पनि भेटिन्छ ।

पुराना मौजावाल जमिन्दारहरुले दाङबाट यो जातिका मानिसहरु ल्याउन थाले पछि मात्र उनीहरुको बसोबास यस जिल्लामा शुरु भएको हो भन्ने भनाई छ । कमैया भई बस्ने जातिमा दगौंराहरु सबैभन्दा धेरै संख्यामा देखिएका छन् ।

राना थारुः भारतवर्षमा मुशलमान साम्राज्य हुंदा मुसलमानहरुको आक्रमणबाट बच्न चित्तौरका राजाका सन्तानहरु भारतवर्षको उत्तर तिर भागेका थिए । उनीहरुका सन्तान नै हालका राना थारुहरु हुन् भन्ने भनाई छ । जे भए पनि बसोबासको हिसाबले कन्चनपुर जिल्लाको आदिबासी राना थारुहरु नै हुन् । उनीहरुको बसोबास यहाँ स्पष्टरुपमा अंग्रेजहरुको साम्राज्यकालदेखि नै छ ।

राना थारुहरु भित्र विभिन्न गोत्रहरु भए पनि आमरुपमा यिनीहरु राना नै भनेर चिनिन्छन् । यो जातिमा भाषा, वैवाहिक सम्बन्ध र अन्य परम्परा हेर्दा यिनीहरुमा भारतिय प्रभाव ज्यादा देखिन्छ । दगौंरा थारुसंग नाकनक्सा र वर्णमा समानता पाइए पनि उनीहरुको लवाई, खुवाई र संस्कृतिमा व्यापक भिन्नता छ । यस जिल्लाका आदिबासी भएको नाताले यस जातिमा जग्गा जमिन नभएकाहरु थिएनन् भन्न सकिन्छ । कन्चनपुर जिल्लाको अधिकांश पुराना जमिन्दारहरु राना थारु नै हुन ।

मध्यम वर्गीय राना थारु परिवार

समय अनुसार विविध कारणहरुले राना थारुहरु पनि विस्थापित हुदै गएका र यसरी विस्थापित भएका रानाहरु यो जातिका कमैयाहरु हुन् । कमैयाहरुमा राना थारुहरु प्राय आफ्नै जातिमा कमैया भई बस्ने गरेको देखिए पनि राना कमैयाहरुको संख्या उल्लेखनिय नै छ ।

खुना थारु : कन्चनपुर जिल्लामा खुना थारुहरुको पुर्खा कैलाली र बर्दिया जिल्लाबाट आएको बताइन्छ । खुना थारुहरुको संस्कृति, जीवनचर्या आफ्नै किसिमको भए पनि हाल उनीहरु संख्यामा कम हुनु दगौंरा समाजसंग नजिक हुनु आदि कारणहरुले उनीहरुको जीवनमा दगौंरा थारुको संस्कृतिको प्रभाव देखिन्छ । यो जातिका थारुहरु कन्चनपुर जिल्लामा एकदमै कम संख्यामा छन् र स्वभाविक रुपले यो जातिका कमैयाहरु पनि नगण्य भेटिन्छन् ।

पहाडीमुलका कमैयाहरु : पहाडीमुलका, कमैया भई जिवीकोपार्जन गर्ने जातिहरुमा हिन्दु संस्कृतिको मान्यता अनुसार "पानी नचल्ने जातिका" मानिसहरु छन् । यी जातिहरुमा मुख्यतया लोहार र सार्की कमैया भइबसेको भेटिएको छ । महाकाली र सेती अंचलको पहाडी जिल्लाहरुबाट पहाड कै सम्पर्कको आधारमा कन्चनपुर आएका यी जातिका कमैयाहरुको संख्या एकदमै नगण्य छ । पहाडमै पनि अर्काको हलो जोतेर जीविका चलाईराखेका यी जातिका कमैयाहरु कमैया प्रथाकै शर्त र सुविधा अनुसार राखिएका भए पनि थारु कमैयाको अवस्था भन्दा यिनीहरुको कामको अवस्था केही सामान्य देखिएको छ । यी जातिका कमैयाहरु आफ्नो ऋण तिर्न नसकुन्जेल प्राय: एकै ठाउँमा बसेर काम गरेको पाइन्छ र यिनीहरुमा एउटा व्यक्तिको पारश्रमिकमा, सिंगो परिवार बांचेको हुन्छ । काममा पारिवारीक संलग्नता देखिदैन ।

२. कमैया बसेका व्यक्तिहरुको दर्दनाक इतिहास

जिल्ला : बर्दिया

२.१ वर्ष ३० का लौटन थारु टाकुराद्वारा वडा नं ९ मा एक जना पहाढे वाहुन कहाँ कमैया छन् । उनले केही वर्ष अघि २ पटक गरेर ८ कुन्टल धान र ८०० रु नगद लिएका थिए । मनोमानी दर व्याज लगाएर अव उनको ऋण रू ४५००। भएको छ ।

२.२ दरवारी लाल थारुले २०० किलोग्राम धानको ऋण लिएका थिए । हाल उक्त ऋण ३००० पुगेको बताउँछन् । मालिकले जाँड रक्सी खाएर नराम्रो व्यवहार गर्ने गरेको पनि बताउँछन् ।

२.३ वर्ष ३१ का जिउ राखन थारु ठाकुरद्धारा वडा नं. ३ चिटकैयाका एकजना थारु कहाँ कमैया छन् । राखन थारु वताउँछन् "१५ वर्ष देखि यहीँ नै कमैया छु । भुखमरी पर्दा रू ७००। ऋण लिएको, पछि हुदै जाँदा त्यो रकम रू ७०००। भयो । यस वीचमा साहुले मेरो चार विगाहा पनि जग्गा पनि लिएको छ ।"

२.४ "रांगो किन्न ६०० ऋण लिएको ३०% व्याजले ६००० भयो," वाल किशोर थारु भन्छन् "फेरी पुर्खाको ऋण रू ५००० को ६०% व्याज तिर्नु पर्छ ।"

२.५ वलिराम थारु ६५ वर्ष उमेरका कमैया छन् । यिनी २६ वर्ष देखि मगरागढी वडा नं. ८ दङ्गापुरवा गाउँका एक जना वाहुनको घरमा कमैया भएका छन् । यिनको २६ जनाको परिवार छ । यिनी भन्छन् - "बाबुको पालामा रू

५००० सौकी लिएर छोराको पालामा पनि त्यही सौकीमा काम गर्न बाध्य गराइएको छ । कमैया वसेमा ती वाहुनले रू ५००० सौकी छोडिदिने कुरा गर्छन् र कमैया छोड्न खोज्दा साँवा र व्याज गरी १८०००। लिने धम्की दिन्छन्"

२.६ बच्चुलाल थारु उमेर ५० वर्ष परिवार संख्या ५, ३ विगाहा आठ कठ्ठा जग्गा छ । उनले १०।१२ पटक गरेर लिएको ऋण हाल सम्म जम्मा रू ६०००० पुगि सकेको छ । ऋण लिनुको कारण सोध्दा उनी भन्छन् - "विवाह गरेको वेलामा धेरै ऋण लिएको र भैंसी चोरी भएको वेलामा पनि धेरै ऋण लिएको थिएँ । २ महिना करीव खान नपुग्ने मस्यौरा ३६ मन पाइने हुनाले खान नपुग्दा फेरी ऋण लिनु पर्ने बताउँछन् । यिनीहरु २ पुस्ता देखि यही कमैया छन् र आफूले ६ वर्षको उमेरदेखि काम गर्न थालेको भन्छन् ।

२.७ ठाकुरद्वारा वडा नं. ४ सुखाङमा एक जना पहाडे कहाँ ३५ वर्षिय कमैया सन्तराम थारुको नगद रू १५० र धान १३५ के. जी. को सौकी छ । उनी भन्छन् "अन्य आय नहुँदा सम्म सौकी घटेन" । उनी आफूसँग ३ पुस्ता अघि देखि कुनै सम्पत्ति नभएको बताउँछन् ।

जिल्ला : कञ्चनपुर

सुडा गा.वि.स. वडा नं. १ निवासी भगतलाल दगौरा २०१३ साल अघिका मध्यम वर्गिय किसान हुन् । उनको त्यसबखत १२ विगाहा जमिन थियो । उनले २०१३ सालमा जारी तिर्न एक जनासंग २००० रु. लिए र २००० रु.को ऋणलाई २०००० रु. लेखि तमसुक बनाउदा निरक्षरताको कारणले थाहा पाउन सकेनन् । अन्ततोगत्वा भगतलाल दगौरालाई त्यो ऋण तिर्न आफ्नो ८.५ विगाहा जमिन नन्दराम बोहोराको नाममा पास गरिदिन कर लाग्यो । अहिले भगतलालको परिवार जीविकोपार्जन लागि अधिया गर्न र कमैया बस्न वाध्य छन् ।

कमैया वावुको कारण ग्वाला ग्वाल्नी बस्न बाध्य केटाकेटीहरु

भंगी राना

बाजेको पाला भन्दा अघि देखि सम्पन्न रुपमा कन्चनपुर जिल्लामा जिवनयापन गर्दै आइरहेको करिब ४५ वर्षका भंगीरानासंग १३ वर्ष अघि (२०३५ सालमा) ३ बिगाहा जमिन थियो । भंगीरानाको छोराको मंगनी सानोमा कारणबंश हुन नसक्दा छोराले भगाएर ल्याएको अर्काको श्रीमतिको लोग्नेलाई १८,००० रुपैया जारी तिर्नु पर्दा आफुसंग भएको सम्पुर्ण जमिन बिक्री गर्नु परेको र त्यस पश्चात १३ वर्ष अघिदेखि आफु र छोरा कमैया भई बस्न बाध्य हुनु परेको कुरा उनि बताउँदछन् । हाल भंगीराना झलारी गाउँबिकास समितिको बैशाखामा एकजनाकोमा रु. ५००० सौंकी सहित कमैया भई बसेका छन् ।

छिदुवा खुना

देखतभुलीमा नै जन्मेर हुर्केका ५६ वर्षका छिदुवा खुना २०३४ सालमा जेठो छोराको विवाह गर्न एक जनासंग ५००० रु. ऋण लिन्छन् । यो ऋण तिर्न नसक्दा त्यति खेर अफुसंग रहेको ११ विगाहा जमिन तिनैलाई नै विक्री गर्छन् तर पनि ऋण असुल हुन सक्तैन । ऋण झन झन बढ्दै जान्छ । आफु कमैया भई २ वर्ष बस्छन् । ऋण असुल हुन सक्तैन । अन्तमा आफ्नो साटो ३ छोरा र १ बुहारीलाई त्यहि घरमा कमाउन राख्नु बाध्य भएको उनी बताउँदछन् । १० वर्ष भन्दा बढी समयदेखि यसरी परिवारले नै काम गर्दा पनि सौंकी घटेको छैनन् । हाल यो परिवारको जोशीको घरमा ५०००० सौंकी पुगेको छ ।

कालुराम चौधरी

यो कथा झलारी वडा नं. २ भमरभोज गाउँमा बस्ने एक जना थारुको हो । उनी ४५ वर्षका कालुराम चौधरी हुन् । कालुराम चौधरी तीन वर्ष अधि (२०४५) सम्म एउटै गाउँका एक जना वाहुनको को अधिया गर्दथे । त्यसबखत ति वाहुनको मा १८६४७ रुपैया ऋण भएको बाधोराम चौधरी नामको एउटा कमैया पनि थियो । २०४५ साल माघ महिना तिर बाधोराम चौधरी गाउँ छोडी भाग्दछ । उस्को खोजी शुरु हुन्छ र ऊ पक्राउमा पनि पर्दछ । तर सौभाग्यवश अथवा दुर्भाग्यवश भनौ अधिया गरी आएका कालुराम चोधरीले पक्राउकै अवस्थामा मालिकको आदेश अनुसार बाधोराम चौधरीलाई पिसाब गराउन लैजाँदा ऊ फेरी भाग्न सफल हुन्छ । मालिकले कालुराम चौधरीले नै भगाएको हो भन्ने आरोप लगाउँछन् र जबरजस्ती बाधोरामको सौंकीमा भगाएको जरिमाना समेत जोडी २०००० रु. को तमसुकमा उक्त रकम कालुरामले नै लिएको पारी सहि छाप गराउँदछन् । कालुराम चौधरीले त्यस साल कमाएको ६ बोरा र ११ गाडा (नझारिएको) धान पनि जफत गरिन्छ । यसरी अधिया गर्ने कालुराम चौधरीलाई अचानक विना कुनै सम्बन्ध शक्तिको भरमा कमैया बनाइन्छ ।

काशीराम चौधरी

बस्नलाई समेत जग्गा नहुदा रामपुर विलासपुर गा.वि.स. को वडा नं. ३ मा मुर्दा गाड्ने ठाउँ ओगटी घर बनाई बसेका काशीराम चौधरीलाई ७००० रु. को ऋण छ । यसै ऋणको निम्ति उनी यदि गाउँ विकास समितिमा एकजना कहां ८ वर्ष देखि कमैया भई बस्न बाध्य छन् । सौकी ७००० रु. मात्रै भए पनि मालिकको शर्त एकदमै कठोर छ । काशीराम चौधरी पुरै ऋणको व्याजमा काम गर्दछन् । उनले खाना बाहेक केही पनि पाउदैनन् । काशीराम चौधरीको ५ जनाको परिवार मुर्दा गाड्ने ठाउँ भएपनि आफ्नै घरमा बसी छोरा कमैयाको भरोसामा जीवीका चलाउदैछन् ।

नेशीराम चौधरी

सुडा गा.वि.स. वडा नं. १ मा १३ बर्ष ट्र्याक्टर चलाएका र ७ बर्ष कमैया भई बसेका नेशीराम चौधरीको २०४४ साल बैशाख १ गते मालिकको घरमा थ्रेसर चलाउँदा देब्रे हात काटियो। काटिएको हात उपचार गर्न नेसीरामको ३५०० भा.रु. खर्च भयो। यस्तो अवस्थमा पनि अन्य सहयोगको त के कुरा गर्ने उस्ले मालिकबाट उपचार खर्च समेत पाएन। हाल उनी अर्को मालिककोमा खेती गर्दछन्। नेशीरामको परिवारमा ८ जना सदस्य छन्। यति ठूलो परिवार नेशीरामले एउटा हात नहुदाको अवस्थामा पनि जसो तसो पाली राखेको छ। नेशीरामको असाधारण मेहेनतले नै यो सबै सम्भव भएको हुन पर्छ।

साविला देवी चौधरी

थारु समाजमा घटेका यौन शोषणको केही घटनाहरु सुन्दा कमैया परिवारमा जो अधिकांश थारु नै छन र अर्काको अधिनमा रहेका उनीहरुमा यस किसिमका घटनाहरु घटेका छैनन् भनेर भन्न सकिदैन ।

कृषि व्यवसायबाट विस्थापित भएका बाइसीविचवा विकास वस्ती निवासी कालीचरण चौधरी, पचकडी प्रहरी चौकीका इन्चार्ज एकजना प्रहरीको मा २०४६ साल देखि खाना बनाइ दिने नोकरी गर्दै आएका हुन् । उनलाई खाना पकाई दिए वापत मासिक ३०० रु. र खाना दिइन्थ्यो । लोग्नेकै पारश्रमिकमा कालीचरण चौधरीको श्रीमति सावित्रा देवी चौधरीलाई चौकी सफा गर्न देखि लिएर प्रहरी जवानका लुगाफाटा समेत धुन लगाइन्थ्यो । यस अतिरिक्त कालीचरण चौधरीलाई कामको बहानामा बाहिर पठाइ पटक पटक त्यस प्रहरी इन्चार्ज आफैले सावित्रा देवीलाई डर धम्की देखाएर बलत्कार गर्ने र संगसंगै अन्य थारु केटीहरु पनि खोज्न दवाव दिने गरेको सावित्रा देवी आफै बताउदछिन् । पटक पटक यस किसिमको व्यवहार दोहरिदा सावित्रा देवीले लोग्नेलाई सुचित गरिन् । डर त्राशको वातावरणले गर्दा कालीचरण र सावित्राले भाग्यलाई दोष दिदै अनैतिक सम्बन्धको बारेमा एक शब्द पनि नबोली त्यो नोकरी छोडिदिने विचार गरे । विभिन्न तरीकाबाट शोषण गर्न पल्केका प्रहरीलाई यो सह्य भएन र कालीचरण चौधरीलाई रक्शी खाएको जोशमा खुब पिटे । यो पिटाई पश्चात मात्र त्यो परिवार माथि भएको शोषणको कथा बाहिर आयो। यस्ता घटनाहरु प्रशस्त घट्ने गरे पनि सुरक्षाको अभावले बाहिर आएको कमै भेटिन्छन् ।

माघ २९, २०४८ मा वेदोक्त धार्मिक तथा सामाजिक सुधार संघले आयोजना गरेको जुलुसमा सहभागी हुन जम्मा भएका कमैयाहरु र उनीहरुको परिवार

मुक्तिको प्रतिक्षरत एउटै मालिकका तीन कमैयाहरु

प्रतापपुरका कमैया बुद्धराम चौधरीसंग विवरण लिंदै भजनराम चौधरी

मिजनी (दिउसोको खाना) खाने फूर्सतमा भलभन्साको घरमा जम्मा भएका छन्, मालिकले बोलाउन आइसके अब कसरी आफ्नो विवरण लेखाउने ।

एक कमैया लुकि छिपी त आए तर पछि के हुने हो । उनी आफ्नो छोरा तेजराम चौधरी हराएपछि अर्का छोरा मणिराम चौधरीलाई गत दशैंदेखि कमैया गर्न पठाउँछन् ।

कमैया बस्ने घर

गेटा गाविसका कमैया धन बहादुर चौधरी, जमिन्दार तथा एक .राजनीतिक दलका स्थानिय नेताको घरमा २०३१ देखि २०४३ सम्म कमैया भइ बसेको र निस्कने बेलामा आफ्नो सौकी रु १२०००। भएको थाहा भयो । सौकी तिर्न घरमा भएको गोरु पाँच, लढिया चार, घरको ढोका, गाईलाई आहार खुवाउने काठको डुँड र विगाहा स्वरुप पाउने जिन्सी पनि कब्जा गरे ।

माघी, पूलवारीका बुद्धराम चौधरी माघीमा चांही निर्धक्क भएर डफला बजाउछन् । उनी भन्दछन् "एक दिन त हो नि बर्षमा सास फेर्न पाइने" । अगाडि जाँड र आलुको अचार राखी मनको बह पोख्दछन् ।

जव कुनै कमैयाको सौकी रु. ५००० भन्दा माथि पुग्छ त्यो रकम उसले पाउने एक वर्ष कामगरी पाउने विघा भन्दा पनि वढी हुन्छ । त्यस पछी कुनै पनि वाहीरी सहायता नपाई उ उम्कन सक्ने देखिदैन । यस अर्थमा अव उ आफु विक्री हुनु भन्दा अन्य विकल्प केही देख्दैन । रु. १४००० सौकि भई भागेको कमैयाको कारण आज पनि उस्का परिवारहरु मझगाउँ, श्रीपुरमा कठोर जिन्दगी विताउँदैछन् । यस अर्थमा अत्यधिक शौकी-वाट मुक्त हुन देश छोडी भारत (प्रवास) पस्नु वाहेक हाल कुनै विकल्प देखिएको छैन ।

आशाराम चौधरी

यसको प्रत्यक्ष उदाहरण श्री पुर मझगाउँ बस्ने वर्ष १२ को आशाराम चौधरी एकजनाको घरमा कमैया भई वसेका छन् । सौकी रु. १४००० उनैलाई थाहा छैन । अत्यधिक कम मस्यौरा विघामा काम गर्न वाध्य छ । के गर्ने ? नगरे पनि वुवा मरेर गई हाले, दाजु वेपत्ता छन् भने आमा (५५वर्ष), दिदि (२० वर्ष), र भाई (१० वर्ष) र अर्को भाई (८ वर्ष) वर्षको जिम्मेवारी उस्कै काँधमा छ । उस्का आमा र दिदिहरु उस्को मालिकको घरमा धन्धा गर्छन्, र दुई भाई गाई-वाखा चराउछन्।

त्यतिले नपुगेर सवैलाई कुट्दछन् पनि । यो सवै आशारामले मंसिर २ गते राति रुदै आङमा कपडा नहुँदा पनि राति १२ वजे सम्म वसी वताए । संगैका कमैया भन्दथे "हामीलाई वरु केही नहोस् यो आशारामलाई मुक्त गराउनु पर्‍यो" ।

३. तमशुक

३.१ धेरै सौंकी भएका मालिकहरुले भने तमशुक बनाई राखेको भेटिएको छ यस्ता तमशुकहरु मालिकले आफुलाई फाइदा हुने अवस्थामा भएको अन्यथा नभएको बताउने गर्दछन् ।


श्री खुसी राम
सौंकी रु. २२.०६६।--
ब्याज रु. छक्कीएला १६।५.


श्याम लाल चौधरी तपाईंलाई
सौंकी सहीत मिलाई टोटल रकम
पुगेको छ
१३।५।३५

श्याम लाल चौधरी र खुसीरामको ऋणको तमशुक । यस्तै तमशुकहरु मार्फत कमैयाहरु किनिने अथवा बेचिने हुन्छनन् ।

४. कमैया प्रथा बारे विभिन्न व्यक्तिहरुको टिप्पणी

कमैया प्रथालाई सम्पूर्ण रुपले वांधा मजदुर प्रथा हो भन्ने बारे माथिनै वताइ सकीयो । र यस प्रथाबारे बुद्धिजिवि राजनैतिक कार्यकर्ताहरु संग गरिएको कुरा-कानीमा पनि अधिकांशको राय दास प्रथाको अवशेष नै हो भन्ने बुझियो भने, यस प्रथालाई अन्त गर्नुपर्छ भन्नेमा चाही मत मतान्तर पाइयो । "कमैया प्रथा हाम्रो समाजको लागि शर्मनाक कुरा हो" यो प्रथा प्राचीन दास प्रथाको ज्वलन्त उदाहरण मान्न सकिन्छ भनि श्री महुऱ्याल मा.वि. भजनीका प्रधानअध्यापक प्रेम राज उपाध्याय बताउनु हुन्छ । उहाँ शिक्षण पेशा मै मात्र काम गरी कैलाली जिल्लामा शिक्षक भै काम गर्नु भएको अहीले बिस वर्ष भैसक्यो । भु.पु. प्रधानाध्यापक तथा हाल राजनैतिक कार्यकता श्री कविराज शर्मा "यो दास प्रथा कै अवशेष हो" भन्नुहुन्छ । टिकापुर स्थित विरेन्द्र मा.वि. का प्रधानाध्यापक रत्न प्रसाद सन्ज्याल भन्नु हुन्छ यो "श्रमको शोषण" र "मानव अधिकारको हनन" हो भन्नु हुन्छ ।

५. मूक्तिको चाहना

समाजमा सिमित रुपमा आएको चेतना भए पनि वा राष्ट्रिय अन्तराष्ट्रिय संस्थाले गरेको कार्यवाट प्रभावित होस वा पटक पटकका जनआन्दोलनहरुले दिएको हौसला कमैयाहरुले आफूलाई वांधा रहीरहन वाट नचाहेको र मुक्तिको प्रयास गरेको भेटियो । प्रगतिशिल विचारधारा राख्ने एक व्यक्तिले मुक्त गराएका ठाकुरराम चौधरी हुन या सेती परियोजना (यूनिसेफको सहयोग) बाट संचालित प्रौढ शिक्षा र चेलीवेटी कार्यक्रम होस् या बहुदलको प्राप्ति पछि वनेको शक्तिपुर होस सिमित भए पनि केही चेतनाको विकास भने पक्कै भएको छ । तर बुद्धिजीवीहरु भन्दछन् यो प्रथा एउटा क्रन्तिकारी कदमबाट मात्र समाप्त गर्न सकिन्छ ।

६ अध्ययन गरिएका गा. वि. स. हरुको नाम

६.१ जिल्ला : **बर्दिया**

१. राजापुर
२. भिम्मापुर
३. दौलतपुर
४. नयाँ गाउँ
५. बदालपुर
६. मनाउ
७. पाताभार
८. पशुपतिनगर
९. गोला
१०. मानपुरटपरा
११. खैरी चन्दनपुर
१२. ढोढरी
१३. सूर्य पटुवा
१४. ठाकुरद्वारा
१५. बगनाहा
१६. ताराताल
१७. सानो श्री
१८. बनिया भार
१९. मगरा गढी
२०. पदनाहा
२१. डेउढाकला
२२. वेलवा
२३. खैरापुर
२४. गुलरिया
२५. मथुराहरद्वार
२६. मोहम्मदपुर
२७. सोरहवा
२८. जमुनी
२९. कालिका
३०. शिबपुर
३१. मोतीपुर
३२. मानपुर मैना पोखर
३३. धधवार र
३४. नेउलापुर

६.२ जिल्ला : **कञ्चनपुर**

१ दोधारा
२. चाँदनी
३. सुडा
४. दैजी
५. पुर्नवास क्षेत्र
६. झलारी
७. पपलाडी
८. वेलडाँडी
९. श्रीपुर
१०. लक्ष्मीपुर
११. रामपुर विलासपुर
१२. कृष्णपुर
१३. रैकवारविचवा
१४. रौतेलीविचवा
१५. शंकरपुर
१६. देखतभुली
१७. महेन्द्रनगर

६.३ जिल्ला : कैलाली

१	धनसिंहपुर	२०.	रतनपुर
२.	नारायणपुर	२१.	पवेरा
३.	टिकापुर	२२.	हसुलिया
४.	दुर्धौली	२३.	बसौटी
५.	मुनुवा	२४.	दरख
६.	पथरैया	२५.	सौंडेपानी
७.	जानकिनगर	२६.	मसुरिया
८.	प्रतापपुर	२७.	रामशिखरझाला
९.	कोटातुल्सीपुर	२८.	फुलवारी
१०.	वलिया	२९.	उर्मा
११.	चुहा	३०.	धनगढी
१२.	दोदोधारा	३१.	गेटा
१३.	लालवोझी	३२.	मालाखेती
१४.	भजनी	३३.	चौमाला
१५.	थापापुर	३४.	गदरिया
१६.	जोशिपुर	३५.	उदासी
१७.	वौनिया	३६.	श्रीपुर
१८.	खैलाड	३७.	वेलादेवीपुर
१९.	पहलवानपुर		

शब्दावली (थारु शब्दहरु)

वुकुरा	कमैयालाई मालिकले दिएको छाप्रो
वुकरहि	कमैया संग वुकुरामा बस्ने आईमाई / स्वास्नी
माघि	माघे सकान्ति
मसौरा	कमैयालाई खानका निमित्त दिईने जिन्सी
विघा	कमैयालाई दिईने पारिश्रमिक
तिकुर	तिन भागको एक भाग
चौकर	चार भागको एक भाग
पचकुर	पाँच भागको दुई भाग
भैसवार	भैंसी चराउने
गैवर	गाई चराउने
वर्दिवा	गोरु चराउने
छेकरवार	खसी बाखा चराउने
कमलरिया	महिला कमैया
राना	राना थारु
कठरिया	कठरिया थारु
बुवार	छर्ने काम
चौमालीज	चार भागको एक भाग, चौकुर
लाहुरे बटैया	पाँच भागको दुई भाग, पचकुर
लाही	तोरी
सौकी	कर्जा
वनकस	वावियो
अघरिया	भलमनसाको सहयोगी
कोठारी	कमैया भइ बसेको हिसाब किताब हेर्ने विश्वासी
ठेक्का/ज्याला	खान वा मस्यौरा दिई विगाहाको सट्टा ठेकिएको विगाहा
ग्वाला	कमैयाको छोरा / केटा
ग्वाल्नी	कमैयाकी छोरी / केटी
बठनिया	तरुनी
छैलागोचा	तरुण
बडर वडरी	जारी रकम असुल गर्ने सम्बन्धी पंचायती कार्य
हुददु हुददुर	थारुहरुको परम्परागत नाच
लगौटा	लगौटी
पोला	जुत्ता
बनेला	साल (ओडने) बर्को
फटुह	सारी

घटवा करैना	सुत्केरीको पानी चलाउने कार्य
गुरुवा	धामी, झांक्री
बडघरिया	गाउँको मान्यजन
भलमानसा	थारु समाजको मुख्य व्यक्ति
गुरिया	साउने सक्रान्तीको चाड
हर्दवा	रोपाईं सकिए पछिको चाड
औली	धान काटे पछिको चाड
पिडीया	दाईं सके पछिको चाड
भहर्वा अथवा लट्टहवा	नाचको नाम
कावा	दाल र चामल मिसाएर पकाएको भात
कलवा	विहानको खाना
मिजनी	दिउसोको खाना
वेरी	सांझको खाना
घरधुरिया	घर परिवारका मुख्य मानिस
किसान	घरधुरिया (कैलालीमा)
घरधुर्न्या	घरकी मुख्य आइमाई
मझपरिया	लमी
देउरहार	पूजा कोठा
निनाहार	विवाह भए पछि पहिलो पल्ट वेहुली माइत जाने काम
झाडा	विवाह खर्च
जखिन	यक्षिणी
नगराहि	भीमसेन
वगार	पशुहरुको रक्षक देवता
महतो	गाउँको मुख्य मानिस घरधुर्याले छानेको व्यक्ति
देशवन्धीया गुरुवा	लालमोहरिया पुरोहित
घर गुरुवा	घरको पूजा आजा र झार फुक गर्ने पुरोहित
भर्रा	आइमाई गुरुवा
ओर्गानी	भान्सा र घर धन्दाको काम गर्ने

कमैया सम्बन्धी केही तथ्यहरु
(Some Bitter Facts)

१. ९६.३% कमैया निरक्षर छन् ।

२. ९३.२% कमैया थारु जातिका छन् ।

३. १५.५% कमैया वीस बर्ष मुनिका छन् ।

४. ७५.८७% कमैयाहरु ४० वर्ष भन्दा मुनिका छन ।

५. हरेक कमैयाको सरदर ६.३४ सदस्य भएको परिवार छ ।

६. ७३% कमैयाको आफ्नो घर छैन ।

७. ९८.२% कमैयाको आफ्नो जग्गा छैन ।

८. ३.३% कमैयाहरु चार पुस्ता देखि, २१.६३% कमैया ३ पुस्ता देखि र २८% कमैयाहरु दुई पुस्ता देखि कमैयामै छन ।

९. कमैयाबाट मुक्त हुन चाहने कमैयाको संख्या ५५.५४% देखिन्छ ।

१०. लगभग ७४% कमैयाले थारु मालिक राम्रो भन्दछन र ७२% कमैयाले थारु मालिकको कमैया प्रति राम्रो ब्यवहार हुन्छ भन्दछन ।

११. काममा गयल हुने कमैयालाई सरदर ५४ रुपैया सम्म जरिवाना हुन्छ। कतिपय कमैयालाई दैनिक रु ३०० भन्दा माथी जरिवाना गरेको पनि पाईएको छ ।

१२. कमैयाको विवाहमा ३८४९.१, जन्म संस्कारमा ४१४.५, मृत्यु संस्कारमा १८५१, चाडवाड र लत्ता कपडा ईत्यादिमा वार्षिक ५३६४.७ रुपैया न्यूनतम खर्च लाग्ने देखिएको छ ।

१३. कमैयाले आफ्नो परिवारलाई वर्षभरि ख्वाउन लाग्ने अन्नमा सरदर ४३३.३ केजी अपुग हुने पाईएको छ ।

१४. सरदर ३६.२% कमैयालाई परिवार नियोजन बारे जानकारी छ तर केवल ८.३% कमैयाले परिवार नियोजनको साधन प्रयोग गर्दछन ।

१५. लगभग १७.९% कमैया दीर्घ रोगी छन ।

१६. लगभग ३०.६७% कमैयाहरु सौंकी (ऋण) ग्रस्त छन ।

१७. लगभग १४% कमैया आफन्त (नातेदार) कहां कमैया बसेका हुन्छन ।

१८. लगभग ३.७% मात्र कमैया साक्षर छन, ९६.३% कमैया निरक्षर छन ।

१९. लगभग १२.६% कमैयाहरुले २५ - ४५ वर्ष सम्म कमैयाको रुपमा समय ब्यतित गर्छन ।